# खिमानन्द पोखेलको जीवनी, व्यक्तित्व र कृतित्त्व

**त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र**

**सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभाग**

**स्नातकोत्तर तह दोस्रो वर्षको दसौ**

**पत्रको योजनाको लागि**

**प्रस्तुत**

## शोधपत्र


**शोधार्थी**

**गंगा कट्टेल**

**नेपाली केन्द्रीय विभाग**

**त्रि. वि. कीर्तिपुर**


**२०७२**


खिमानन्द पोखेलको जीवनी, व्यक्तित्व र कृतित्त्व

गंगा कट्टेल

२०७२

परिच्छेद एक

# खिमानन्द पोखे्रलको जीवनी, व्यक्तित्व र कृतित्त्व

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र

सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभाग

स्नातकोत्तर तह दोस्रो वर्षको दसौं

पत्रको योजनाको लागि

प्रस्तुत

## शोधपत्र


शोधार्थी

गंगा कट्टेल

नेपाली केन्द्रीय विभाग

त्रि. वि. कीर्तिपुर


२०७२

# शोध निर्देशकको सिफारिस

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभाग स्नाकोत्तर तह दोस्रो वर्षकी छात्रा श्री गंगा कट्टेलले दसौ पत्रको प्रयोजनको लागि *खिमानन्द पोखरेलको जीवनी, व्यक्तित्त्व र कृतित्त्व* शीर्षकको शोध यो पत्र मेरा निर्देशनमा तयार पार्नु भएको हो । उहाको शोध कार्यबाट म सन्तुष्ट छु । यसको आवश्यक मूल्याङ्कनको लागि सिफारिस गर्दछु ।

.

मितिः २०७२/११/०३

श्री राधिकादेवी गुरागाई
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा समाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभागकी छात्रा श्री गंगा कट्टेलले स्नातकोत्तर तह दोस्रो वर्ष नेपाली विषयको दसौ पत्रको प्रयोजनको लागि प्रस्तुत *खिमानन्द पोखरेलको जीवनी, व्यक्तित्त्व र कृतित्त्व* शीर्षकको यो शोधपत्र स्नातकोत्तर उपाधिको लागि योग्य रहेकाले स्वीकृत गरिएको छ ।

शोधपत्र मूल्याङ्कन समिति

१. प्रा. डा. देवीप्रसाद गौतम

(विभागीय प्रमुख)

२. राधिका देवी गुरागाईं

(शोध निर्देशक)

३. सह.प्रा.मुरलीधर घिमिरे

(बाह्य परीक्षक)

मितिः २०७२/११/०९

# कृतज्ञता ज्ञापन

*खिमानन्द पोखरेलको जीवनी, व्यक्तित्त्व र कृतित्त्व* शीर्षकको यो शोधपत्र मैले राधिका देवी गुरागाईंको कुशल प्राज्ञिक निर्देशनमा तयार पारेकी हु । यसको तयारीका क्रममा विशिष्ट प्राज्ञिक निर्देशन, सल्लाह, सुझाव दिई यो शोध कार्यलाई फलागमसम्म पु-याइदिने शोध निर्देशकप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । शोध प्रस्तावलाई विभागीय स्वीकृति प्रदान गरी लेखन कार्य अगाडि बढाउन सहयोग गर्ने नेपाली केन्द्रीय विभाग र यसका विभागीय प्रमुखप्रति हार्दिक आभार प्रकट गर्दछु । त्यस्तै प्रस्तुत शोधकार्यका क्रममा सहयोग र सुझाव दिनु हुने विभागका शिक्षकहरूप्रति हार्दिक आभारी छु ।

प्रस्तुत शोधकार्य सम्पन्न गर्नका लागि आवश्यक सहयोग गर्नु हुने शोध नायक खिमानन्द पोखरेललाई म धन्यवाद दिन चाहन्छु । विभिन्न स्थानबाट प्रस्तुत शोधकार्य सम्पन्न गर्न आवश्यक सामग्रीहरू प्राप्त भएकाले ती सबैलाई म धन्यवाद दिन चाहन्छु । म विभागीय पुस्तकालय र त्रि. वि. केन्द्रीय पुस्तकालयलाई विशेष धन्यवाद दिन चाहन्छु ।

मलाई सदैव पढाइ उत्प्रेरित गर्ने र आफू दु:ख कष्ट सहेर सन्तानको उन्नति चाहने मेरा बाबा आमा र अन्य बन्धुबान्धबप्रति म कृतज्ञता व्यक्त गर्दछु । जीवन सहयात्री पदम भण्डारीलाई विशेष धन्यवाद दिन चाहन्छु जसको सहयोगले मात्र यो शोधकार्य सम्पन्न हुन सकेको छ । विशेष सहयोगका लागि सुदीप पोखरेललाई हार्दिक धन्यबाद दिन चाहन्छु । सहयोगी मेरा सबै मित्र र शुभचिन्तकप्रति आभार प्रकट गर्न चाहन्छु ।

श्री गंगा कट्टेल
नेपाली केन्द्रीय विभाग
त्रि. वि. कीर्तिपुर

# विषय सूची

पेज नं.

## परिच्छेद एक


**शोध परिचय** **१-७**

१.१ विषय परिचय १

१.२ समस्या कथन २

१.३ शोधकार्यको उद्देश्य २

१.४ पूर्वकार्यको समीक्षा २

१.५ शोधकार्यको औचित्य ४

१.६ शोधकार्यको सीमाङ्कन ४

१.७ शोधविधि ४

१.७.१ सामग्री सङ्कलन विधि ४

१.७.२ सामग्री विश्लेषण विधि ४

१.८ शोधपत्रको रूपरेखा ५


## परिच्छेद दुई


**खिमानन्द पोखरेलको जीवनी** **८-१९**

२.१ जन्म र जन्मस्थान ८

२.२ पुर्ख्यौली ८

२.३ बाल्यावस्था ९

२.४ शिक्षादीक्षा ९

२.५ विवाह, दाम्पत्य जीवन र सन्तान १०

२.५.१ विवाह र दाम्पत्य जीवन १०

२.५.२ सन्तान १०

२.६ आर्थिक अवस्था र बसोबास ११

२.६.१ आर्थिक अवस्था ११

२.६.२ बसोबास ११

२.७ पारिवारिक वियोग १२

२.८ जागिरे जीवन १२

२.९ सामाजिक एवं राजनीतिक जीवन १३

२.१० साहित्यिक क्षेत्रमा प्रवेश तथा लेखन र प्रकाशन १३

२.१०.१ साहित्यिक क्षेत्रमा प्रवेश र प्रेरणा १३

२.१०.२ लेखन र प्रकाशनको प्रारम्भ १५

२.११ भ्रमण, सम्मान र पुरस्कार १५

२.१२ व्यक्तिगत रुचि र स्वभाव १६

२.१३ जीवनमा घटेका अविश्मरणीय घटना १६

२.१४ साहित्यिक मान्यता र जीवन दर्शन १७

२.१५ निष्कर्ष १८

**परिच्छेद तिन**

**खिमानन्द पोखरेलको व्यक्तित्व** २०-२७

३.१ विषय प्रवेश २०

३.२ शारीरिक व्यक्तित्व र स्वभाव २०

३.३ साहित्यिक व्यक्तित्व २१

३.३.१ कवि व्यक्तित्व २२

३.४ साहित्येत्तर व्यक्तित्व २३

३.४.१ प्रशासनिक व्यक्तित्व २३

३.४.२ शिक्षक व्यक्तित्व २४

३.४.३ बहुभाषी व्यक्तित्व २४

३.४.४ सामाजिक व्यक्तित्व २४

३.४.५ सम्पादक व्यक्तित्व २४

३.५ जीवनी, व्यक्तित्व र लेखनका बिच अन्तर सम्बन्ध २५

३.६ निष्कर्ष २६

## परिच्छेद चार


खिमानन्द पोखरेलका कृतिहरूको विश्लेषण २८-८५

४.१ विषय परिचय २८

४.२ प्रकाशित रचनाहरूको विवरण २८

४.३ 'मनका सुस्केरा' कविता सङ्ग्रहको विश्लेषण ३०

४.३.१ कविता विश्लेषणको सैद्धान्तिक पर्याधार ३०

४.३.१.१ शीर्षक ३०

४.३.१.२ लय विधान ३०

४.३.१.३ केन्द्रीय कथ्य र भाव विचार ३१

४.३.१.४ संरचना र आयाम ३१

४.३.१.५ कथनपद्धति ३२

४.३.१.६ भाषाशैली ३२

४.३.१.७ विम्बालङ्कार ३३

४.३.२ 'मनका सुस्केरा' कविता सङ्ग्रहमा रहेका कविताहरूको विश्लेषण ३३

४.३.२.१ 'देश र म' कविताको विश्लेषण ३३

४.३.२.२ 'मन' कविताको विश्लेषण ३६

४.३.२.३ 'पीडा' कविताको विश्लेषण ३७

४.३.२.४ जिन्दगी कविताको विश्लेषण ३९

४.३.२.५ 'मुस्कान' कविताको विश्लेषण ४१

४.३.२.६ फूलहरू कविताको विश्लेषण ४३

४.३.२.७ बगैंचा माली र पीडाबोध कविताको विश्लेषण ४५

४.३.२.८ 'सपना' र 'भाँड' कविताको विश्लेषण ४७

४.३.२.९ 'तिमी हाँस' र 'आँसु' कविताको विश्लेषण ४९

४.३.२.१० सूर्य आदर्श र मूर्तिहरू कविताहरूको विश्लेषण ५२

४.३.२.११ हावा, मुकुन्डो, बुद्धशान्ति र यतीहरू कविताको विश्लेषण ५५

४.३.२.११ रात,तस्बिर,आँस ुबल्छ र मनहरू कविताको विश्लेषण ५९

४.३.२.१२ भोलिका सपनाहरू, आँखाहरू, पीडा आँसु तथा गमला कविताको विश्लेषण ६२

४.३.२.१३ अनुमति, कुँदिएको मनभित्र, मेरोमन, कुराहरू र सहर कविताको विश्लेषण ६४

४.३.२.१४ हराएका साडीहरू, युद्ध रोक्नुपर्छ, नयाँ वर्ष, कल्पनाको महल र अँध्यारो रात कविताको विश्लेषण ६७

४.३.२.१५ म हराएछु, पहाड, हराएको छोरा, ओठहरू र लाटकोसेरो कविताहरूको विश्लेषण ७१

४.३.२.१६ स्वतन्त्र जीवन, समय, टाढाबाट हेर्दा, माटो, सेता परेवा र भावनाको मन कविताहरूको विश्लेषण ७४

४.३.२.१७ आकाश, इतिहास बोल्छ, कुण्ठित जीवन, रोयो ओखल्ढुङ्गा सम्झौता कविताहरूको विश्लेषण ७८

४.३.२.१८ घण्टाघर अपमान, रहरहरू, एक्लो जीवन र साटिएका घाउहरू कविताको विश्लेषण ८१

४.४ निष्कर्ष ८४

**परिच्छेद पाँच**

**सारांश र निष्कर्ष ८६-८९**

५.१ विषय प्रवेश ८६

५.२ सारांश ८६

५.३ निष्कर्ष ८८

**सन्दर्भ सामग्री सूची**

# शोध परिचय

## १.१ विषय परिचय

खिमानन्द पोखरेलको जन्म वि. सं. २०१८ माघ ११ गते गुल्मी जिल्लाको पराल्मी भन्ने ठाउामा भएको हो । पिता स्व. टोपेन्द्र पोखरेल र माता स्व. प्रेमकुमारी पोखरेलका पााच सन्तानमध्ये जेठो सन्तानको रूपमा खिमानन्द पोखरेलको जन्म भएको थियो । उनले देवकोटा र पौड्यालको काव्यकृति पढेर साहित्यिक प्रेरणा प्राप्त गरेको बताएका छन् । वि.सं. २०४१ गोरखापत्रमा प्रकाशित ुअपमानु कविता नै उनको पहिलो प्रकाशित रचनाको रूपमा देखिन्छ । त्यसपछि हालसम्म उनका थुप्रै फुटकर रचनाहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भएका छन् । साथै उनले *हिमाली गुराास* पत्रिकाको वि.सं. २०५४ सालदेखि निरन्तर रूपमा सम्पादनको कार्य गर्दै आएका छन् । उनको एक मात्र कविता सङ्ग्रह *मनका सुस्केरा* ( २०६९) पुस्तककार  कृतिका रूपमा प्रकाशित रहेको छ ।

## १.२ समस्या कथन

खिमानन्द पोखरेलले नेपाली कविताका गद्य तथ पद्य दुवै विधामा कलम चलाउनका साथै ुहिमाली गुराासू पत्रिकामा वि. सं. २०५४ देखि सम्पादकको भूमिका निर्वाह गर्दै आएका छन् । उनका हालसम्म विभिन्न विधामा एक दर्जनभन्दा बढी फुटकर काव्यकृतिहरू प्रकाशित भएका छन् साथै विभन्न पत्रपत्रिकाहरूमा समालोचना, लेख, समीक्षा, संस्मरणहरू प्रकाशित छन् । उनको जीवनी र **व्यक्तित्त्वका** बारेमा हालसम्म गहन अध्ययन भएको छैन । त्यसैगरी उनका साहित्यक रचनाका बारेमा छिटफुट अध्ययन भए पनि विस्तृत रूपमा भने अध्ययन हुन सकेको पाइादैन । यसर्थ यस शोध कार्यमा पोखरेलको जीवनी, व्यक्तित्त्व र कृतित्त्वको अध्ययन गर्नु मुख्य समस्याका रूपमा रहेको छ । यसै मुख्य समस्यामा केन्द्रित भएर प्रस्तुत शोधकार्यका समस्याहरूलाई निम्न अनुसार प्रस्तुत गरिएको छ :

(क) खिमानन्द पोखरेलको जीवनी के कस्तो छ ?

(ख) पोखरेलका व्यक्तित्त्वका पक्षहरू के कस्ता छन् ?

(ग) पोखरेलका कृतित्त्व अन्तगर्त कविताको विश्लेषण के कसरी गर्न सकिन्छ ?

## १.३ शोध कार्यको उद्देश्य

प्रस्तुत शोध कार्य समस्या कथनमा उठेका समस्याहरूलाई समाधानका लागि खिमानन्द पोखरेलको बारेमा विस्तृत अध्ययन गरी प्रकाशमा ल्याउनका निम्ति निम्न लिखित उद्देश्यहरूमा केन्द्रित रहेको छ :

(क) खिमानन्द पोखरेलको जीवनी प्रस्तुत गर्नु,

(ख) खिमानन्द पोखरेलको व्यक्तितत्त्वका पक्षहरूको चर्चा गर्नु,

(ग) खिमानन्द पोखरेलको कविताको विश्लेषण गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

साहित्यकार खिमानन्द पोखरेलका बारेमा विद्वान्हरूले विभिन्न पत्रपत्रिकहरूमा अध्ययन, समीक्षा र टिप्पणी गरे तापनि उनको जीवनी, व्यक्तिव र कृतित्त्वका बारेमा हालसम्म विस्तृत अध्ययन हुन हुन सकेको छैन । उनका बारेमा विभिन्न विद्वान्हरूले गरेका चर्चा परिचर्चालाई पूर्वकार्यको समीक्षाको रूपमा यहाा संक्षिप्त प्रस्तुत गरिएको छ । उनीद्वारा सम्पादित ‸हिमाली गुराासू पत्रिकाका बारेमा केही विद्वान्हरूका टीका टिप्पणीहरूलाई समेत पूर्वकार्यको समीक्षाको रूपमा छोटकरीमा प्रस्तुत गरिएको छ :

खगेन्द्रप्रसाद लुइटेलले ‸मनको सुस्केरा कविता सङ्ग्रह (२०६९) भूमिका पीडैपीडाको कवितात्मक अभिव्यञ्जना मा खिमानन्द पोखरेलका बारेमा अत्यन्तै सरल भाषाका प्रयोक्ता, असहज विम्ब र प्रतीकको प्रयोग नगर्ने, सरल र स्पष्टवादी कविका रूपमा पोखरेललाई चित्रण गरेका छन् । उनले भाषिक विन्यासका कारण कविता बुझ्न मस्तिष्कमा मथिङ्गल खियाउनु नपर्ने तथा गद्यात्मक र लयात्मक गुणले ओतप्रोत भएका कविताहरू लेख्ने कविका रूपमा पोखरेललाई चिनाएका छन् ।

मोदनाथ प्रश्रितले सोही ‸*मनको सुस्केरा* (२०६९) कविता सङ्ग्रहमा ‸*आधा बाटो यात्रा त बााकी नै छ नि* शीर्षक राखेर आˆना विचारहरू व्यक्त गरेका छन् । उनले खिमानन्द पोखरेलका आरम्भिक कवित्व चेष्टालाई कोट्याउादै पोखरेलका कवितालाई जाागरिला कविताका रूपमा र पोखरेललाई आधुनिक समयका गहन कविका रूपमा चित्रण गरेका छन् ।

**‸हिमाली गुराासू पत्रिका सम्बन्धी पूर्वकार्यको समीक्षा**

खिमानन्द पोखरेल (२०५६) ले ुहिमाली गुराासू मासिक पत्रिका हिमाल जस्तै अटल स्वच्छ, निर्मल र हराभरा भएको र यस पत्रिकाले कहिले पनि आ˜नो स्तर खस्काएर बाच्न चाहादैन, यसले साहित्य प्रेमीहरूका लागि केही हदसम्म आ˜नो भावनालाई एकछिन भए पनि ध्यान केन्द्रित बनाउन सक्छ भनेका छन् ।

रुद्रप्रसाद श्रेष्ठ (२०५६) ले हिमाली भन्ने शब्द राखी पत्रिका निकाल्नु नै आ˜नो देशलाई माया गरेजस्तो लाग्यो त्यही भएर पनि सबैलाई यो पत्रिका अत्यन्त मन पर्छ भनेका छन् ।

इन्द्रप्रसाद पोखरेल (२०५६) खोजमूलक विषयवस्तुले भरिएको आस्था र कोसेलीको तारिफ गर्दै सफलताको कामना गर्दछु भन्दै ुहिमाली गुराासू पत्रिकाको प्रशंसा गरेका छन् ।

टीकाराम पन्थी (२०६५) ले ुहिमाली गुराासू पत्रिका पढेपछि आ˜नो मनमा लागेको कुराहरू व्यक्त गरेका छन् ुहिमाली गुराासू ले स्रष्टाहरूलाई सम्मान गरी स्रष्टाबाट सिर्जिएका सामग्रीहरू छापिएको छ ।

जीवन कर्मयोगी (२०६६) ले ुहिमाली गुराासू पत्रिकालाई स्तरीय बनाउदै लैजानु भएको देख्न पाएा खुसी लाग्या, अबका दिनमा पनि पाठकको इच्छा बमोजिम काम गर्नुहोस् । यसभित्र अरु स्तरीय लेखक, कवि, कथाकार, गजलकारका सामग्रीहरूलाई समावेश गर्नपट्टि ध्यान अवश्य जानेछ भन्दै सल्लाह सुझाव सहित आ˜ना जिज्ञासाहरू व्यक्त गरेका छन् ।

शीतल अधिकारी (२०६६/६७) ले ुहिमाली गुराासू पत्रिका पढेपछि आ˜नो मनमा लागेका कुराहरू प्रतिकृया स्वरूप व्यक्त गरेकी छन् । ुहिमाली गुराासू ले स्रष्टाहरूलाई सम्मान गरी स्रष्टाबाट सिर्जिएका सामग्रीहरू छापिदिएको छ ।

चेतना भण्डारी (२०६९) ले त्रिभुवन विश्वविद्यालयले नेपाली केन्द्रीय विभागमा प्रस्तुत गरेको ुनेपाली साहित्यमा हिमाली गुराास पत्रिकाको योगदानू शीर्षकको शोधकार्यमा खिमानन्द पोखरेलद्वारा सम्पादित ुहिमाली गुराासू पत्रिकाको योगदानका पृष्ठभूमिमा पोखरेलको जीवनी, व्यक्तित्त्व र कृतित्त्वको आंशिक चर्चा गरेकी छन् । मूल रुपमा यो शोध ुहिमाली गुराासू पत्रिकाको योगदानको चर्चा गर्न केन्द्रित छ भने अंशतः पोखरेलको जीवनी र व्यक्तित्त्वको चर्चा गरिएको छ ।

यसरी माथि उल्लेख गरिएका पूर्वकार्यहरूलाई हेर्दा खिमानन्द पोखरेलको जीवनी, व्यक्तित्त्व र कृतित्त्वका बारेमा छिटफुट चर्चा पाइए तापनि विस्तृत अनुसन्धान भने भएको पाइदैन। प्रस्तुत अध्इयनले यसको कमीलाई परिपूर्ति गर्ने अपैक्षा गरिएको छ।

## १.५ शोधकार्यको औचित्य

साहित्यकार खिमानन्द पोखरेलका बारेमा खासै चर्चा भएको पाइदैन । उनको कहीकतै विस्तृत अध्ययन भएको पाइदैन । यसकारण साहित्यकार खिमानन्द पोखरेलको जीवनी, व्यक्तित्त्व र कृतित्त्वका सम्पूर्ण पाटाहरूको विस्तृत र व्यापक अनुसन्धान गरिने भएकाले शोधकार्य स्वतः औचित्यपूर्ण हुनेछ । यसका साथै खिमानन्द पोखरेलका बारेमा थप अध्ययन गर्न चाहने जिज्ञासु पाठकहरूका लागि मार्ग निर्देशन गर्न पनि प्रस्तुत शोधकार्य सहयोगी बन्न सक्नेछ।

## १.६ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोध *खिमानन्द पोखरेलको जीवनी, व्यक्तित्त्व र कृतित्त्व*को अध्ययनमा केन्द्रित रहेको छ। यसमा उनका आरोह अवरोह एवं व्यक्तित्त्वका विभिन्न आयामलाई स्पष्ट पार्दै उनीद्वारा नेपाली भाषामा लेखिएका वि.सं. २०७१ सम्म प्रकाशित कृतिहरूको मात्र विश्लेषण गरिएको छ। यो नै प्रस्तुत अध्ययनको सीमा हो।

## १.७ शोधविधि

प्रस्तुत शोध शीर्षक र शोध समस्यासाग सम्बन्धित भएर सामग्रीको सङ्कलन र विश्लेषण गरी निष्कर्षमा पुग्नका लागि निम्नलिखित शोध विधिको अवलम्बन गरिएको छ :

### १.७.१ सामग्री सङ्कलन विधि

खिमानन्द पोखरेलको जीवनी, व्यक्तित्त्व र कृतित्त्वसाग सम्बन्धित शोध समस्याको समाधानका लागि मूलतः पुस्तकालयीय विधिको उपयोग गरिएको छ। यस अन्तर्गत प्राथमिक र द्वितीयक स्रोतद्वारा सामग्रीको सङ्कलन गरिएको छ । प्राथमिक स्रोतअन्तर्गत खिमानन्द पोखरेलसाग लिइएको अन्तर्वाता तथा उनका प्रकाशित रचनाहरू रहेका छन् । त्यस्तै द्वितीयक स्रोत अन्तर्गत पोखरेलको जीवनी, व्यक्तित्त्व र कृतित्त्वसाग सम्बन्धित भएर गरिएका अध्ययन र पूर्वकार्यहरूलाई लिइएको छ।

### १.७.२ सामग्री विश्लेषण विधि

प्रस्तुत शोध शीर्षक अन्तर्गत सङ्कलन गरिएका सामग्रीलाई वर्णनात्मक र विश्लेषणात्मक विधिद्वारा विश्लेषण गरिएको छ । शोध प्रश्न (क) सागै सम्बन्धित पोखरेलका जीवनीलाई उनको जन्म, शिक्षादीक्षा आदि सैद्धान्तिक कोणबाट विश्लेषण गरिएको छ । त्यस्तै शोध प्रश्न (ख) अन्तर्गतको व्यक्तित्त्वलाई पोखरेलको व्यक्तित्त्वको बहुआयामिक कोणबाट विश्लेषण गरिएको छ । त्यस्तै शोध प्रश्न (ग) को कृतित्त्वलाई उनको प्रकाशित रचना *मनका सुस्केरा* कविता सङ्ग्रहलाई कविताका तत्त्वका आधारमा विश्लेषण गरिएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई सङ्गठित तथा व्यवस्थित रूपमा प्रस्तुत गर्नका लागि ५ परिच्छेदमा विभाजन गरिएको छ । यस क्रममा आवश्यकता अनुसार मूल शीर्षकलाई विभिन्न उपशीर्षकमा राखेर शोधपत्र तयार गरिएको छ । प्रस्तुत शोधपत्रका परिच्छेद विभाजन शीर्षकहरू निम्न अनुसार रहेका छन् :

परिच्छेद एक शोध परिचय : यस अन्तर्गत निम्न लिखित शीर्षकहरू समावेश गरिएका छ ।

- विषय परिचय
- समस्या कथन
- शोधकार्यको उद्देश्य
- पूर्वकार्यको समीक्षा
- शोधकार्यको औचित्य
- शोधकार्यको सीमाङ्कन
- शोध विधी
- शोधपत्रका रूपरेखा

**परिच्छेद दुई खिमानन्द पोखरेलको जीवनी : यस परिच्छेद अन्तर्गत निम्न लिखित शीर्षकहरू समावेश गरिएको छन्:**

- जन्म र जन्मस्थान
- पुख्यौंली

- बाल्यावस्था
- शिक्षादीक्षा
- विवाह, दाम्पत्य जीवन र सन्तान
- आर्थिक अवस्था र बसोबास
- पारिवारिक वियोग
- जागिरे जीवन
- सामाजिक एवं राजनीतिक जीवन
- साहित्यक क्षेत्रमा प्रवेश तथा लेखन र प्रकाशन
- भ्रमण, सम्मान र पुरस्कार
- व्यक्तिगत रुचि र स्वभाव
- जीवनमा घटेका अविस्मरणीय घटना
- साहित्यिक मान्यता र जीवन दर्शन
- निष्कर्ष

**परिच्छेद तिन खिमानन्द पोखरेलको व्यक्तित्त्व : यस अन्तर्गत निम्न शीर्षकहरू समावेश गरिएको छ ।**

- विषय प्रवेश
- शारीरिक व्यक्तित्त्व तथा स्वाभाव
- साहित्येत्तर व्यक्तित्त्व
- जीवनी, व्यक्तित्त्व र लेखनका बिच अन्त : सम्बन्ध
- निष्कर्ष

**परिच्छेद चार : खिमानन्द पोखरेलका कृतिहरूको विश्लेषण : यस अन्तर्गत निम्न लिखित शीर्षकहरू समावेश गरिएको छः**

- विषय परिचय
- प्रकाशित रचनाको विवरण
- ुमनका सुस्केरा कविता सङ्ग्रहको विश्लेषण
- हिमाली गुरास पत्रिकाको परिचयात्मक अध्ययन
- निष्कर्ष

**परिच्छेद पाच सारांश तथा निष्कर्ष**

यस अन्तर्गत शोधको सारांश र निष्कर्ष प्रस्तुत गरिएको छ ।

# परिच्छेद दुई

# खिमानन्द पोखरेलको जीवनी

## २.१ जन्म र जन्मस्थान

खिमानन्द पोखरेलको जन्म वि. सं. २०१८ माघ ११ गते भएको हो । उनी गुल्मी जिल्लाको परालमी गाउमा पिता स्व. टोपेन्द्र पोखरेल र माता स्व. प्रेमकुमारी पोखरेलका पाच सन्तानमध्ये जेठो सन्तानका रूपमा जन्मिएका हुन् । (शोध नायकबाट प्राप्त जानकारी अनुसार)

नामकरणका सम्बन्धमा पोखरेलले आ´नो न्वारानको नाम पनि खिमानन्द पोखरेल नै भएको बताएका छन् । उनले साहित्यमा कलम चलाउन थालेपछि पनि आ´नो नाम खिमानन्द पोखरेल नै राखेका थिए । त्यसबेला साहित्यमा संलग्न व्यक्तिहरूले आ´नो वास्तविक नामको सट्टा उपनाम राख्ने चलन थियो । उनी पनि साहित्यमा रुचि राख्ने व्यक्ति भए पनि उनले आ´नो वास्ताविक नामको सट्टा उपनाम नराखी साहित्यिक क्षेत्रमा कलम चलाए । हालसम्म पनि उनि नेपाली साहित्यमा खिमानन्द पोखरेलको नामले नै परिचित छन् ।

## २.२ पुर्ख्यौली

खिमानन्द पोखरेलका पुर्खा ब्राम्हण जातिका हुन् । पुर्ख्यौली थलो तथा पुर्खाको बारेमा लामो इतिहास नपाइए पनि उनका पुर्खा पोखराबाट बसाइ सरी गुल्मी जिल्लाको परालमी गाउमा बसोबास गर्न थालेका थिए । गुणनिधी पोखरेलका दश सन्तानमध्ये सातौ सन्तान स्व. टोपिन्द्र पोखरेल र स्व. प्रेकुमारी पोखरेलका पाच सन्तान मध्ये जेठो सन्तानको रूपमा खिमानन्द पोखरेलको जन्म भएको हो ।

खिमानन्द पोखरेलले थरका बारेमा कुनै छुट्टै इतिहास नभई पोखरामा बसोबास गर्दा देखि नै आ´नो पुर्खाको थर पोखरेल रहेको र पछि गुल्मी जिल्लाको परालमी गाउमा बसाइ सरी आएपछि पनि पोखरेल नै भनी बताएका छन् । पोखरेल समुदायमा कूलपुजा गर्दा दूधको कुण्ड बनाई पूजा गरिने भएकोले उनको पुर्खालाई दूध पोखरेल भनिएको भन्ने

किंवदन्ती प्रचलित रहेको छ । हाल पराल्मी विभिन्न पेसा व्यबसायमा संलग्न ४४/ ४५ परिवार पोखरेलहरू रहेका छन् । (शोध नायकबाट प्राप्त जानकारी अनुसार)

## २.३ बाल्यावस्था

गुल्मी जिल्लाको पराल्मी गाउामा जन्मिएका खिमानन्द पोखरेलको बाल्यावस्था पराल्मीमै बितेको थियो । सामान्य खान, लाउन दुःख नभएको मध्यम वर्गीय परिवारमा जन्मिएका उनले गाास, बास, र कपासको समस्याबाट पीडित हुनु नपरेको साथै माता पिताको माया र न्यानो काखको अनुभव गर्न समेत पाएका थिए । पोखरेलले हजुरबुबा गुणनिधी पोखरेलको हेरचाहका साथै आमा बुबाबाट पर्याप्त माया र प्रेरणा पाएका थिए । शिक्षालाई भन्दा जग्गा, जमिन र खेतीपातीलाई बढी महत्त्व दिने मध्यम वर्गीय परिवारमा हुर्किएका पोखरेलले भने शिक्षा र साहित्यलाई नै महत्त्व दिए । पोखरेलले आˆना साथीहरूका साथ विभिन्न खेलहरू खेल्दै तिनीहरूको अनुभव बटुल्दै आˆनो बाल्यकाल बिताएका थिए । बुबा आमाबाट पर्याप्त माया, प्रेरणा र हौसला पाएका पोखरेलको बाल्यकाल समग्रमा सुखपूर्ण नै बितेको थियो । (शोध नायकबाट प्राप्त जानकारी अनुसार)

## २.४ शिक्षादीक्षा

पााच बर्षको उमेरमा आˆना बुबाबाट अक्षराम्भ गरेका खिमानन्द पोखरेलले कक्षा दुईसम्मको प्राथमिक शिक्षा गुल्मी जिल्लाको पराल्मी गाउाको त्रिभुवन प्रा वि. बाट उत्तीर्ण गरेका थिए । उनले कक्षा तिनदेखि कक्षा दशसम्मको पढाइ गुल्मी जिल्लाको सदरमुकाम तम्घाासमा रहेको महेन्द्र मा. वि. बाट अध्ययन गरेका र सोही क्रममा कक्षा दशमा अनुतीर्ण भएपछि पुनः दश कक्षामा पढ्नका लागि वि.सं. २०३४ मा वि.पि. हायर सेकेन्डरी विश्वविद्यालयमा गई त्यहीबाट एस.एल.सी. परीक्षा द्वितीय श्रेणीमा उत्तीर्ण गरे ।

खिमानन्द पोखरेलले वि.सं. २०३६ मा बनारसको हरिश्चन्द्र क्याम्पसमा प्रवीणता प्रमाणपत्र तहमा भर्ना भई इतिहास विषय लिएर द्वितीय श्रेणीमा उत्तीर्ण गरेका थिए । वि.सं. २०३६ मा उनी बनारसबाट पुनः नेपालमा नै आई रत्नराज्यलक्ष्मी क्याम्पसमा भर्ना भई समाजशास्त्र विषय लिई स्नातक तह अध्ययन गर्न थालेका तर सो अध्ययन पूरा नगरी बिचैमा छाडेको बताएका छन् । (शोध नायकबाट प्राप्त जानकारी अनुसार)

अध्ययनको क्रममा विभिन्न उतारचढावलाई सामना गर्दै लक्ष्यमा अगाडि बढेका पोखरेलले आ ँनो तीक्ष्ण बुद्धि र मेहनतको परिणामस्वरूप आफन्तको सहयोग र गुरुहरूको प्रेरणा बटुल्न सफल भए । इतिहास र समाजशास्त्र विषयमा अध्ययन गरेका उनी नेपाली साहित्यका साहित्यकार पनि हुन् (शोध नायकबाट प्राप्त जानकारी) ।

## २.५ **विवाह, दाम्पत्य जीवन र सन्तान**

### २.५.१ **विवाह र दाम्पत्य जीवन**

खिमानन्द पोखरेलको विवाह वि. सं.२०३३ मा पन्ध्र वर्षको उमेरमा भएको थियो । गुल्मी जिल्लाकै बलिथुम गा.वि.स. को टारी गाउा निवासी अनन्त गौतमकी छोरी सीता गौतमसाग हिन्दू संस्कृति अनुसार उनको विवाह भएको थियो । (शोध नायकबाट प्राप्त जानकारी अनुसार) पोखरेलको दाम्पत्य जीवन उनै विवाहित धर्मपत्नी सीतासाग अहिलेसम्म सुमधुर रहेको छ । (शोधनायकबाट प्राप्त जानकारी अुसार)

### **२.५.२ सन्तान**

खिमानन्द पोखरेलका तीन जना छोराछोरी छन् । तिनीहरूमा दुई जना छोरा र एकजना छोरी रहेका छन् । पहिलो सन्तान छोरा प्रदीप पोखरेल हुन् भने त्यसपछि क्रमशः सुदीप र कल्पना पोखरेलको जन्म भएको हो । (शोध नायकबाट प्राप्त जानकारी)

खिमानन्द पोखरेलका जेठा छोरा प्रदीप पोखरेलको जन्म वि.सं. २०३७ मा भएको हो । एम्.वि. एस. सम्मको अध्ययन गरेका उनको विवाह भइसकेको छ । व्यवस्थापन विषयमा स्नातकोत्तर गरेका उनी हाल काठमाडौंमा मार्केटिङ अफिसरको रूपमा कार्यरत छन् । उनकी पत्नी लक्ष्मी पनि काठमाडौंमा नै मार्केटिङ अफिसरकै रूपमा कार्यरत छिन् । (शोध नायकबाट प्राप्त जानकारी)

खिमानन्द पोखरेलका कान्छा छोरा सुदीप पोखरेलको जन्म वि.सं. २०३८ मा भएको हो । उनको विवाह भने भएको छैन र हाल उनी अष्ट्रेलियामा होटेल मेनेजमेन्ट पढिरहेका छन् । (शोध नायकबाट प्राप्त जानकारी)

खिमानन्द पोखरेलकी एक मात्र छोरी कल्पना पोखरेलको जन्म वि:सं. २०४१ मा भएको हो । उनको विवाह भइसकेको छ । मेडिकल साइन्स पढ्दै गरेकी उनी हाल

अमेरिकामा अध्ययनरत छिन् । उनका पति प्रितम न्यौपाने डाक्टरी पेसामा संलग्न छन् । (शोध नायकबाट प्राप्त जानकारी)

समग्रमा खिमानन्द पोखरेलको वैवाहिक जीवन सुखमय देखिन्छ । सन्तानहरू हुर्किसकेका र आ–आ˜ना खुट्टामा उभिन सक्षम भएसकेकाले पारिवारिक जीवन सुखी र सन्तोषप्रद देखिन्छ ।

## २.६ आर्थिक अवस्था र बसोबास

### २.६.१ आर्थिक अवस्था

खिमानन्द पोखरेलको आर्थिक अवस्था त्यति कमजोर देखिादैन । आर्थिक रूपमा सम्पन्न र प्रशस्त जग्गा जमिन भएको परिवारमा जन्मिएकाले बाल्यकालमा आर्थिक अभावको समस्या झेल्नु परेन । आ˜नो अध्ययन अगाडि बढाउने क्रममा पनि उनले आर्थिक समस्याको सामना गर्नु परेको थिएन । अध्ययन गर्ने क्रममा उनले आफन्तको सहयोग र परिवारबाट प्रशस्त प्रेरणा र हौसला पाएका थिए । वि.सं. २०४१ सालदेखि जागिरे जीवनको आरम्भसागै उनको आर्थिक अवस्था अझ बढी सहज रूपमा अगाडि बढ्न सफल भयो । (शोध नायकबाट प्राप्त जानकारी अनुसार) समग्रमा उनको आर्थिक अवस्था सबल नै मान्न सकिन्छ ।

### २.६.२ बसोबास

गुल्मी जिल्लाको पराल्मी गाउामा जन्मिएका खिमानन्द पोखरेलले बसोबासको क्रममा विभिन्न स्थानमा रहनु परेको थियो । वि.सं. २०१८ देखि २०२० सम्म परिवारका साथ पराल्मीमा बसेका पोखरेल वि. सं. २०२१ देखि २०३२ सम्म पढाइका ऋममा गुल्मी जिल्लाको तम्घाासमा बसेका थिए । त्यसपछि वि. सं. २०३३ देखि २०३७ सम्म पुनः पढाइका क्रममा उनी बनारस गएर बसेका थिए । आ˜नो पढाइलाई निरन्तरता दिने क्रममा वनारस छोडी २०३७ मा नेपालमा नै आई काठमाडौाको बागबजारमा डेरा गरी त्यहाा एक वर्ष बसेका थिए । त्यसपछि पुनः डेरा सरी परिवारका साथ वि.सं. २०३८ देखि २०४३ सम्म पुतलीसडकमा डेरामा बसेका थिए । वि.सं. २०४३ मा नै आ˜नो कमाइले कलङ्की स्थित लाम्पाटी भन्ने ठाउामा घर बनाउन सफल भए । वि.सं. २०४३ देखि २०७१ सम्म अर्थात हालसम्म उनी त्यही

घरमा बसिरहेका छन् । (शोध नायकबाट प्राप्त जानकारी अनुसार) खिमानन्द पोखरेल हाल सोही घरमा परिवारका साथ बस्दै आएका छन् ।

## २.७ पारिवारिक वियोग

खिमानन्द पोखरेलले आ^नो पितृत्वको अनुराग र मातृत्वको वात्सल्य दुवै गुमाई सकेका छन् । वि.सं. २०६१ मा आफू त्रिचालिस वर्षको हुादा पिताको वियोग भोगेका उनले वि.सं. २०४३ मा आमाको ममताबाट पनि विमुख हुनुपर्‍यो ।

## २.८ जागिरे जीवन

खिमानन्द पोखरेलको जागिरे जीवन वि.सं. २०३३ देखि प्रारम्भ भई वि.सं. २०५४ सम्म रह्यो । वि.सं. २०३३ मा उनले गाउामै रहेको प्रा.वि. मा कम तलबमा भए पनि शिक्षकका रूपमा काम गरेका थिए । त्यसपछि उनले शिक्षण पेसालाई छोडी पढाइलाई निरन्तरता दिने क्रममा गाउा छाडी बनारस गएका र केही वर्ष पढेपछि पुनः नेपालमा नै आई काठमाडौंमा बसोबास गर्न थालेका थिए । सोही क्रममा काठमाडौंमा बस्दा उनले वि.सं. २०४१ मा स्थानीय विकास मन्त्रालय अन्तर्गत फोहोरमैला व्यवस्थापन कार्यालयमा खरिदारको रूपमा वि. सं. २०५४ सम्म जागिर खाएका थिए । त्यस्तै जागिरको सिलसिलामा उनले प्याक्ट भन्ने प्रोजेक्टमा वि.स. २०५४ मा ५ महिना काम गरेका थिए र उक्त प्रोजेक्टमा काम गर्दा उनले गाउा गाउामा गएर बेलुका ७ बजेदेखि ९ बजेसम्म साक्षरता अभियानको कक्षाको निरीक्षण गर्ने गरेको बताएका छन् ।

यसरी विभिन्न पेसा र सेवामा संलग्न रहेका पोखरेल हाल घरैमा स्वअध्ययन र लेखन कार्यमा संलग्न छन् । आ^नो एक वर्षे शिक्षण पेसा र १४ वर्षे खरिदार पदले उनको जीवनमा आर्थिक सङ्कट परेन र उनको मुख्य विशेषता कर्तव्यप्रतिको इमान्दारी नै हो । खिमानन्द पोखरेल आफू पनि जागिर खान सक्ने र अरुलाई पनि आएको अवसरबाट वञ्चित नगर्ने एक कर्तव्यपरायण व्यक्तिका रूपमा परिचित छन् ।

खिमानन्द पोखरेलले वि.सं. २०३३ मा शिक्षक पेसाबाट आ^नो जागिरे जीवनको सुरुवात गरे र वि.सं. २०४१ मा काठमाडौंमा फोहोरमैला व्यवस्थापन कार्यलयमा खरिदारको रूपमा आफूलाई १४ वर्षसम्म स्थापित गराउन सफल भए । शोध नायकबाट प्राप्त

जानकारी अनुसार) हाल उनी ुहिमाली गुरासू पत्रिकाको सम्पादनमा निरन्तर लागिरहेका छन् । समग्रमा उनको जागिरे जीवन सफल रह्यो भन्न सकिन्छ ।

## २.९ सामाजिक एवं राजनीतिक जीवन

खिमानन्द पोखरेलको सामाजिक एवं राजनीतिक जीवन दुवै महत्त्वपूर्ण छन् । उनले समाज विकासको लागि मठमन्दिर पाटीपौवा, बाटोघाटो, बनाउन आर्थिक एवं नैतिक सहयोग दिनुको साथै सल्लाह, सुझाव दिने गर्छन् । छरछिमेकमा छिटो घुलमिल हुन सक्ने स्वभाव भएका उनलाई समाजमा सबैले मन पराउाछन् । उनी पोखरेल समाजका अध्यक्षका रूपमा रही सामाजिक कार्यमा संलग्न रहेको बताएका छन् । पोखरेलको कार्यक्षेत्र शिक्षण पेसा, खरिदार पद र साहित्य भए पनि राजनीति क्षेत्रमा पनि उनको उपस्थिति उत्तिकै मात्रामा देखिन्छ । राजनीतिक क्षेत्रमा उनी प्रजातान्त्रिक विचारधारा भएका व्यक्ति हुन् । राजनीतिबाट पनि समाजमा परिवर्तन गर्न सकिन्छ भन्ने धारणा भएका एक कर्मठ व्यक्तिका रूपमा पोखरेललाई चिन्न सकिन्छ ।

यसरी सामाजिक सेवा र राजनीतिक विचारधारा दुवैबाट प्रेरित हुनुपर्छ भन्ने पोखरेलको धारणा रहेको छ । साहित्यका माध्यमबाट समाज परिवर्तनको सन्देश दिन सकिन्छ भन्ने खिमानन्द पोखरेल विभिन्न साहित्यिक संस्थासाग पनि आबद्ध छन् । (शोध नायकबाट प्राप्त जानकारी अनुसार) समग्रमा : पोखरेलको मुख्य क्षेत्र राजनीतिक र सामाजिक सेवा भएकोले दुवै उत्तिकै महत्त्वपूर्ण छन् ।

## २.१० साहित्यिक क्षेत्रमा प्रवेश तथा लेखन र प्रकाशन

### २.१०.१ साहित्यिक क्षेत्रमा प्रवेश र प्रेरणा

खिमानन्द पोखरेलको परिवार शिक्षा क्षेत्रमा अगाडि बढ्नुको साथै धार्मिक कार्यमा समेत उत्तिकै संलग्न थियो घरमा बेला–बेलामा धार्मिक कार्यहरू भइरहन्थ्यो । आमा बुबाले पढेका रामायण र देवी भागवत्का श्लोकहरू नै उनका लागि प्रेरणाको स्रोत बने । हरेक कार्यमा अगाडि बढ्नुपर्छ भन्ने उत्प्रेरणा बुबाआमा तथा गुरु (तल्लाघरे जेठाबा) नै उनलाई साहित्यिक प्रेरणा दिने व्यक्ति हुन् । अध्ययनमा रुचि राख्ने स्वभाव र जिज्ञासु प्रवृत्तिका पोखरेल वि.सं. २०३३ देखि वि.सं. २०३४ सम्म पराल्मीमा रहादा शिक्षण पेसामा संलग्न भएका थिए । त्यही क्रममा शिक्षण पेसालाई छाडी काठमाडौा आएपछि विः सं. २०४१ मा आश्विन ७ गते बुधवार गोरखापत्रमा ुअपमानू शीर्षकको कविता प्रकाशनसागै उनको साहित्यिक यात्रा प्रारम्भ भयो । (शोध नायकबाट प्राप्त जानकारी अनुसार) पुस्तकालयमा प्राप्त लक्ष्मी प्रसाद देवकोटा, भूपी शेरचन, लेखनाथ पौड्याल, सिद्धिचरण श्रेष्ठ, बालकृष्ण सम आदिका साहित्यिक कृतिका अध्ययनले साहित्यप्रतिको झुकावमा अझ बढी बृद्धि भयो । यसका साथै विभिन्न ठाउामा बेलाबेला भइरहने साहित्यिक कार्यक्रमले पनि उनमा साहित्यक उर्जाको काम गर्‍यो ।

वि.सं. २०४१ आश्विन ७ गते बुधवार गोरखापत्रमा ुअपमानू शीर्षकको कविता प्रकाशित भएपछि र भूपी शेरचनको घुम्ने मेचमाथि अन्धो मान्छे कविता सङ्ग्रह पढेपछि पोखरेललाई शेरचनको व्यक्तित्वले अझ बढी प्रभावित पार्नुको साथै साहित्यमा लाग्छु भन्ने अठोट पैदा भयो । वि.सं. २०५१ मा राष्ट्रिय युवा समूह काठमाडौाबाट आयोजित कविता प्रतियोगितामा उनी सहभागी हुनुको साथै प्रथम पटक पुरस्कृत समेत बने । उनले सेक्सपियरका साहित्यिक कृतिको पनि अध्ययन गरेका छन् । यस अध्ययनले पोखरेलाई पाश्चात्य साहित्यका बारेमा समेत केही बुझ्ने अवसर प्राप्त भयो । साहित्यिक क्षेत्रमा लाग्नुको प्रेरणा र प्रभावका सम्बन्धमा पोखरेलको विचार यस प्रकार छ :

*“गुल्मी जिल्लाको सदरमुकाम तम्घाासमा रहेको ुमहेन्द्र मा.वि. मा हरेक शुक्रबार साहित्यिक सम्मेलनको आयोजना गरिन्थ्यो । त्यस सम्मेलनमा मैले वाचन गरेका रचनाहरू श्रोताहरूलाई राम्रो लाग्यो । साहित्यप्रति रुचि बढ्दै गयो, त्यहाा भएका पुस्तकहरू*

*पढ्ने गरो, अध्ययन सिर्जनाको परिणति बन्यो, साहित्य चालै नपाई मेरो संस्कार बन्यो, वस्तुतः प्रेरणाको स्रोत पाठकहरूको माया नै हो ।"*

खिमानन्द पोखरेल आफूलाई कसैबाट प्रभावित भन्न नरुचाउने र स्वदेशी लेखकहरूमा लक्ष्मी प्रसाद देवकोटा, लेखनाथ पौड्याल, भूपी शेरचन, सिद्धिचरण श्रेष्ठ आदिलाई मनपर्ने लेखकका रूपमा लिन्छन् । सेक्सपियर उनका मन पर्ने लेखक हुन् । आमा प्रेमकुमारी पोखरेल बुबा टोपेन्द्र पोखरेल तथा गुरु (तल्लाघरे जेठाबा) का प्रेरणाले साहित्यमा लागेका खिमानन्द पोखरेलमा गोविन्द भट्टराई, तुलसी भट्टराई, कुलप्रसाद कोइराला, ज्ञानु पाण्डे, लीला लुइटेल, खगेन्द्र प्रसाद लुइटेल आदिसागको सङ्गत र सामीप्यताले प्रेरणा थप्ने काम गऱ्यो । अझ निखरता र परिष्कारका साथ उनी सिर्जना कार्यमा निरन्तर लागिरहेका छन् । (शोध नायकबाट प्राप्त जानकारी अनुसार )

### २.१०.२ लेखन र प्रकाशनको प्रारम्भ

खिमानन्द पोखरेलको साहित्यक लेखनको प्रारम्भ वि:सं. २०४१ देखि भएको हो । उनीद्वारा लेखिएको पहिलो रचना नेपाली भाषाको ुअपमानू शीर्षकको कविता हो जुन त्यतिबेला गोरखापत्रमा वि.सं. २०४१ आश्विन ७ गते बुधबार प्रकाशित भएको थियो । त्यसपछि पनि उनका लेख रचनाहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित हुादै गए र मधुपर्कमा समेत उनका तिनवटा कथा प्रकाशित भएका छन् । (शोधनायकबाट प्राप्त जानकारी अनुसार) यस्तै क्रममा वि: सं. २०५४ देखि ुहिमाली गुरासू पत्रिकाको सम्पादक भई उनले साहित्यिक पत्रिकाका क्षेत्रमा समेत उल्लेख्य काम गरको देखिन्छ । जुन पत्रिका हालसम्म पनि निरन्तर रूपमा पोखरेलकै सम्पादकत्वमा प्रकाशित भइरहेको छ । खिमानन्द पोखरेलको पुस्तकाकार कृतिका रूपमा प्रकाशित रचना ु*मनका सुस्केरा* २०६९ कविता सङ्ग्रह हो । यसरी वि.सं. २०४१ देखि नै आ ना रचनाहरू प्रकाशित गरेका पोखरेलले आजसम्म पनि आफूलाई सिर्जनात्मक गतिविधिमा संलग्न तुल्याउदै आएका छन् । उनको सिर्जना यात्रा नेपाली भाषाको कविता लेखनबाट आरम्भ भएर नेपाली भाषाकै कथा, गीत, गजल, भजन, मुक्तक, हाइकु, नाटक आदि विविध विधामा केन्द्रित हुन पुगेको छ ।

## २.११ भ्रमण, सम्मान र पुरस्कार

खिमानन्द पोखरेल हालसम्म स्वदेश र विदेश खासगरी भारतका विभिन्न स्थानको भ्रमण गरिसकेका छन् । उनका धेरै जसो भ्रमणहरू पढाइ र जागिरसाग सम्बन्धित छन् भने केही व्यक्तिगत पनि छन् । गुल्मी जिल्लाको पराल्मी गाउामा जन्मिएका पोखरेलले पढाइको क्रममा गुल्मी जिल्लाको सदरमुकाम तम्घाास, काठमाडौा, भारतको वनारसका विभिन्न ठाउासाग परिचित बन्ने अवसर पाएका थिए । उच्च शिक्षा अध्ययनका क्रममा उनी बनारस गएका थिए । नेपालका तराई र पहाडका धेरै स्थलको भ्रमण गर्ने अवसर पाएका पोखरेलले भारतको बनारसको विभिन्न ठाउाहरूको पनि भ्रमण गरेका छन् । खासगरी जागिरको सिलसिलामा, पढाइका क्रममा र सम्मेलनमा सहभागी हुने क्रममा उनले नेपाल र भारतका विभिन्न ठाउाहरू घुम्ने अवसर प्राप्त गरे ।

नेपाली साहित्यका विभिन्न विधामा कलम चलाउदै आएका पोखरेलले आˆनो लामो साहित्यिक जीवनमा एकपटक पुरस्कार र एकपटक सम्मान पएका छन् । (शोध नायकबाट प्राप्त जानकारी अनुसार) विः सं. २०५१ मा राष्ट्रिय युवा समूह काठमाडौाबाट आयोजित कविता प्रतियोगितामा उनी पुरस्कृत भएका थिए र त्यतिबेला नै उनले सम्मान पनि पाएका थिए । खिमानन्द पोखरेलले जीवनमा पाएका यिनै सम्मान र पुरस्कारले उनको प्रतिष्ठा र गौरवलाई बढाउदै नेपाली साहित्यको श्रीवृद्धिमा लाग्न प्रेरित गरेको देखिन्छ ।

## २.१२ व्यक्तिगत रुचि र स्वभाव

खिमानन्द पोखरेल सानैदेखि जिज्ञासु, लगनशील, अनुशासित, मिलानसार तथा सरल स्वभावका मेधावी व्यक्ति देखिन्छन् । उनको यो स्वभाव अद्यापि विद्यमान छ । पोखरेल प्रायः एकान्तप्रेमी र अन्तरमुखी व्यक्ति हुन् तापनि असल साथीहरूको समीपमा रहेर काम गर्न निकै मन पराउाछन् र परस्पर सहयोगको भावना राख्छन् । (शोध नायककी पत्नी सीता पोखरेलबाट प्राप्त जानकारी अनुसार) गम्भीरतापूर्वक बिस्तारै बोल्ने, सारगर्भित कुरा गर्ने र विशेषतः अध्ययन मनन र चिन्तनमा लाग्ने उनको स्वभाव रहेको छ । खिमानन्द पोखरेलको मुख्य रुचि विभिन्न पुस्तक पत्रपत्रिकाको अध्ययन मनन गर्नको साथै सहित्य सिर्जना गर्नु नै हो । यसका अलवा सङ्गीत पनि उनको मन पर्ने विषय हो । पहिचानमा खासै रुचि नभए पनि सर्ट, पेन्ट, कोट जुत्ता र चस्मा उनको मन पर्ने पहिरन हो । विभिन्न स्थलको भ्रमणमा रुचि राख्ने उनी भोजनमा दुध, दही र सागपात मन पराउाछन् ।

धर्मलाई दर्शनका रूपमा स्वीकार गर्ने पोखरेल ईश्वरवादी हिन्दू हुन् । रङ्गमा निलो मन पराउने उनी फूलमा सयपत्री रोज्दछन् ।

## २.१३ जीवनमा घटेका अविश्मरणीय घटना

खिमानन्द पोखरेलका जीवनमा धेरै अविश्मरणीय घटनाहरू घटेका छन् । आफूले थाहा नपाई पिता र माताको अवसान भोगेका उनको जीवनमा सुख र दुःखका धेरै घटनाहरू घटेका छन् । (शोध नायकबाट प्राप्त जानकारी अनुसार) आफू ५/६ कक्षा पढ्दा साथीहरूसाग सुन्तला खान गएको, त्यही सुन्तला खाने क्रममा राती भएको र आफूले चाहि सल्लाको फेदमा बसेर रात काट्ने निधो गर्दागर्दै एक जना दाइले घोडामा राखेर घर पुऱ्याइदिएको घटना उनको जीवनको सबैभन्दा अविश्मरणीय घटना भएको बताउाछन् । जीवनमा बिर्सनै नसक्ने सुखको क्षण विः सं. २०४१ मा गोरखापत्रमा ुअपमान् शीर्षकको कविता प्रकाशित भएको बेला हो भने दुःखको क्षण विः सं. २०६१ मा पिताको निधन र वि. सं. २०६३ मा माताको निधनको पीडालाई आजसम्म भुल्न नसकेको उनी बताउाछन । यसरी हरेक मानिसमा जस्तै उनको जीवनमा पनि सुख र दुःखले हाासो र रोदनको सिर्जना गरेको पाइन्छ ।

## २.१४ साहित्यिक मान्यता र जीवन दर्शन

साहित्य भावुक मनको परिष्कृत र परिमार्जित अभिव्यञ्जना हो । यसले विगत, वर्तमान र भविष्यत्को वस्तुस्थितिलाई समेटेको हुन्छ । वास्तविकता बोधको उद्देश्य लिएर साहित्यले युगको सन्देश बाहकको भूमिका बहन गरेको हुन्छ । साहित्यले मानिस मात्रलाई एउटा सन्देश देओस् भन्ने विचार व्यक्त गर्ने खिमानन्द पोखरेल जीवनमा क्रियाशील हुनुपर्छ भन्ने कुरामा विश्वास गर्छन् । उनमा वैचारिकता, नैतिकता, इमान्दारिता र कर्मठ व्यक्तिको समन्वय पाइन्छ । उनी स्रष्टा भएकाले आˆनो शिल्प र अभिव्यक्तिद्वारा एउटा नयाा समाजको रचना गरी नयाा दिशाबोध गराउान चाहन्छन् । समाजका साहित्यकारहरूको नैतिकताको निर्धारण उनीहरूको लेखन र सामाजिक दात्विबाट गर्न सकिन्छ । लेखन अन्तर्गत उनले सिर्जनात्मक र कलात्मक शैलीमा स्वस्थ र जीवन्त रूपमा आˆना भावनाहरू अभिव्यक्त गर्नुपर्छ भने सामाजिक दायित्व अन्तर्गत प्रत्येक लेखकले आफू बााचेको समाज र परिवेशप्रति इमान्दार भएर आˆनो अभिव्यक्ति पोख्नु पर्दछ । साहित्यकार पोखरेल यस दायित्वप्रति सजग

छन् । जीवनका विभिन्न उतारचढाव र अनुभवलाई सामना गरेका पोखरेलको सामाजिक जीवन भोगाइको छाप उनका साहित्यिक रचनाहरूमा पाइन्छ । जीवनमा भोगेका र देखेका यथार्थजन्य घटनालाई संवेदनशील, अनुभूतिजन्य, सरल र सहज भाषामा प्रस्तुत गरी समाज सुधारको चाहना राख्नु नै उनका साहित्यिक कृतिहरूको मूल उद्देश्य रहेको छ ।

खिमानन्द पोखरेलको जीवनदर्शन पूर्वीय हिन्दू अध्यात्मवादमा आधारित छ । धर्मलाई दर्शनका रूपमा स्वीकार्ने पोखरेल धार्मिक अतिक्रमणको विरोधी तथा ईश्वरवादी व्यक्ति हुन् । (शोध नायकबाट प्राप्त जानकारी अनुसार) ईश्वरीय सृष्टिमा सबै बराबर भएकाले जातीय भेदभाव गरिनु हुन्न भन्ने मान्यता पोखरेलको रहेको छ । उनमा मूलत : हिन्दू दर्शनको प्रभाव परेको देखिन्छ । पूर्वीय दर्शनमा ढालिएको जीवन प्रणाली अपनाएकाले आ˜नो कृतिमा बढ्ता प्रभाव परेको स्वीकार गर्ने पोखरेल पछिल्लो समयमा पाश्चात्य दर्शनले पनि आ˜ना कृतिमा प्रभाव परेको बताउाछन् । यसरी पोखरेलको जीवनदर्शन र साहित्यसम्बन्धी उपर्युक्त धारणा र दृष्टिकोणलाई हेर्दा उनी मूलतः आदर्शवादी व्यक्तिका रूपमा पर्दछन् ।

## २.१५ निष्कर्ष

वि.सं २०१८ माघ ११ गते गुल्मी जिल्लाको परात्मी गाउामा जन्मिएका खिमानन्द पोखरेलको जीवन यात्रामा हालसम्म आइपुग्दा धेरै उतारचढावहररु आएका छन् । पााच वर्षको कलिलो उमेरबाट शिक्षाशास्त्र गरेका पोखरेलको शिक्षा यात्रा ुत्रिभुवन प्रा.वि.ू ु महेन्द्र मा.वि. हुादै वनारसको ुहायर सेकेन्डरी स्कुलसम्म पुग्दा एस्.एल.सी. उत्तीर्ण गरेको पाइन्छ । वि:सं. २०३६ मा बनारसको हरिश्चन्द्र क्याम्पसबाट प्रमाणपत्र तहको शिक्षा प्रारम्भ गरेका पोखरेलले नेपालको रत्नराज्यलक्ष्मी क्याम्पसबाट स्नातक तहसम्मको अध्ययन गरेका छन् ।

जीवनका विविध अप्ठ्याराहरू पार गर्दै अगडि बढ्ने क्रममा २०३३ मा सीता गौतमलाई जीवनसाथी बनाएका पोखरेल दुई छोरा र एक छोरीको पिता हुन् । २०३३ देखि २०५४ सम्म विभिन्न क्षेत्रमा सेवारत भई आ˜नो ज्ञान सिप र क्षमतालाई प्रयोग गरेका पोखरेलले हालसम्म पनि ुहिमाली गुराासू पत्रिकाको सम्पादकको रूपमा कार्य गरिरहेका छन् ।

वि.सं. २०४१ मा आश्विन ७ गतेको गोरखापत्र मा ुअपमानू शीर्षकको कविता प्रकाशनसागै साहित्य क्षेत्रमा प्रवेश गरेका पोखरेलले साहित्यको क्षेत्रबाट पनि समाज परिवर्तन

गर्न सकिन्छ भन्ने आशयका साथ साहित्यका कथा, कविता, गीत, नाटक, गजल अन्तरवार्ता यात्रा संस्मरण लगायतका विविध विधामा कलम चलाएका छन् । साहित्यका क्षेत्रमा उनको विशिष्ट योगदानलाई अझ फराकिलो बनाउने प्रमाणका रूपमा (२०६९) मा प्रकाशित ‍ मनका सुस्केरा‍ कविता सङ्ग्रहलाई लिन सकिन्छ । आ‍ना जीवनमा घटेका अविस्मरणीय क्षणहरू तथा समाजमा घटेका घटनाहरू समाजका विभिन्न विकृति र विसङ्गतिहरूलाई कलात्मक ढङ्गबाट आ‍ना रचनाका विषयवस्तु बनाएर प्रस्तुत गर्ने पोखरेल समग्रमा भन्नुपर्दा एक सामाजिक यथार्थवादी तथा आदर्शवादी साहित्यकार हुन् । यसरी समयको वेगसागै विविध अप्ठ्याराहरू पार गर्दै अगाडी बढेका पोखरेल शारीरिक असक्त भएपनि हालसम्म ‍ हिमाली गुरास‍ नामक पत्रिकाको सम्पादन तथा प्रकाशन गरी साहित्य क्षेत्रमा अटुट रूपमा लागिरहेका छन् ।

# परिच्छेद तिन

# खिमानन्द पोखरेलको व्यक्तित्व

## ३.१ विषय प्रवेश

प्रस्तुत परिच्छेदमा खिमानन्द पोखरेलको व्यक्तित्वको चर्चा गरिएकोछ । यस अन्तर्गत उनको शारीरिक व्यक्तित्व, साहित्येत्तर व्यक्तित्व र साहित्यिक व्यक्तित्व गरेर तिन प्रकारमा वर्गीकरण गरी व्यक्तित्वका पाटाहरूको विश्लेषण गरिएको छ ।

## ३.२ शारीरिक व्यक्तित्व र स्वभाव

शारीरिक व्यक्तित्वका दृष्टिले खिमानन्द पोखरेल बाटुलो अनुहार भएका दुब्ला ५ फिट २ इन्च अग्ला गोरो वर्णका छन् । स्वभाविक उचाई भएका दुब्ला व्यक्तित्व पोखरेललाई उनको अपाË शारीरिक रूपाकृतिले बाह्य व्यक्तित्वको पहिचान दिन्छ । जन्मेको छ महिनापछि अचानका भएको शारीरिक पक्षघातले बायाा खुट्टा असर गरी शारीरिक अपाËताको शिकार हुनु परेका पोखरेलका बायाा आखाा र हातले पनि काम गर्दैनन् । हिड्दा कष्टप्रद तरिका हिड्नु पर्ने अपाË भएपनि उनको सोच, कार्यक्षमता वाक्शक्ति र सामाजिक व्यवहार कुनै साË व्यक्तिको भन्दा कम छैन । बोल्दा पनि केही हड्बडाएर बोलेझैं सुनिने उनको आवाजमा पूर्णतया स्पष्टता भने आएको महसुस गर्न सकिदैन, उनी सदैव गम्भीर र चिन्तनशील देखिन्छन् । उनको अनुहार हेर्दा निश्चल, स्वाभिमानी, चिन्तनशील गम्भीर स्वाभाव अनुहरबाटै झल्कन्छ । गोरो वर्ण, मिलेका दन्त लहर, छरितो फुर्तिलो जिउ, बाक्लो आधा फुलेको केश तथा उमेर र व्यवहारले बुढ्यौलीको सङ्केत गराए पनि उनमा जवानीकै जोस पाइन्छ । शारीरिक अपाËता भए पनि शरीरमा चट्ट मिलेका सर्ट, पेन्ट, भेस्ट, जुत्ता चस्मा आदिको भेषभूषाले पनि उनमा थप आकर्षण पैदा गरेको देखिन्छ । कसैसाग बोल्नुपर्दा मुसुक्क हाासेर सभ्य, शिष्ट भाषाको प्रयोग गर्ने मृदुभाषी स्वभाव यिनको छ । खिमानन्द पोखरेल नेपाली भाषा, धर्म र संस्कृतिप्रति आस्था राख्छन् । बिहान सधैं ४ बजे उठ्ने आधा घण्टा जति शारीरिक व्यायाम गर्ने र पत्र-पत्रिका पढ्ने उनको बानी छ । उनी घरमा बस्दा साधारण भेस्ट, पेन्ट लगाउने र खानमा दालभाल, सागसब्जी तथा दुधको परिकार मन पराउाछन् । (शोध नायककी पत्नी सीता पोखरेलबाट प्राप्त जानकारी अनुसार)

आ^ना सम्पर्कमा आउने हरेक व्यक्तिसाग विनम्रतापूर्वक बोल्नु र आत्मीय व्यवहार गर्नु उनको विशेषता हो । उनी आ^ना कारणले अरुलाई कहिल्यै दु:ख पुऱ्याउन चाहादैनन् । उनी घर परिवारमा पनि आ^ना कारणले अरुलाई दु:ख पुग्ला भन्ने कुरामा सचेत छन् । उनमा आन्तरिक वेदना र पीडाहरूलाई आफैमा राख्ने अर्न्तमुखी स्वाभाव पाइन्छ । समाजमा कसैलाई सानो, ठुलो, जातभात, गरिब, धनी भनी भेदभाव नगर्ने उनी सबैमा मित्रवत व्यवहार गर्छन् । भौतिक विलासिता भन्दा बौद्धिकतामा विश्वास राख्ने उनको धेरै समय अध्ययन र चिन्तनमा बित्छ । घरमा धार्मिक, दार्शनिक तथा साहित्यिक पुस्तक पत्र-पत्रिकाहरू सङ्कलन गरी राख्न उनी मन पराउाछन् ।

खिमानन्द पोखरेलको व्यक्तित्व आकर्षक छ । उनी मिलनसार तथा महत्त्वकाङ्क्षी पनि छन् । उनी समकालीन साहित्यकारहरूसाग घुलमिल हुन र सङ्गत गर्न रुचाउाछन् । उनमा सामूहिक विचारधारालाई युगमा प्रतिनिधित्व गर्न सक्ने क्षमता छ । उनी कुनै कुरामा लागि परेपछि  त्यसलाई पार नलगाई छाड्दैनन् । प्राय: स्रष्टाहरू लेखनमा इमान्दारी हुन्छन् तर जीवनप्रति त्यति इमान्दार देखिादैनन् । पोखरेल यस हिसाबले अलग्गै व्यक्तित्व हुन् । यिनले लेखन र जीवनलाई असफलताको प्राप्तिबाट कहिल्यै हार नमान्ने पोखरेल सानैदेखि मेहनती भएकाले असफलताबाट मुक्त नै रहेका देखिन्छन् । कुनै अप्ठ्यारो परिस्थितिमा उनी साथीभाइलाई समुचित सल्लाह र प्रेरण दिन पनि पछि हट्दैनन् । मृदुभाषी, सरल जीवन, उच्च विचार, स्वाभिमानी स्पष्ट वक्ता तथा शान्त स्वभाव खिमानन्द पोखरेलका बाहृय र आन्तरिक स्वभावका विशेषता हुन् ।

### ३.३ साहित्यिक व्यक्तित्त्व

सिर्जनशील व्यक्तित्त्व नै खिमानन्द पोखरेलको प्रमुख व्यक्तित्त्व हो । आ^नो विद्यार्थी जीवनदेखि नै उनले सिर्जनामा रुचि लिन थालेको पाइन्छ । उनका हालसम्म विभिन्न विधाका केही फुटकर रचनाहरू विभिन्न पत्रपत्रिकाहरूमा छापिएका र कविता विधामा एउटा पुस्तकाकार कृति प्रकाशित भएको छ । यिनै कृतिहरूका माध्यमबाट उनले नेपाली साहित्यको श्रीवृद्धि गर्नमा योगदान पुऱ्याएका छन् । पोखरेल बहुमुखी साहित्यकार हुन् । उनले साहित्यका विभिन्न विधामा कलम चलाएका छन् । पद्य रचनातर्फ केही फुटकर कविताको रचना गरे तापनि उनको मूल क्षेत्र गद्य नै हो । उनले नेपाली गद्य साहित्य अन्तर्गत कथा र नाटक रचना गरेका छन् भने आख्यानेतर गद्यमा गीत, गजल, भजन, कविता, संस्मरण लेखेका छन् ।

### ३.३.१ कवि व्यक्तित्व

कविता विधाबाट नेपाली साहित्यका फाँटमा देखा परेका खिमानन्द पोखरेलको सर्वाधिक लोकप्रियता पाएको विधा पनि कविता नै हो । वि. सं. २०४१ मा ुअपमानू शीर्षकको कविता गोरखापत्रमा छपाएर देखा परेका पोखरेलले ु*मनका सुस्के*रू (२०६९) कविता सङ्ग्रह प्रकाशित गरेका छन् । नेपाली समाजमा विद्यमान नारी समस्या, प्राचीन मूल्य र मान्यतामा आइरहेका ह्रास र पिछडिएका ग्रामीण बस्तीहरूको कथा, काम र मामको खोजीमा विदेसिन बाध्य युवाहरूको कथा तथा प्रकृतिको रौद्र र सौम्य रूपको चित्रण, सहरीया भन्दा ग्रामीण परिवेशको बढी चित्रणलाई आ`ना कविताको विषय बनाउने पोखरेल सामाजिक यथार्थबादी कवि तथा प्रकृतिवादी कविका रूपमा परिचित छन् साथै नेपाली जनजीवनका हाँसो र रोदनलाई समेट्न सफल उनका कविताले राष्ट्रिय मात्र नभई अन्तराष्ट्रिय परिवेशलाई पनि समेट्न सफल भएका छन् । सरल, सहज र ग्रामीण भाषाको प्रयोग गरिएका उनका कवितामा बिम्ब र प्रतीकको पनि उत्कृष्ट प्रयोग भएको पाइन्छ । भाषाशैलीका दृष्टिले सरल, सहज र सम्प्रेष्य भाषाको प्रयोग गर्ने उनका कविताहरू प्रायः लघु आकारको देखिन्छन् । वर्तमान विकृति र विसङ्गतिको यथार्थ चित्रण गर्न सफल उनका कविताले नेपाली कविताको विकासमा अलग्गै स्थान कायम गर्न सफल भएका छन् । यसरी नेपाली कविताको विकासमा क्रियाशील पोखरेलको कवि व्यक्तित्व उत्कृष्ट रहेको छ ।

खिमानन्द पोखरेलको साहित्यिक व्यक्तित्त्वलाई मूल्याङ्कन गर्दा उनको सबैभन्दा चर्चित क्षेत्र कविता हो । दर्जनौ फुटकर रचना विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित गरेर नेपाली सहित्यको उत्थानमा अग्रसर पोखरेलको एउटा कविता सङ्ग्रह प्रकाशित छ । वि:सं. २०६९ मा ुमनका सुस्केरू कविता सङ्ग्रह प्रकाशित गराएका उनले सो कविता सङ्ग्रहमा ५८ वटा कविताहरू सङ्ग्रहित रहेका छन् । विषयवस्तुगत विविधताले युक्त सो कविता सङ्ग्रहका कविताहरूमा युगीन नारी चेतना, प्राचीन आदर्शहरूको विखण्डनबाट वर्तमान समयमा बनेको मानिसको धमिलो चेतना, प्राचीन आर्य संस्कृति र सभ्यताप्रतिको अनुराग, प्राकृतिकता, नगरभन्दा ग्रामीण जनजीवनको प्रस्तुति, युगीन विसङ्गति, मानवीयताको चित्रण आदि विशेषताहरू प्राप्त गर्न सकिन्छ ।

खिमानन्द पोखरेलले कविता विधाका अलवा सहित्यका कथा, निबन्ध, गजल, समालोचना, संस्मरण, लेख, समीक्षा, नाटक आदि विविध विधामा कलम चलाएका

छन् । आफ्नो बाल्यकालदेखि साहित्यका क्षेत्रमा कलम चलाएका पोखरेलले विभिन्न पत्रपत्रिकाहरूमा आफ्ना लेख, कविता, स्वदेशगान, राष्ट्रियगान, गीत, गजल, संस्मरण, नाटकजस्ता साहित्यका विविध पाटाहरूलाई पत्रपत्रिकाका माध्यमबाट आम जनमानससम्म पुऱ्याएका छन् । यसरी साहित्यका क्षेत्रमा कविता विधाबाट आफ्नो साहित्यिक यात्राको आरम्भ गरेका पोखरेलले कवितालाई नै बढी जोड दिए पनि विभिन्न पत्रपत्रिकाहरूमा अरु साहित्यिक रचनाहरू पनि प्रकाशित गरेका छन् तर उक्त साहित्यिक रचनाहरू पुस्तककार कृतिका रूपमा भने प्रकाशित भएका छैनन् ।

## ३.४ साहित्येत्तर व्यक्तित्व

खिमानन्द पोखरेलको साहित्येत्तर व्यक्तित्त्व अन्तर्गत विभिन्न व्यक्तित्त्वहरूको निर्माण भएका छन् । यी सबै व्यक्तित्त्वहरूले उनको साहित्यिक लेखन र सिङ्गो जीवन यात्राकै दिशा–निर्देश पनि गरेका छन् । अतः उनको साहित्येतर व्यक्तित्वका व्यक्तित्त्वका विभिन्न पाटाहरू उल्लेख आवश्यक देखिन्छ ।

### ३.४.१ प्रशासनिक व्यक्तित्व

खिमानन्द पोखरेलले वि.सं. २०४१ देखि वि:सं. २०५४सम्म १४ वर्षको अवधि स्थानीय विकास मन्त्रालयको फोहोर मैला व्यवस्थापन कार्यलयमा प्रशासनिक व्यक्तिका रूपमा काम गरेका थिए ।  वि:सं. २०४१ सालमा पदभार ग्रहण गरी खरिदार पदबाट सेवामा प्रवेश गरेका उनले २०५४ सालसम्म पनि सोही पदमा रहेर कार्य सम्पन्न गरी एक सफल प्रशासनको भूमिका निर्वाह गरेका थिए ।

यसरी पोखरेलले सरकारी सेवाको प्रशासनिक पदमा रहेर लामो समयसम्म नेतृत्वदायी भूमिका कुशलतापूर्वक कार्य सम्पादन गरेकाले उनको प्रशासकीय व्यक्तित्त्व सफल रहेको छ । आफ्नो अनुभव, ज्ञान, क्षमता तथा नियम कानुनमा अडिग रहेर जनताको सेवा गर्नमा कसर नराख्ने उनले कुनै गलत कार्य गरेर सजायको भागी बन्नु परेन । भ्रष्ट कर्मचारीतन्त्रको बिचमा रहेर पनि इमान्दारी र कर्तव्यपरायण भएका कारण विवादको घेराबाट सदा मुक्त रहन सफल उनको प्रशासनिक व्यक्तित्त्व प्रशंसनीय रहेको देखिन्छ ।

### ३.४.२ शिक्षक व्यक्तितत्त्व

बहुमुखी व्यक्तित्त्वका धनी खिमानन्द पोखरेलको साहित्येत्तर व्यक्तित्त्वको अर्को पाटो शिक्षक व्यक्तित्त्व पनि हो । लामो समयसम्म नेपाल सरकारको प्रशासनिक सेवामा रहेर कार्य सम्पादन गर्नुभन्दा अगाडि नै करिब एक वर्ष २०३३ देखि २०३४ सम्म गुल्मीकै परालमीमा जनविकास प्रा.वि. मा सहायक प्रधानाध्यापकका रूपमा अध्यापन गराएका थिए । शारीरिक अस्वस्थ्यता र पढाइलाई निरन्तरता दिने क्रममा छोटो समय प्रधानाध्यापकका रूपमा देखा परेका पोखरेलको व्यक्तित्त्वको एउटा महत्त्वपूर्ण पाटो देखिन्छ ।

### ३.४.३ बहुभाषी व्यक्तित्त्व

नेपाली भाषामा आˆना सिर्जनाहरू गर्ने पोखरेललाई बहुभाषी व्यक्तित्त्वका रूपमा पनि चिन्न सकिन्छ । नेपाली भाषाका अतिरिक्त उनी नेवारी, हिन्दी, अङ्ग्रेजी भाषा पनि राम्रोसाग बोल्न र लेख्न सक्दछन् । मातृभाषा नेपाली भएकाले नेपाली भाषाको राम्रो ज्ञान भएका पोखरेलले आˆनो साहित्यिक व्यक्तित्त्वको निर्माण नेपाली भाषाबाट नै गरेका छन् । यसका साथै अङ्ग्रेजी र नेवारी भाषाको पनि राम्रो ज्ञान भएकाले उनी बहुभाषी व्यक्तित्त्व हुन् भन्न सकिन्छ ।

### ३.४.४ सामाजिक व्यक्तित्त्व

खिमानन्द पोखरेल समाजसेवीका रूपमा परिचित छन्, साथै उनी समाजमा दीन दुःखी प्रति दया, माया, प्रेम र सहानुभूतिको भावना देखाउने व्यक्तित्त्वका रूपमा समेत परिचित छन् । उनी जोसुकैले पनि आˆनो अगाडि दुःख पोखेमा यथाशक्ति सहयोग गर्छन् । उनले समाज सेवाको क्रममा आˆनो जन्मस्थल परालमीमा र काठमाडौमा बस्दा सक्दो आर्थिक सहयोग दिदै आएका छन् । त्यसैले पनि आफू बसेको समुदायमा उनी श्रद्धा र मायाका पात्र बनेका छन् ।

### ३.४.५ सम्पादक व्यक्तित्त्व

खिमानन्द पोखरेलको जीवन अवधिको अर्को उर्वर फााट सम्पादक व्यक्तित्व हो । प्रारम्भिक चरणदेखि नै पत्रपत्रिकाका अग्रसर उनले वि:सं. २०४१ देखि वि:सं. २०४५ सम्म लालीगुराास पत्रिकामा आबद्ध भई सम्पादकीय व्यक्तित्वका रूपमा कार्य प्रारम्भ गरेका थिए । त्यसको केही समयपछि उक्त पत्रिकाको प्रशासनिक समूहसाग तिक्तताको अनुभव गरी उनले

वि.सं. २०५४ देखि आ͡नै सक्रियतामा *हिमाली गुरास* नामक मासिक पत्रिका सम्पादन गरी प्रकाशन गर्न थाले । यस पत्रिका प्रकाशनको प्रारम्भिक समयमा पोखरेलले निकै कठिनाइ व्यहोर्नु परे तापनि त्यसको केही परवाह नगरी निरन्तर रूपमा पत्रिका प्रकाशनमा संलग्न भइरहे । उनी *हिमाली गुरास* पत्रिका वि:सं. २०५४ देखि मासिक रूपमा प्रकाशन गरी सम्पादकको भूमिकामा कार्यरत रहे र यो पत्रिका २४ अङ्कसम्म प्रकाशित भइरह्यो । विविध कठिनाइहरूले गर्दा २४ अङ्क पछि यो पत्रिका द्वैमासिक रूपमा प्रकाशित हुन थाल्यो र अद्यापि यो पत्रिका उनकै सम्पादकत्वमा प्रकाशित भइरहेको छ । हाल यो पत्रिका ४९ औ अङ्कमा अगाडि बढिरहेको छ र आजसम्म निरन्तर रूपमा पोखरेल नै यस पत्रिकाको सम्पादकको भूमिकामा कार्यरत छन् ।

पोखरेलको सम्पादकत्वको भूमिका निकै बलियो र उर्वर देखिन्छ । कुनै एउटा पत्रिका जन्माउन ठुलो कुरा होइन उक्त पत्रिकालाई हुर्काउन, बढाउन, फूलाउन, फैलाउन र निरन्तरता दिनु मुख्य कुरा हो र सो कार्यमा खिमानन्द पोखरेल अतुलनीय छन् किनभने करिब डेढ दशकदेखि उनी *ुहमाली गुरास्* पत्रिकालाई सम्पादन र प्रकाशन गरिरहेका छन् । यो नेपालको छापा क्षेत्रमा महत्त्वपूर्ण र उपलब्धिमूलक कार्य हो । यसरीहेर्दा पोखरेलको साहित्यपछि सबैभन्दा उर्वर, प्रभावकारी र सशक्त व्यक्तित्त्वका रूपमा सम्पादक व्यक्तित्त्व रहेको देखिन्छ ।

## ३.५ जीवनी, व्यक्तित्त्व र लेखनका बिच अन्तर सम्बन्ध

खिमानन्द पोखरेलको ५३ वर्षको लामो जीवन विभिन्न सुखद एवं दुखद् परिस्थितिहरू भोल्दै गुज्रेको देखिन्छ । आ͡नो बाल्यकालदेखि हालसम्म भोगेका सुख र दु:ख, असहज परिस्थिति तथा विभिन्न संघसंस्थामा काम गर्दाको अनुभव आदिको ज्ञान र सिपबाट यिनको साहित्यिक व्यक्तित्त्वको निर्माण भएको देखिन्छ । जीवनका सङ्घर्ष, मिहिनेत, निर्भिकता र अध्ययनशीलताले पोखरेललाई सफलताको सिढीमा पुऱ्याएको हो । विविध विधामा कलम चलाएका पोखरेलका साहित्यिक कृतिहरूमा जीवन भोगाइका कटु यथार्थ सामाजिक र राजनैतिक परिवेश आदि विविध विषयवस्तुको चित्रण पाइनुका साथै देश विदेशबाट प्राप्त अनुभवहरूको अभिव्यक्ति समेत भएको पाइन्छ । व्यक्तिगत जीवनमा आएका यिनै उतारचढाव सागै उनको साहित्यिक जीवन क्रमश: परिष्कृत र परिमार्जित हादै अगाडि बढेको पाइन्छ ।

## ३.६ निष्कर्ष

प्रस्तुत परिच्छेदमा खिमानन्द पोखरेलको व्यक्तित्त्व प्रस्तुत भएको । व्यक्तित्व अन्तर्गत शारीरिक, साहित्यिक र साहित्येत्तर गरी तिन प्रकारको चर्चा गरिएको छ । यसका साथै उनको साहित्यक लेखन र व्यक्तित्त्वबिचको अन्तः सम्बन्धको पनि चर्चा गरिएको छ । शारीरिक रूपमा बाटुलो अनुहार भएको ५ फिट २ इन्च उचाइ भएका पोखरेल आ"नो बाल्यकालदेखि नै आ"नो शरीरको बााया खुट्टा तथा हातको पक्षघातको समस्यासाग लड्दै अगाडि बढिरहेका छन् । आफू शारीरिक रूपमा असक्षम भए पनि सामान्य व्यक्तिहरू सरह नै आ"ना सम्पूर्ण कार्यहरू सम्पादन गर्दै अगाडि बढ्ने पोखरेल गम्भीर, चिन्तनशील तथा मृदुभाषी छन् । आ"नो सम्पर्कमा आएका हरेक व्यक्तिहरूसाग विनम्रतापूर्वक बोल्नु र आत्मीय व्यवहार गर्नु उनको विशेषता हो । आ"ना कारणबाट अरु कसैलाई ठेस पुर्‍याउन नचाहने पोखरेल आ"ना आन्तरिक वेदनाहरूलाई आफैमा राख्ने अन्तर्मुखी स्वभावका हुन् ।

वि.सं. २०४१ मा ु*अपमान्* शीर्षकको कविता गोरखापत्रमा प्रकाशित भएसागै साहित्यिक क्षेत्रमा औपचारिक रूपमा प्रवेश गरेका पोखरेलले आ"नो साहित्यिक यात्रामा कथा, कविता, नाटक, गजल, गीत लगायतका साहित्यका विविध विधामा कलम चलाएका छन् । साहित्यका क्षेत्रबाट समाजमा सकारात्मक सन्देश फैलाउादै समाज परिवर्तनको चाहना राख्ने पोखरेल अनवरत रूपमा लागिरहने एक कर्मठ सर्जक हुन् । वि.सं. २०६९ मा आइपुग्दा आफूले सिकेका कुराहरूलाई एउटा सुन्दर मालाको रूपमा बुनेर *मनका सुस्केरा* नामक कविता सङ्ग्रह नेपाली साहित्य आकाशमा ल्याएका छन् । समाजमा घटेका विविध घटनाहरू, समाजका विकृति विसङ्गति, आ"ना मनमा प्रस्फुटित भावनाहरू, देश प्रेमको भावना लगायतका विविध विषय वस्तुहरूलाई समावेश गरी यस कविता सङ्ग्रहमा उनले ५८ वट कविताहरू प्रकाशित गरेका छन् । यसरी साहित्यका विविध पाटाहरूमा कलम चलाउने उनी हालसम्म पनि साहित्य क्षेत्रमा अनवरत रूपमा लागिरहेका छन् ।

नेपाली साहित्यको क्षेत्रका अलवा उनी अन्य विविध क्षेत्रमा पनि अग्रसर भएर अगाडि बढेको पाइन्छ । आ"नो जागिरे जीवनको पूर्वाद्धमा उनले नेपाल सरकारको प्रशासनिक क्षेत्रमा कार्यरत भएर देशको सेवा गरका छन् । वि.सं. २०४१ मा खरिदार पदको सपथ लिएर २०५४ सम्म प्रशासनिक व्यक्तिका रूपमा कार्य गरेका छन् । यसका

अलवा उनले २०३४ मा गुल्मी जिल्लाकै पराल्मी गाउमा रहेको जनविकास प्रा.वि. मा सहायक प्रधानाध्यापकका रूपमा कार्य गरी शिक्षण पेसालाई पनि आगालेको पाइन्छ । नेपाली, अङ्ग्रेजी, हिन्दी, नेवारी, लगायतका भाषाहरूको प्रयोग गर्न सक्ने पोखरेल समाजमा रहेका दीन, दुःखी तथा शोषित व्यक्तिहरूप्रति सदैव सहानभूति राख्ने सामाजिक व्यक्तित्त्व पनि हुन् । यी विविध पाटाका अलवा उनलाई सम्पादक व्यक्तित्त्वका रूपमा पनि लिन सकिन्छ । वि.सं. २०५४ देखि आफ्नै सकियतामा *हिमाली गुराँस* नामक साहित्यिक पत्रिकाको सम्पादनमा भूमिका निर्वाह गरिरहेका छन् । उनको अथक प्रयास र सम्पादकत्वको परिणामस्वरूप हालसम्म आइपुग्दा यो पत्रिका ४३ औ अङ्कमा अगाडि बढिरहेको छ ।

निष्कर्षतः बाल्यावस्थादेखि आजसम्म पोखरेलको जीवनी र व्यक्तित्त्वलाई हेर्दा जीवन भोगाइका अनुभव आरोह अवरोह विभिन्न सङ्घसंस्थासागको संलग्नता, विदेश बसाइ, विशिष्ट व्यक्तिहरूको सम्पर्क आदिले गर्दा उनको साहित्य सिर्जनामा राम्रो संयोजन भएको छ । उनी अहिले प्रारम्भिक खालको सिकारु लेखनदेखि क्रमशः परिष्कृत हुदै अगाडि बढिरहेका छन् ।

# परिच्छेद चार

# खिमानन्द पोखरेलका कृतिहरूको विश्लेषण

## ४.१ विषय परिचय

नेपाली साहित्यका क्षेत्रमा लगभग तिन दशक (वि.सं. २०४१–वर्तमान) सम्म साधनरत खिमानन्द पोखरेलले साहित्यका विविध विधामध्ये खास गरी  कविता, बालकविता, निबन्ध, कथा, संस्मरण आदि विधामा कलम चलाएका छन् । पुस्तकाकार कृतिका अतिरिक्त उनका फुटकर रचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । खिमानन्द पोखरेल साहित्यिक कृति लेखनमा भन्दा पत्रपत्रिकाको सम्पादनमा बढी क्रियाशील देखिन्छन् । उनको शारीरिक अस्वस्थताले पनि कुनै न कुनै रूपमा उनको लेखनलाई प्रभाव पारेको अड्कल गर्न सकिन्छ । उनका साहित्यिक कृतिहरूमध्ये पुस्तकाकार कृतिका रूपमा रहेका एक मात्र कविता सङ्ग्रह *मनका सुस्केरा* (२०६९) को विश्लेषणका साथै प्रकाशित रचनाहरूको विवरण यस परिच्छेदमा प्रस्तुत गरिएको छ ।

## ४.२  प्रकाशित रचनाहरूको विवरण

खिमानन्द पोखरेलले नेपाली साहित्यका कथा, कविता, बालकविता, निबन्ध, बालसंस्मरण, समीक्षा जस्ता विविध विधामा कलम चलाएका छन् । एउटा पुस्तकाकार कृतिका साथै विभिन्न पत्रपत्रिकाहरूमा दर्जनौं लेखरचनाहरू प्रकाशन गरेका पोखरेल अहिले पनि लेखन कार्यमा सक्रिय रहेका छन् । उनको प्रकाशित पुस्तकाकार कृति तथा फुटकर रचनाहरूको विवरण यस प्रकार रहेको छ :

**खिमानन्द पोखरेलको प्रकाशित पुस्तकाकार कृति**

| क. सं | शीर्षक | विधा | साल |
|---|---|---|---|
| १ | मनका सुस्केरा | कविता सङ्ग्रह | २०६९ |

**खिमानन्द पोखरेलका फुटकर लेखरचनाहरू**

| क.सं | शीर्षक | विधा | पत्रिका | वर्ष | अङ्क | साल |
|---|---|---|---|---|---|---|
| १ | मुटु चस्किन्छ | समीक्षा | हिमाली गुरास | १ | १ | २०५४ |
| २ | भावनाको धुनमा | नाटक | हिमाली गुरास | ३ | ८ | २०५४ |
| ३ | बरालिएको छोरो | नाटक | हिमाली गुरास | ४ | १२ | २०५४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | सङ्गीतकार राजु सिंहसाग केही क्षण | भेटवार्ता | हिमाली गुरास | ९ | १९ | २०५५ |
| ५ | इन्द्रप्रसाद श्रेष्ठको कविता सङ्ग्रहको एक टिप्पणी | समालोचना | हिमाली गुरास | १३ | २८ | २०५६ |
| ६ | आरती | कथा | मधुपर्क | ३३ | ३ | २०५७ |
| ७ | आासुका फूल | समीक्षा | लोकभावना | ६ | २ | २०६९ |
| ८ | माटो खोज्दै | समीक्षा | भानुसाहित्य | ५० | २६६ | २०७० |
| ९ | बाह्र वर्षपछि हनिमुन | समीक्षा | सुलेख | २ | ४ | २०७० |
| १० | सबका भक्त | समीक्षा | नवप्रज्ञापन | २० | ६४ | २०७१ |
| ११ | निरिह समयमाथि | समीक्षा | महामण्डल | ४ | २ | २०७१ |
| १२ | पीडा | कथा | अर्न्तबोध | ५ | ९ | २०६५ |
| १३ | नक्कलीको अक्कलमा | समीक्षा | हिमाली गुरास | १२ | २९ | २०६५ |

## ४.३ मनका सुस्केरा कवितासङ्ग्रहको विश्लेषण

प्रस्तुत शीर्षकमा खिमानन्द पोखरेलद्वारा रचित र कल्पना पोखरेलद्वारा प्रकाशित मनका सुस्केरा कविताको विश्लेषण गरिएको छ । कविता विश्लेषणका लागि कविताको सैद्धान्तिक पर्याधार उल्लेख गरिएको छ । विधा तत्त्व अन्तर्गत कविता विधाका तत्त्वहरू उल्लेख गरी तिनै तत्त्वका आधारमा निर्धारित कविता सङ्ग्रहमा रहेका कविताहरूको विश्लेषण गरिएको छ ।

### ४.३.१ कविता विश्लेषणको सैद्धान्तिक पर्याधार

कविता साहित्यको एक विधा हो । पूर्व र पश्चिम दुवैतिर कविता विधाको लामो इतिहास रहेको छ । साहित्यका सम्पूर्ण विधाहरूमध्ये कविता सर्वप्राचीन विधा हो । अतः कविता साहित्यको एक महत्त्वपूर्ण विधा भएकोले यसका निश्चित संरचनात्मक रूप रहेको हुन्छ । यसलाई कविताको सङ्घटक पनि भनिन्छ (त्रिपाठी र अन्य, २०४६: १६)। यी सङ्घटक तत्त्वहरूको चर्चा यसप्रकार गर्न सकिन्छ :

#### ४.३.१.१ शीर्षक

कविले कविताको नामकरण गरेको हुन्छ । यस्तो नामकरण पात्रका आधारमा, विषयवस्तुगत अन्तर्यका आधारमा र पात्र तथा विषयवस्तुगत अन्तर्य दुवैका आधारमा हुन सक्छ । शीर्षक कविताकृतिको नामकरण मात्र नभई कृतिका सारभूत भावविचारको सूचक सङ्केत पनि हो (त्रिपाठी र अन्य, २०४६ : १७) । शीर्षकले कृतिको अर्न्तबाह्‌य संरचना र भाषाशैलीले वहन गरेको समग्र विषयवस्तुको केन्द्रीय मर्मलाई प्रस्तुत गर्छ । कुनै पनि शीर्षकले कविताको मुख्य भाव, संरचना वा कवितामा अर्न्तनिहित अन्य महत्त्वपूर्ण कुरासाग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सम्बन्ध राखेको हुन्छ ।

### ४.३.१.२ लय विधान

लय विधान कविताको आधारभूत संरचक सङ्घटक हो । कविता विधालाई साहित्यका अन्य विधाबाट अलग गर्ने भेदक तत्त्व पनि लय नै हो । “लय विधान प्रथमतः भाषिक स्वर व्यञ्जन वर्णका वर्णगत ध्वनिको साम्य वैषम्य दुवै भएको विवरण प्रक्रियाको कालगत प्राप्ति पनि हो ।” (त्रिपाठी, र अन्य, २०४६ ह १८) कविता कृतिका चरण वा पाउ पङ्क्ति/हरफको गति र यति विधानबाट थालिन्छ । यस्तो चरण वा पङ्क्तिको वार्णिक वा मात्रिक वा आक्षरिक वितरण वितरण क्रम तथा यति र उच्चारण कालको लम्बाइले पनि लय विधानको भूमिका खेल्छ । (त्रिपाठी र अन्य, २०४६ : १८) । पङ्क्ति विधान लयात्मक एकाइ हो । पङ्क्ति पुञ्जका स्तरमा पाउ/चरण/पङ्क्तिहरूको वार्णिक/मात्रिक वितरणको नियमित आवृत्तिको स्थिति छन्द र त्यसमा बढी मुक्तता र स्वल्प नियमतताको स्थिति मुक्त छन्द वा गद्य कवितात्मक लय हो । कविताको पङ्क्ति योजना वा पद योजनाका साथै तिनका समष्टिबाट र तीभित्रका स्वर र व्यञ्जन वर्णका साम्य वैषम्यबाट जे जस्तो सङ्गीत पैदा हुन्छ त्यो नै कविताको लय हो । (भण्डारी र पौडेल २०६६ह ६) । त्यसैले कविता विधाका महत्त्वपूर्ण संरचक अवयवका रूपमा लयविधान रहेको छ ।

### ४.३.१.३ केन्द्रीय कथ्य र भाव विचार

जीवन, जगत्, मानव चेतना, मानव मन र अनुभव एवम सम्पूर्ण कार्यहरूको कथन कवितामा प्रस्तुत हुन सक्छ । यसरी जीवन र जगत्को रागात्मक र कलात्मक कथनको सारतत्त्व नै कविताको केन्द्रीय कथ्य हो । “यो (केन्द्रीय कथ्य) उपदानलाई विधागत र अन्तर्विधागत, बाह्‌य आन्तरिक संरचना र कथन पद्धतिमार्फत् भाषाशैलीद्वारा लयात्मक र अन्य रूपात्मक तत्त्वका सहकारितामा भावनात्मक परिपाक र परिणतिमा पुऱ्याई प्रशोधित

गरिएको तत्त्व हो" (त्रिपाठी र अन्य, २०४६ : २०) । कविताको केन्द्रीय कथ्य कविताको मूल विषय वा सन्देश वा भाव विचार पनि हुन सक्दछ । "कवितामा प्रयोग गरेको विषयवस्तु कि कविमन वा मानव मनका भावना वा विचारबाट प्रेरित हुन्छ र कविता मानव मनका भावना वा वैचारिक दृष्टिकोणको जे जस्तो अभिव्यक्ति भएको हुन्छ, त्यही नै कविताको भावविचार हो । (भण्डारी र पौडेल, २०६६ : ७) ।" यसरी प्रस्तुत भएको भाव विचार भावमय रागमय भई कलात्मक रूपमा अभिव्यक्त भएको हुन्छ ।

### ४.३.१.४ संरचना र आयाम

कविताको संरचना भनेको त्यस कविताको सिङ्गो बनोट र बुनोट हो । " पङ्क्ति पङ्क्ति वा पाउ पाउ मिली अनुच्छेद वा श्लोक बन्नु र श्लोक श्लोक अनुच्छेद अनुच्छेद र परिच्छेद परिच्छेद वा सर्ग सर्ग मिली कवितात्मक संरचना बनेको हुन्छ" (भण्डारी र पौडेल, २०६६ : ७) । संरचना दुई किसिमको हुन्छ आन्तरिक र बाह्य । कविताको बाह्य संरचना त्यसका लयात्मक खण्ड/गण र विश्राम भई पाउ/ चरण वा पङ्क्ति विधान तथा पङ्क्ति पुञ्जसागै थालिन्छ त्यसका विविध भाग/परिच्छेद हादै विस्तारित हुन्छ अनि खण्डकाव्यमा पुग्दा सर्ग योजना पनि देखा पर्दछ (त्रिपाठी र अन्य, २०४६ : १८) कविताको लम्बाई चौडाइ र गहिराइ नै आयाम हो । कुनै कविता कृतिको आयाम भन्नु कथ्य श्रव्य स्तरमा प्रथमतः त्यस कृतिको कथन र श्रवणकालको लमाइ नै हो त्यो मुख्यतः कालिक मापन हुने गर्छ (त्रिपाठी र अन्य, २०४६ : २१) । यसबाट भावकका हृदयमा पर्ने र वस्तुतः त्यस कविताभित्रै पनि अन्तर्निहित रहने गेय- श्रव्य छन्दगत/लयगत पङ्क्तिको संरचनालाई चौडाइ एवम् कथ्य भाव बिम्बको स्वरूप र प्रभाव दुवैको चौडाइ लमाइसहित बोध हुन्छ (त्रिपाठी र अन्य, २०४६ : २१) । कविताको महत्त्वपूर्ण संरचक अवयव संरचना र आयाम पनि हो ।

### ४.३.१.५ कथनपद्धति

कवितामा कथनका बेग्लाबेग्लै ढङ्ग हुन्छन् । कविता, कविको एकालापात्मक अभिव्यक्ति हो तथापि विभिन्न कवितामा कवि कथनका ढङ्ग वा पङ्क्तिमा केही पृथक्ता पनि पाउन सकिन्छ । "कवितामा कवि आफैले ुमू का कोणबाट कथन गरेको छ भने त्यो प्रथम/उत्तम पुरुषात्मक कथन हो र यसलाई कवि प्रौढोक्ति भनिन्छ । कवितामा कविले तृतीय पुरुषात्मक कोणबाट पनि कथन गर्न सक्दछ र त्यस्तो कथनलाई कवि निबद्धवक्तृ प्रौढोक्ति भनिन्छ " (भण्डारी र पौडेल, २०६६ : ७) कविता मूलतः आत्मालाप वा मनोलाप

गर्ने भाषिक लयात्मक कथन कला हो । "यो (कथन पद्धति) कथन कौशलका रूपमा उच्चार्यगेय रहने परिप्रेक्ष्यमा कथनपद्धति कवितामा पनि एक महत्त्वपूर्ण पक्षका रूपमा रहेको हुन्छ । कवि आफै सिधै कुनै कवितात्मक कथन गर्दछ भने त्यो कविप्रौढोक्ति हो" (त्रिपाठी र अन्य, २०४६ : १९) । कथनपद्धतिले बाहृय आस्वादनमा प्रभावकारिता ल्याउाछ ।

### ४.३.१.६ भाषाशैली

भाषाशैली कविताको आधारभूत तत्त्व हो । "कवितामा व्यक्त गर्नुपर्ने मूल विषयवस्तु वा भावविचारलाई व्यक्त गर्न सबभन्दा उपयुक्त देखिने वर्ण, शब्द, शब्दावली, वाक्य र अनुच्छेद प्रयोगको चयन कौशल नै कविताको भाषाशैली हो" (भण्डारी र पौडेल, २०६६ : ७) । कविताको भाषाशैली अभिधात्मक नभएर लाक्षणिक वा व्यञ्जनात्मक हुनुपर्छ । कविताको भाषाशैली रागात्मक र सौन्दर्यपूर्ण हुनुपर्छ । "कविताको भाषाशैली भन्नु जुन अर्थको कथन कुनै कविता कृतिले गर्नु छ त्यसका निम्ति उपलब्ध भाषिक विकल्पमध्येबाट सबभन्दा बढी ललित र रागात्मक अनि व्यञ्जक र लयात्मक हुन सक्ने गरी वर्ण, शब्द/पद पदावली, वाक्यखण्ड, वाक्य र अनुच्छेद विधानसमेत सिर्जित हुने कुरा हो " (त्रिपाठी र अन्य, २०४६ : १९) । कवितामा कविले मानक आधारभूत भाषिक व्यकरणको परिपालन गरेर पनि पद, पदावलीगत, वाक्यगत र अनुच्छेदगत अनेकौा व्यतिक्रम र अतिक्रमण समेतबाट भाषाशैलीले बढी व्यापकता, लालित्य र लयात्मकता प्रस्तुत गर्दछ ।

### ४.३.१.७ बिम्बालङ्कार

कवितामा व्यक्त भाव विचारलाई प्रभावकारी बनाउनका लागि सम्बन्धित भाव विचारसागै आउने तत्त्व विम्बालङ्कार हो । "जीवन जगत्का विभिन्न स्रोतबाट टिपिएका विम्ब वा उपमानको प्रयोग कवितामा गरिएको हुन्छ र तिनले कवितामा गहना वा अलङ्कारको भूमिका खेली कविताको मूल भावलाई प्रभावकारी तुल्याउाछन्" –भण्डारी र पौडेल, २०६६ : ८) । कवितामा मुख्य कथ्य अर्थको सहचर प्रतिच्छायाका रूपमा आउने अर्को सहकर्मी अर्थ विम्ब हो । "जीवन जगतका विविध सन्दर्भ र समाग्रीबाट विम्ब विधान हुन सक्छ र अर्थालङ्कारहरू विम्बविधानकै उपक्रम हुन् । यी विम्बहरू कविताका पनि भावपरिपोषक तथा भावव्यञ्जक तत्त्वसमेत हुन्" (त्रिपाठी र अन्य, २०६६ : २१) । कवितामा आउने विम्ब काव्यका सौन्दर्यवर्धक एकाइ हुन् ।

उल्लिखित यिनै तत्त्वका आधारमा आधारित कविता सङ्ग्रह ुमनका सुस्केरा मा रहेका कविता कृतिहरूको विधातात्त्विक विश्लेषण गरिएको छ ।

### ४.३.२ ुमनका सुस्केरा कविता सङ्ग्रहमा रहेका कविताहरूको विश्लेषण

प्रस्तुत कविता सङ्ग्रहमा ५८ वटा कविता कृतिहरू रहेका छन् । यी कविताहरूको विधातात्त्विक विश्लेषण यस शीर्षक अन्तर्गत गरिएको छ ।

#### ४.३.२.१ ुदेश र म कविताको विश्लेषण

प्रस्तुत कवितालाई कविताका संरचक तत्त्वहरू शीर्षक, लय, केन्द्रीय कथ्य, संरचना, कथनपद्धति, भाषाशैली र विम्बालङ्कारका आधारमा विश्लेषण गरिएको छ ।

**(क) शीर्षक**

प्रस्तुत कविताको शीर्षक ुदेश र म रहेको छ । म पात्र आ ँनो देशभन्दा टाढा रहेकाले स्मृति सन्दर्भद्वारा आ ँनो देशको स्मरण गरी राष्ट्रियतासाग जोडिएका अनेक सन्दर्भ प्रस्तुत गरको छ । यसको कथ्य देशभक्ति रहेकाले जन्मभूमिबाट टाढा रहेका व्यक्तिहरूले देशप्रति गर्ने अगाध प्रेम कवितामा सशक्ततापूर्वक आएकाले शीर्षक र कथ्यका बिच तालमेल रहेको देखिन्छ ।

**(ख) लय विधान**

प्रस्तुत कवितामा मुक्तलय ढााचाको प्रयोग भएको छ । बाहृय लयभन्दा यसको आन्तरिक लय सशक्त छ । छोटा र निश्चत लमाइका वाक्यढााचा, अनुच्छेद ढााचाको प्रयोगले अन्ततः सङ्गीतात्मक गीतिगेय अवस्थाको सिर्जना भएको छ । ुमेरो माया गाासिएको छ : ुमेरो देश गाासिएको छ : मेरो प्राण गाासिएको छ(पृ. २०) जस्ता वाक्यात्मक पुनरावृत्ति र लयगत साधर्म्यले कविताको आन्तरिक र बाहृय दुवै स्तरमा लय सौन्दर्यको सिर्जना गरेको छ । त्यस्तै यस कवितामा ुम वर्णको अनेक पुनरावृत्तिबाट अनुप्रास अलङ्कारको सिर्जना भई कविताको भाव रमणीयतामा बृद्धि भएको छ । जस्तै : माटोसाग मेरो प्रकृतिमा (पृ.२) मा तिनवटा ुम वर्णको पुनरावृत्तिद्वारा आनुप्रासिकताको सिर्जना भएको छ ।

**(ग) केन्द्रीय कथ्य/भावविचार**

प्रस्तुत कवितामा देशभक्ति केन्द्रीय कथ्य भएर आएको छ । देश छोडेर टाढा जानेहरूमा उत्पन्न हुने स्वदेश प्रेमको कलात्मक अभिव्यक्ति यस कवितामा भएको छ । जहाा गए पनि देशभक्ति र आ ि नो जातीय गौरव भुल्न नसकिने भाव यस कवितामा रहेको छ ।

### (घ) संरचना र आयाम

प्रस्तुत कविता स-साना पााच अनुच्छेदमा संरचित छ । पहिलो अनुच्छेदमा तिनवटा वाक्य, दोस्रोमा चारवटा, तेस्रोमा दशवटा, चौथोमा सातवटा र पााचौमा चौधवटा वाक्यहरू रहेका छन् । निश्चित आयामका शब्द, पद र पदावलीहरूसहित देशभक्तिको चूर्ण आख्यान यसमा रहेको छ । देशभक्तिको भावना प्रस्तुत गर्न सफल यस कविताको वाचनका लागि करिब डेढ मिनेट समय लाग्ने देखिन्छ । यसको बाह्य संरचना र आन्तरिक संरचना दुवै सशक्त रहेको छ ।

### (ङ) कथनपद्धति

प्रस्तुत कवितामा कवि स्वयं ुमू पात्रका रूपमा उपस्थित भएको छ । कवि नै स्वदेशबाट टाढा भएर विदेशमा रहादा स्वदेश प्रेम, जातीय गौरव र देशभक्तिको भावना प्रस्तुत गरेकाले प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ । यसको कथन पद्धति कवि कथनको रूपमा आएकोले कविप्रौढोक्ति रही कविताको प्रभावकारितामा वृद्धि भएको छ ।

### (च) भाषाशैली

प्रस्तुत कवितामा ललित भाषाशैलीको प्रयोग भएको छ । देशभक्तिसाग गाासिएर त्यसलाई प्रस्ट पार्न आएका अनेकन भाषिक पद, पदावलीले कविताको भाषिक सौन्दर्यमा वृद्धि गरेको छ । प्रस्तुत कवितामा अभिधात्मक अर्थ सन्दर्भकै माध्यमबाट देशभक्तिको भावनालाई प्रस्तुत गरिएको छ । आत्मीयता, माया, प्रताडित माटो, नदीनाला, प्राण, देश चुम्नु जस्ता शब्दहरूले देशभक्तिको भावना उजागर गर्न सक्षम रहेका छन् । त्यस्तै मानक पदक्रमको अतिक्रमण गरी सार्थक विचलनयुक्त पद-पदावलीले कविताको भाषिक सौन्दर्यमा वृद्धि गरेका छन् ।

### (छ) विम्बालङ्कार

प्रस्तुत कवितामा प्रकृतिबाट टिपिएका विम्बहरूको प्रयाग भएको छ । नदीनाला, हिमाल, माटोसागको विम्बहरूबाट देशभक्तिको भावना प्रस्तुत भएका छन् । प्रस्तुत कवितामा विम्बको कलात्मक र चमत्कृत प्रयोग भने भएको छैन । विम्बको सौन्दर्यपूर्ण र व्यञ्जनात्मक प्रयोगका दृष्टिले यो कविता कमजोर रहेको छ । अतः यो कविता अविधाका तहमा मात्र सार्थक र सीमित हुन पुगेको छ ।

**४.३.२.२ ‍ मन्‌ कविताको विश्लेषण**

**(क) शीर्षक**

प्रस्तुत कविताको शीर्षक *मन* रहेको छ । मानव मनका अनेकन प्रसङ्गहरूद्वारा मनको गति, चञ्चलताहरू र महत्त्वकाङ्क्षालाई यस कविताले प्रस्तुत गरेकाले ‍ मन्‌ शीर्षक कविताको अभिव्यञ्जनाको दृष्टिले सफल रहेको छ । कथ्य र शीर्षकका बिचमा उपयुक्त तालमेल देखिन्छ ।

**(ख) लयविधान**

प्रस्तुत कविता मुक्त लय ढााचामा लेखिएको छ । यसको आन्तरिक लय सशक्त छ । निश्चित लमाइ र चौडाइका वाक्य र अनुच्छेद याजना, वर्ण, शब्द र पङ्क्तिहरूको पुनरावृत्ति, अर्थगत समनता आदि कारणले यसको आन्तरिक र बाह्‍य दुवै तहमा सङ्गीतात्मक लय सौन्दर्यको वृद्धि भएको छ । मूलतः गद्यलय ढााचाको अन्तः सङ्गीतात्मक भाव सौन्दर्य नै यस कविताको लय हो ।

**(ग) केन्द्रीय कथ्य / भाव विचार**

प्रस्तुत कवितामा मानव मनको विशेषता प्रस्तुत भएको छ । मानव मन चञ्चल छ, गतिशील छ, सुखको प्रेरणाबाट अभिप्रेरित छ (पृ. २२), दुःखको साथी छ भन्ने अनेक प्रसङ्गद्वारा मानव मनको विशेषता प्रस्तुत भएकाले मानव मनको स्वरूपगत प्रस्तुति नै यस कविताको कथ्य/भाव हो ।

### (घ) संरचना र आयाम

प्रस्तुत कविता स–साना सातवटा अनुच्छेदहरूमा संरचित छ । पहिलो अनुच्छेदमा ६ वटा वाक्य, दास्रो अनुच्छेदमा पााचवटा वाक्य, तेस्रो अनुच्छेदमा सातवटा वाक्य, चौथोमा नौवटा वाक्य, पााचौमा चारवटा वाक्य, छैटौमा छवटा वाक्य र सातौमा पाचवटा वाक्य रहेका छन् । निश्चित आयाम र छोटा–छोटा आयामका यी अनुच्छेद र वाक्यहरूको पठनकाल करिब दुई मिनेटको देखिन्छ । यसमा भावको सूक्ष्म विश्लेषण रहेकाले सिङ्गो कवितामा मात्र विचारको पूर्ण अडान रहेको छ । यो लघु आकारको संरचनात्मक आयाममा संरचित छ ।

### (ङ) कथन पद्धति

प्रस्तुत कवितामा कविले तृतीय पुरुष ढाँचामा मानव मनको विशेषता वर्णन गरेका छन् । कवि निबद्ध वक्तृप्रौढोक्ति कथन पद्धतिमा विषयवस्तुगत कथ्य प्रस्तुत भएकोले प्रस्तुत कविताको प्रस्तुतिगत प्रभावकारितामा वृद्धि भएको छ । कथ्य विषय र प्रस्तुतिगत कथनपद्धतिका दृष्टिले यो कविता प्रभावकारी रहेको छ ।

### (च) भाषाशैली

प्रस्तुत कवितामा कवितात्मक दृष्टिले सुन्दर र आकर्षक भाषाशैलीको प्रयोग भएको छ । ललित भाषिक प्रस्तुतिबाट कविताको भावसौन्दर्यमा समेत वृद्धि भएको छ । तत्सम, तत्भव र आगन्तुक स्रोतका शब्दहरू, निश्चित ढाँचाका शब्द, वाक्य र अनुच्छेदहरू सार्थक भाषिक अतिक्रमणले निमार्ण भएको भाषिक विचलन आदिबाट प्रस्तुत कविताको भाषा लालित्यमय र श्रुतिमधुर रहेको छ ।

### (छ) विम्बालङ्कार

प्रस्तुत कवितामा जीवन र जगत्बाट टिपिएका सुन्दर विम्बहरूको प्रयोग भएको छ । ुचाहनाहरू नदीझैं कलकल बगिरहेका छन्ू (पृ.२१), ुबाटो बिराएको बटुवाको थकित अनुहार जस्तै (पृ.२१ ) जस्ता अनेक सन्दर्भबाट सुन्दर विम्ब र त्यससाँगै उपमा, दृष्टान्त जस्ता अलङ्कारहरूको सिर्जना भई कविताको शोभामा वृद्धि भएको छ । इन्द्रिय संवेद्य विम्बहरू त्यसबाट सिर्जित अलङ्कारले यस कविताको भाव रमणीयतामा वृद्धि गरेकाले प्रस्तुत कविता अभिव्यञ्जनात्मक बन्न पुगेको छ ।

### ४.३.२.३ ‸पीडा‸ कविताको विश्लेषण

**(क) शीर्षक**

प्रस्तुत कविताको शीर्षक ‸पीडा‸ रहेको छ । मानव मनमा विभिन्न बाहृय र आन्तरिक कारणले उत्पन्न हुने वेदनालाई पीडासाग जोडेर ‸पीडा‸ नै जीवनको शाश्वत् पक्ष रहेको केन्द्रीय कथ्यलाई प्रस्तुत शीर्षकले पुष्टि गरेको छ । अतः कथ्य र शीर्षकका विचमा उपयुक्त तालमेल रहेको छ ।

**(ख) लय विधान**

प्रस्तुत कवितामा मुक्त लयढााचाको प्रयोग गरिएको छ । निश्चित लमाइका वाक्य, लाटानुप्रस अलङ्कार, वृत्यानुप्रास र श्रुत्यानुप्रास अलङ्कारको प्रयोगद्वारा शीर्षक तहमा उत्पन्न हुने अन्त र बाहृय सङ्गीतात्मकताको श्रुतिरम्य प्रयोग यस कवितामा भएकाले मुक्त लयढााचा भित्रै सङ्गीतात्मक लयको श्रुतिमाधुर्यता सिर्जना भएको छ ।

**(ग) केन्द्रीय कथ्य / भाव विचार**

जीवनमा पीडा छ र पीडासागै बााच्न सिक्नुपर्छ भन्ने भाव नै यस कविताको केन्द्रीय कथ्य हो । जीवनका आन्तरिक र बाहृय सङ्घटनाद्वारा पीडा उत्पन्न हुने गर्छ । मान्छे पीडाभन्दा अलग रहेर बााच्न सक्दैन । त्यसैले पीडामै हास्न, खेल्न तथा मर्न सिक्नुपर्छ भन्ने कथ्य यस कविताले प्रस्तुत गरेको छ ।

**(घ) संरचना र आयाम**

प्रस्तुत कविता दुई वाक्यदेखि पााच वाक्यसम्मका साना र मझौला ६ वटा अनुच्छेदहरूमा पूर्ण भएको छ । छोटो-छोटा वाक्य ढााचाका यी अनुच्छेदद्वारा निर्मित सिङ्गो कविताको पठन काल करिब डेढ मिनेटजति रहेको छ । यस कवितामा भावको अत्यन्त सूक्ष्म आख्यानीकरण गरी पीडालाई अनेक सन्दर्भद्वारा पुष्टि गर्ने प्रयत्न गरिएको छ । सिङ्गो कविताले मात्र विचारको पूर्णता दिन सक्ने प्रस्तुत कविता लघु आयाममा संरचित छ ।

**(ङ) कथनपद्धति**

प्रस्तुत कवितामा कविले तृतीय पुरुष ढाँचामा कविनिबद्धवक्तृ प्रौढोक्तिको प्रयोग गरेका छन् । “उनीहरू पीडामै बाँच्न रमाउछन्” भन्ने काव्यांशले यस कुराको पुष्टि गर्छ । प्रस्तुत कविताको कथ्य सन्दर्भ र त्यसको कथन प्रस्तुतिगत ढाँचाका बिचमा सान्दर्भिकता रहेकाले काव्यको प्रभावकारितामा वृद्धि भएको छ ।

**(च) भाषाशैली**

प्रस्तुत कवितामा गद्य भाषाको प्रयोग भएको छ । प्रस्तुत कविताको भाषामा प्रवाहमय काव्यात्मकता र गीतिगेयात्मकता रहेको छ । ललित र प्राञ्जल किसिमका शाब्दिक छनोटबाट काव्यको भाव सौन्दर्यमा वृद्धि भएको छ । मूलतः तत्सम र तत्भव शब्दहरूको काव्यिक विन्यासबाट भाषिक लयको सिर्जना भएको छ । निश्चित लमाइ र चौडाइका वाक्य, भाषिक विचलन आदिले यस कविताको भावसौन्दर्यमा वृद्धि गरको छ ।

**(छ) बिम्बालङ्कार**

प्रस्तुत कवितामा जीवनको एउटा सत्य मानिएको पीडालाई अनेक काव्यका शोभावर्धक तत्त्वद्वारा पुष्टि गर्ने प्रयत्न गरिएको छ । अतिशयोक्तिपूर्ण कथन “पीडाका चोटहरू भित्रबाट कराउदै मीठा स्वर निकाल्छन्” (पृ.२३) । त्यस्तै रूपक अलङ्कार “पीडा आवाज हो र आवाजमा नै पीडा हुन्छ” (पृ.२४) आदि जस्ता अलङ्कारले कथन सन्दर्भलाई रमणीय रूपमा पुष्टि गरेका छन् । त्यस्तै “पीडामै खेल्नु, पीडामै हाँस्नु, पीडामै मर्नु, पीडामै बाँच्न चाहनु” जस्ता अनेक अलङ्कारिक भावहरू यसमा आएका छन् । “पीडाका चोटभित्रबाट एकनासले कराउनु” (श्रोत विम्ब ) जस्ता विम्बहरूले यस काव्यको भाव रमणीयता बढाएका छन् ।

**४.३.२.४ जिन्दगी कविताको विश्लेषण**

**(क) शीर्षक**

प्रस्तुत कविताको शीर्षक *जिन्दगी* रहेको छ । मानव जीवन अमूल्य छ र यसलाई कुनै पनि मूल्यमा सार्थक बनाउनुपर्छ भन्ने भावसन्दर्भ यस कवितामा रहेको छ । जीवनका मूल्य र अस्तित्त्वको रक्षा गर्नुपर्छ, जीवनको महत्त्वलाई बुझ्नुपर्छ भन्ने भावलाई शीर्षकले पुष्टि गर्न सफल भएको छ ।

**ख)  लय विधान**

प्रस्तुत कविताामा गद्य लयढााचाको मुक्त प्रयोग भएको छ । निश्चित लमाइ र ढााचाका शब्द र वाक्यहरू, अनुप्रास अलप्रकार वर्णहरूको साम्य र वैषम्य पुनरावृति आदिका कारणबाट अन्तः सङगीतात्मक काव्य भाषाको निर्माण भएको छ ।

**ग)  केन्द्रीय कथ्य/भाव विचार**

प्रस्तुत कविताको मुख्य भाव जीवनको महत्त्वलाई देखाउनु हो । जिन्दगी अमूल्य छ र यसलाई सार्थक बनाउनु पर्छ भन्ने केन्द्रीय कथ्य प्रस्तुत कविताको रहेको छ । जीवनलाई सुन्दर ढङ्गबाट परिभाषित गरी सार्थक जीवनको कामना गर्न प्रयत्न गर्नु यस कविताको केन्द्रीय कथ्य/भाव विचार हो ।

**घ) संरचना र आयाम**

प्रस्तुत कवितामा तिन वाक्यदेखि बाह्र वाक्यसम्मका छवटा अनुछेदहरू रहेका छन् । प्रायः छोटा र अधिकांश अन्त्यानुप्रास युक्त वाक्य ढााचाको प्रयोग भएका छन् । प्रस्तुत कविताको वाचनकला करिब तिन मिनेटको रहेको छ । भावको सूक्ष्म आख्यानीकरणद्वारा जीवनको मूल्यबोध देखाउन सफल प्रस्तुत कविताको अभिव्यञ्जना सम्पूर्णतामा मात्र रहेको छ । यो कविता मझौला आयाममा संरचित छ ।

**(ङ)  कथन पद्धति**

प्रस्तुत कवितामा द्वितीय पुरुष सम्बोधन ढााचाको प्रयोग भएको छ । समाख्याताले ॅतिमीॅ पात्रलाई सम्बोधन गरी जीवनको मूल्य र महत्त्वलाई पुष्टि गर्ने प्रयत्न गरिएको छ । यस क्रममा अनेक सन्दर्भहरूद्वारा जीवनको शाश्वत् पक्षलाई देखाउने प्रयत्न गरिएको छ ।

**(च)  भाषाशैली**

प्रस्तुत कवितामा श्रुतिमधुर भाषाको कवितात्मक प्रयोग गरिएको छ । तत्भव शब्दको बाहुल्य रहेको प्रस्तुत कवितामा तत्सम र कहीा कहीा आगन्तुक स्रोतका शब्दहरू पनि रहेका छन् । विचलनयुक्त वाक्य ढााचा र आलङ्कारिक भाषा रहेकाले यस काव्यको

भाषिक सौन्दर्य र भावरमणीयतामा वृद्धि भएको छ । यस कवितामा वर्णनात्मक शैली रहेको छ ।

**(छ) बिम्बालङ्कार**

प्रस्तुत कवितामा जीवन र जगत्बाट टिपिएका विम्बहरूको सुन्दर प्रयोग भएको छ । मूलतः इन्द्रिय सम्वेद्य विम्ब र ती विम्बद्वारा भावको पुष्टि गर्ने प्रयत्न गरिएको छ । "पाखाभरि फुलेको लालुपाते जस्तै जिन्दगी" (पृः २४), "वन पाखाको सुानखरीजस्तै मुस्कुराइरहेको जिन्दगी" (पृ. २४) जस्ता विम्बहरूले कविताको भावरमणीयतामा वृद्धि गरेको छ । यी विम्बद्वारा सिर्जित दृष्टान्त, रूपक, अत्युक्ति आदि अलङ्कारहरूले कविताको भावसौन्दर्यमा वृद्धि गरेको छ ।

**४.२.२.४ ुमुस्कान् कविताको विश्लेषण**

**(क) शीर्षक**

प्रस्तुत कविताको शीर्षक ु*मुस्कान्* रहेको छ । जिन्दगीमा अनेक आरोह र अवरोह आउने तथा सुखका क्षणभन्दा दुःखका क्षण बढी हुने भएकाले मानिसले मुस्कान दिने क्षमता गुमाउादै गएको केन्द्रीय कथ्यलाई यस शीर्षकले सङ्केत गरेको छ । दुःखका बिचमा मुस्कुराउनु पर्ने विसङ्गत बाध्यता रहेको यथार्थलाई प्रस्तुत शीर्षकले सङ्केत गरेको हुादा केन्द्रीय कथ्यलाई अभिव्यक्त गर्न शीर्षक सक्षम रहेको छ ।

**(ख) लय विधान**

प्रस्तुत कवितामा गद्य लय ढााचाको प्रयोग भएको छ । एउटै लमाइ र आयतनका कविताका हरफ र पङ्क्तिहरू तथा ध्वनि र वर्णको साम्यताबाट एक प्रकारको आन्तरिक लयको समेत सिर्जना भएको छ । ुहोइन-होइन्, हो-हो् ुआासुमा वेदनामाृजस्ता ध्वनि र वर्णसाम्य लयको आयोजनाले अत्यन्त चपल र प्रवाहमय कथ्य भाषाको साङ्केतिक लय सिर्जना गरको छ ।

**(ग) केन्द्रीय कथ्य**

प्रस्तुत कविताले जीवनमा दुःख रहेको र मुस्कान वा हाँसोको क्षण अत्यन्त कम प्राप्त हुने हुनाले मुस्कानको महत्त्व रहेको विषय प्रतिपादन गरेको छ । वर्तमानका अस्त व्यस्तताबाट मुस्कान् प्राप्त गर्नु दुर्लभ रहेको सङ्केत यस कविताले गरेको छ । मानिस ओठमा दिव्य मुस्कानका लागि जीवन सङ्घर्ष गरिरहेको र फगत त्यो मुस्कान पनि प्राप्त हुन नसकेको तितो यथार्थलाई केन्द्रीय कथ्यका रूपमा प्रस्तुत गरिएको छ ।

**(घ) संरचना र आयाम**

प्रस्तुत कविता ससाना पाँचवटा अनुच्छेदहरूमा पूर्ण भएको छ । तिनवटा पङ्क्ति देखि १८ वटा ससाना वाक्यात्मक संरचनाका पङ्क्तिहरूमा विस्तारित रहेको छ । यसबाट प्रस्तुत कविताको पङ्क्ति र अनुच्छेद योजनाको वितरण असमान देखिन्छ । लयबद्ध वाचन गर्दा डेढ मिनेट जति लाग्ने यो कविता लघु आयाममा संरचित छ ।

**(ङ) कथन पद्धति**

प्रस्तुत कवितामा बाह्य कथन पद्धति रहेको छ । समाख्याता कविता भन्दा बाहिरै बसेर जीवन सङ्घर्ष र पीडाको गीत गाइ रहेको छ । अतः प्रस्तुत कविता कविनिबद्धवक्तृ प्रौढोक्ति उक्ति ढाँचामा प्रस्तुत भएको छ । यसबाट कविताको प्रभावकारितामा वृद्धि समेत भएको छ ।

**(च) भाषाशैली**

प्रस्तुत कवितामा हार्दिक र सुललित भाषाको प्रयोग भएको छ । जीवनको पीडालाई कोमल वर्ण र पदावलीको प्रयोग छ । अत्यन्त प्रचलित तत्सम शव्द र तत्भव शव्दको औचित्यपूर्ण संयोजनद्वारा भाषिक विविधताको समेत सिर्जना भएको छ । विचलनयुक्त पङ्क्ति योजना, आलङ्कारिक काव्य भाषा, गद्य भाषाको प्रवाहमय/चपल प्रयोग तथा सङ्गीतात्मक लय र श्रुतिमधुरताको कारण यस कविताको भाषा आलङ्कारिक र प्रभावकारी रहेको छ ।

### (छ) विम्बालङ्कार

प्रस्तुत काव्यमा विभिन्न सन्दर्भबाट टिपिएका विम्ब र ती विम्बबाट निर्मित अलङ्कारको सुन्दर प्रयोग भएको छ । जीवन र जगत्बाट विम्ब टिपिएको छ । जस्तै- टिलपिलाउादै खसेको आासुमा मुस्कान हुन्छ (पृ.२६) - दृश्य विम्ब । यस कवितामा अलङ्कारको पनि प्रयोग भएको छ । जस्तैः

आासु मुस्कान होइन वेदना हो- अपन्हुति अलङ्कार

वेदना छरिएका आासुमा मुस्कान हुादैन - निषेध अलङ्कार

आासु वेदना मात्र होइन समवेदना पनि हो - अपन्हुति अलङ्कार

जीवन नै सङ्घर्ष हो - रूपक अलङ्कार

यी अलङ्कार र विम्बबाट कविताको भावरमणीयतामा वृद्धि भएको छ ।

## ४.३.२.५ फूलहरू कविताको विश्लेषण

### (क) शीर्षक

प्रस्तुत कविताको शीर्षक फूलहरू रहेको छ । फूललाई सुन्दरताको प्रतीकका रूपमा लिादै कर्मशील जीवनबाट प्राप्त भएका फूललाई फूलसाग तुलना गरी त्यसबाट दिव्य आनन्द र सुन्दरता प्राप्त हुने कथ्य प्रस्तुत छ । त्यसलाई प्रस्तुत गर्न प्रस्तुत कविताको शीर्षक सक्षम रहेको छ ।

### (ख) लय विधान

प्रस्तुत कविता गद्य लयमा सिर्जना भएको छ । दुई शब्ददेखि चार शब्दसम्मको पद विस्तार र तिन पङ्क्ति देखि १३ पङ्क्तिसम्मको पङ्क्ति योजनाको कारण आयामगत दृष्टिले पनि एक प्रकारको अन्तः सङ्गीतको सिर्जना गरेको छ । अन्त्यानुप्रास झैं लाग्ने ध्वनि र वर्णहरूको साम्यताबाट एक प्रकारको बाह्य लयसमेत सिर्जना भएको छ । आकर्षक शब्द शैय्या र छोटा छोटा शब्द योजनाले लयगत सौन्दर्यमा वृद्धि गरेको छ ।

### (ग) केन्द्रीय कथ्य

प्रस्तुत कविताले फूललाई सुन्दरताको प्रतीकका रूपमा अर्थ्याउदै त्यसको अभिव्यञ्जना कर्मशील परिश्रमपूर्ण जीवनमा गरेको छ । मेहनती र कर्मशील जीवन फूलझैं सुन्दर हुने केन्द्रीय भाव यस कवितामा रहेको छ ।

**(घ) संरचना र आयाम**

प्रस्तुत कविता ससाना ६ वटा अनुच्छेदगत लमाइमा पूर्ण भएको छ । तिन वाक्य देखि १३ वाक्यसम्मका पङ्क्ति योजना यस कवितामा देखिन्छ । छोटा र आकर्षक शब्दहरूको शैचयाका कारण प्रस्तुत कविता संरचनात्मक दृष्टिले अत्यन्त आकर्षक देखिन्छ । यस कविताको लयबद्ध वाचनका लागि करिब डेढ मिनेट जति लाग्ने देखिन्छ । प्रस्तुत कविता लघु आयाममा संरचित छ ।

**(ङ) कथन पद्धति**

प्रस्तुत कवितामा तृतीय पुरुष कथनढााचाको प्रयोग भएको छ । माली बगैाचा, बगैचा माली, फूलहरूको सुन्दरता संरक्षक हो ऊ (पृ.२८) भन्ने कथनमा तृतीय पुरुष कथन ढााचाको प्रयोग भएको पुष्टि हुन्छ । यस कवितामा समाख्याता कविताभन्दा बाहिरै बसेर जीवनरूपी सौन्दर्यको गीत गाएको छ । अतः प्रस्तुत कविता कविनिबद्ध वक्तृ प्रौढोक्ति ढााचामा संरचना गरिएको छ ।

**(च) भाषाशैली**

प्रस्तुत कविताको भाषा आकर्षक र मनोहर किसिमको छ । अत्यन्त आकर्षक शब्द योजना, दुईदेखि चार शब्दसम्मको वाक्य याजना र तत्सम र तत्भव शव्दको मधुर प्रयोग यस कविताको भाषिक विशेषता हो । विशेष कथनयुक्त र आलङ्कारिक भाषाका कारण भाषिक विचलन भई कविताको अर्थ सौन्दर्यमा समेत वृद्धि भएको छ ।

**(छ) विम्बालङ्कार**

प्रस्तुत कवितामा जीवन र जगत्का विविध सन्दर्भमा टिपिएका विम्बहरूको प्रयोग गरिएको छ । खास गरी वनस्पति जगत्साग सम्बद्ध ुफूलू लाई जीवनको सुन्दर पक्षसाग विम्बात्मक अभिव्यञ्जनाका साथ तुलना गरिएको छ । परिश्रमी र सङ्घर्षशील जीवन फूल जस्तै सुन्दर हुन्छ भनी शीर्षक विधानमा दृष्टान्त अर्थगत रूपमा अलङ्कारको आयोजना गरिएको छ । त्यस्तै सङ्घर्षशील र परिश्रमी जीवनलाई फूलसाग आरोप गरिएकाले आरोप्य अलङ्कार (रूपक) पनि सिर्जना हुन पुगेको छ । ुमाली बगैाचा,बगैाचा मालीू भन्ने कवितांशमा मालोपमा अलङ्कार रहेको छ । किनकि यहाा उपमान र उपमेय सुशृङ्खलित पमा आएका छन् ।

### ४.३.२.६ बगैाचा माली र पीडाबोध कविताको विश्लेषण

**(क) शीर्षक**

प्रस्तुत कविताका शीर्षकहरू ुबगैाचा मालीू र ुपीडा बोधू रहेका छन् । विभिन्न कारणले बगैाचाका फूलहरू नष्ट हुादा मालीलाई पर्ने असरलाई ुबगैाचाको मालीू कविताले देखाएको हुादा कविताको कथ्य र शीर्षकका बिचमा तालमेल रहेको छ । त्यस्तै पीडाबोध कविताले जीवनका दु:ख र पीडालाई कथ्यका रूपमा देखाएको र मानिस नचाहेरै भए पनि जीवनका पीडाहरू बोध गर्न बाध्य देखाइएकाले शीर्षक र कथ्यका बिचमा तालमेल रहेको छ ।

## (ख) लय विधान

प्रस्तुत कविताहरू गद्य लय ढााचामा लेखिएका छन् । गद्य लय ढााचाका भएकाले यी कवितामा आन्तरिक लयको सिर्जना भएको छ । व्यञ्जन वर्णको साम्यताको कारण श्रुतिमधुरता र साङ्गीतिकताको सिर्जना भएको छ । यी कवितामा *प* वर्ण *म* वर्ण र *त* वर्णको बढी प्रयोग भएकाले माधुर्य गुणको सिर्जना समेत हुन पुगेको छ । समग्रमा प्रस्तुत पङ्क्तिहरू  गेयात्मक आश्वाद्य र अत्यन्त लयात्मक कोमल किसिमका रहेका छन् ।

## (ग) केन्द्रीय कथ्य

पीडाबोध कवितामा जीवनका दुःख र पीडाहरूलाई मानिसले बाध्य भएर सहनु पर्छ । यो नै जीवनको एउटा सत्य पनि हो भन्ने भावसन्दर्भलाई केन्द्रीय कथ्यका रूपमा प्रस्तुत गरिएको छ । त्यस्तै ुबगौचा माल्ाी कवितामा जीवन कसैका लागि समर्पणमा आनन्द आउने र आफूले रक्षा गरेको वस्तु आफूबाट गुम्दा आˆनो जीवनको मूल्य समाप्त हुने कथ्य सन्दर्भलाई बगौचाका मालीका प्रसङ्बाट पुष्टि गरिएको छ । फूल अनेक कारणले नष्ट हुादा मालीका मनमा पर्ने चोटका सन्दर्भबाट यसको पुष्टि भएको छ ।

## (घ) संरचना र आयाम

ुबगौचाको माल्ाी कविता चारवटा अनुच्छेदहरूमा पूर्ण भएको छ । त्यस्तै ुपीडाबोध्ा कविता पनि तिनवटा अनुच्छेदहरूमा संरचित छ । पीडाबोध कवितामा दुई शब्ददेखि चार शब्दसम्मको शब्द विस्तार योजनामा देखिन्छ । यस कवितामा छवटा वाक्यदेखि नौ वाक्य सम्मको पङ्क्ति विस्तार देखिन्छ । यसले पङ्क्ति विस्तारको संरचनागत सन्तुलनलाई देखएको छ । यो कविताको लयबद्ध पठन दुई मिनेट जतिमा गर्न सकिन्छ । यो कविता लघु आयाममा संरचित रहेको छ ।

ुबगौचाको माल्ाी कवितामा दुई शब्ददेखि पााच शब्दसम्मको वाक्य संरचना देखिन्छ । यसमा चारवटा अनुच्छेद रहेका छन् । एघार वाक्यदेखि अठार वाक्यसम्मको अनुच्छेद योजना यस कवितामा देखिन्छ । यसको पठनकाल करिब तिन मिनेटको देखिन्छ । यसलाई पनि लघु आयामकै कविताका रूपमा लिन सकिन्छ ।

**(ङ) भाषाशैली**

प्रस्तुत कविताको भाषा सुललित रहेको छ । छोटाछोटा वाक्ययोजनाको आकर्षण तथा शब्दहरूको निश्चित लमाइ, तिनको पुनरावृत्ति, ध्वनि र तत्त्वहरूको साम्य र वैषम्य आदिबाट यी कविताको भाषशैली हार्दिक र रागात्मक बन्न पुगेको छ । तत्सम स्रोत अन्तर्गत प्रचलित शब्दहरूको औचित्यपूर्ण संयोजनले कविताको भाषा मनोहारी बन्न पुगेको छ । काव्य भाषा भएकाले मानक पदक्रमको विचलन र अतिक्रमणबाट कविताको अर्थ सौन्दर्यमा वृद्धि भएको छ ।

**(च) विम्बालङ्कार**

प्रस्तुत कवितामा जीवन र जगत्‌बाट टिपिएका विभिन्न विम्बहरू र ती विम्बहरूबाट निःसृत अलङ्कारको श्रुतिमधुर प्रयोग भएको छ । बगैाचाको माली कवितामा आएका ुमालीू, कालो बादल, प्रचण्ड ताप, बगैाचाको घाउ जस्ता विशेष अर्थयुक्त शब्दवालीले लाक्षणिक अर्थको सिर्जना गरेका छन् । यसले कविताको अर्थसौन्दर्यमा वृद्धि गरेको छ । त्यस्तै पीडाबोध कवितामा प्रयुक्त ुविषालुू, ुविषाक्त भावनाू, ुविषाक्त हेराइू जस्ता केही विशेष अर्थयुक्त पद/पदावलीहरू आएका छन् । यस्ता अलङ्कृत शब्दहरूले कविताको भावरमणीयतामा वृद्धि गरेका छन् ।

**४.३.२.७ ुसपनाू र ुभााडू कविताको विश्लेषण**

**(क) शीर्षक**

उल्लिखित कविताहरूका शीर्षक क्रमशः ुसपनाू र ुभााडू रहेका छन् । सपना कविताले समयको गति र मानिसको चाहनालाई तुलनात्मक रूपमा प्रस्तुत गरी मानिसका सपनाहरू समयको गतिसागै समाप्त हुादै जाने कथ्यलाई ुसपनाू दिएकाले कथ्य र शीर्षकका बिचमा उपयुक्त संयोजन देखिन्छ । त्यसै गरी ुभााडू कवितामा जीवनमा आउने अनेक विसङ्गत मोडहरू सिर्जना गर्न उद्यत रहेका भााडहरूको चित्रण गरिएकाले कथ्य सन्दर्भलाई शीर्षकले प्रस्तुत गर्न सक्षम रहेको छ ।

**(ख) लय विधान**

प्रस्तुत कविताहरू गद्य लय ढाचाको प्रयोग गरी लेखिएका छन् । गद्य लय ढाचामा आन्तरिक लय उत्पन्न भएको छ । यी कवितामा व्यञ्जन वर्णहरूको अनेक किसिमको आवृत्ति क्रम पनि रहेकाले बाह्‍य सङ्गीतात्मकता र लयको समेत आंशिक सिर्जना भएको छ । जस्तै : ुजो हुनुथियो भएन, जो भएन त्यो भयो (भाड),  जस्ता वर्ण, शब्द र अर्थकै तहमा भएका पुनरावृत्तिले श्रुतिमधुरता र हार्दिक संवेद्य लयको सिर्जना गरेको छ ।

### (ग) केन्द्रीय कथ्य

ुसपना कवितामा जीवनका अतृप्तता र असफलतालाई प्रस्तुत गरिएको छ । जीवनमा जति नै प्रयत्न गरे पनि समयभन्दा अगाडि बढेर कुनै सफलता प्राप्त गर्न नसकिने र समयको दास भएर आ िना इच्छा र चाहानाको बलि दिई केवल सपना मात्र देख्न विवश हुनुपर्ने नियतिलाई कथ्यका रूपमा प्रस्तुत गरिएको छ । त्यस्तै भाड कवितामा समाजमा भाडभैलो मच्चाएर आफू रमाउन चाहने स्वार्थी र निकृष्ट प्रवृत्तिको कलात्मक प्रस्तुति गरिएको छ । भाडभैलो र समाजमा उत्पात मच्चाएर आफूलाई ठुलो बनाउन चाहने निकृष्ट स्वार्थी प्रवृत्तिको विरोध गर्नु नै यस कविताको कथ्य हो ।

### (घ) संरचना र आयाम

ुसपना कविता ससाना पाचवटा अनुच्छेदहरूमा पूर्ण भएको छ । तिनवटा वाक्यदेखि पाचवटा वाक्यसम्मका अनुच्छेदहरू यस कवितामा रहेका छन् । तिन शब्ददेखि छ शब्दसम्म लमाइ भएका वाक्य ढाचाको प्रयोग यस कवितामा भएको छ । सस्वर वाचन गर्दा करिव डेढ मिनेट जतिको समय क्रम रहेको यो कविता लघु आयाममा संरचित छ । ुभाडू कविता चार वटा अनुच्छेदहरूमा संरचित छ । यस कवितामा पनि ससाना अनुच्छेदहरू छन् । पाच वाक्यदेखि पन्ध्र वाक्य सम्मका वाक्य ढाचा रहेको यस कविताको अनुच्छेद योजना असमान किसिमको रहेको छ । छोटा छोटा वाक्य, छोटा शब्द र आकर्षक शब्द शय्याका कारण यी दुवै कविताको संरचना आकर्षक किसिमको रहेको छ । पठनकाल करिव दुई मिनेट जति रहेको ुभाडू कविता पनि लघु आयाममै संरचित रहेको छ ।

### (ङ) कथन पद्धति

ुसपना कविता प्रथम पुरुष दृष्टिविन्दुमा लेखिएको छ । यसमा समाख्याता कविता भित्रै बसेर जीवनका सपनाको नालीवेली प्रस्तुत गरेको छ । जस्तै मैले देखेको सपनाले, मेरा दिनहरू गन्दै थिए (पृ. ३३) । यसबाट प्रस्तुत कवितामा आन्तरिक कथन पद्धति रहेको पुष्टि हुन्छ । आफ्नै जीवनका सपनाबारे समाख्याता स्वयंले अभिव्यक्ति दिएको हुनाले कवि प्रौढोक्ति उक्ति ढाँचा रही कविताको प्रभावकारितामा समेत वृद्धि भएको छ । ुभाँडू कवितामा कविताभित्र समाख्याता उपस्थित देखिादैन । समाख्याता कविताभन्दा बाहिरै बसेर समाजमा हुने भााडभैलोको वर्णन गरेको छ । अतः यसमा कवि निवद्ध वक्तृ प्रौढोक्ति ढाँचाको प्रयोग भएको छ । समाजमा हुने भााडभैलो र विकृतिलाई कविताभन्दा बाहिरै बसेर नालीबेली प्रस्तुत गरेको हुनाले कविताको प्रभावकारितामा समेत वृद्धि भएको छ ।

### (च) भाषाशैली

प्रस्तुत कविताहरूमा अन्य कवितामा जस्तै हृदय संवेद्य र प्राञ्जल भाषाशैलीको प्रयोग भएको छ । जीवनका सपना र समाजमा हुने भााडभैलोलाई प्रस्तुत गर्न आयोजना गरिएको शब्दयोजना, वाक्ययोजना, अनुच्छेद योजना र सिङ्गो कविताको अर्थ योजना उपयुक्त रहेको छ । कोमल शब्दहरूको छनोट कविको भाषिक विशेषता हो । भावको पुष्टिका लागि कुन ठाउामा कुन शब्दको चयन ठिक हुन्छ भन्ने कविलाई राम्रो ज्ञान भएको यी कवितामा प्रयुक्त भाषिक शिल्पबाट प्रस्ट हुन्छ । प्रचलित किसिमका तत्सम शब्दहरू ुजीवनू, ुवास्तविकतू, आत्मसातू, निद्रू (पृ ३३–३४) र तत्भव शब्दहरू जस्तै बााच्नु, खेल्नु, भााड्नु, भाडाउनु, गोटी, फसाउनु, मस्त, ब्युाझनु का प्रयोगले कविताको भाषिक विविधतासाग अर्थ सौन्दर्यमा समेत वृद्धि भएको छ । ुसपनाले हिसाब माग्दै थिए घडीका सुइसागू (अर्थतात्त्विक विचलन) जस्ता विचलनयुक्त वाक्यहरूले कविताको भावरमणीयतामा वृद्धि गरेको छ ।

### (छ) विम्बालङ्कार

प्रस्तुत कवितामा विम्ब र अलङ्कारको प्रयोग भएको छ ।ुसपनू शीर्षक नै जीवनको उद्देश्यको प्रतिविम्ब बनेर आएको छ । सपना देख्नुसाग जीवनका महान् उद्देश्यको परिपूर्तिका लागि प्रयत्न गर्नुसाग आरोप गरिएको छ । त्यसै गरी भााड कवितामा ुबााच्नु नै जीवन हू ( पृ. ३४) भनी जीवनलाई बााच्नुसाग आरोप गरिएको छ । यसले सार्थक जीवनलाई ध्वनित भएको रूपक अलङ्कारको समेत सिर्जना भएको छ । त्यस्तै ुभााड्नेहरूको खेल हो यो,

खेल्नेहरूको भाँड हो यो (पृ.३४) भन्ने कवितांशमा उपमेय र उपमान अलङ्कार परस्पर सुशृङ्खलित रूपमा आएको मालोपमा अलङ्कार रहेको छ । यस्ता अलङ्कारबाट कवितका अर्थ सौन्दर्य र भावरमणीयतामा वृद्धि भएको छ ।

### ४.३.२.८ ु तिमी हाँसू र ु आँसू कविताको विश्लेषण

**(क) शीर्षक**

प्रस्तुत कविताहरूको शीर्षक क्रमशः ु तिमी हाँसू र आँसू रहेको छ । मान्छेले हाँस्दा विचार पुऱ्याउनु पर्ने र अरुको पीडा र दुःखमा हाँस्नुको अर्थ नरहने हुँदा उन्मुक्त हाँसो सदैव राम्रो नहुने कथ्य सन्दर्भलाई तिमी हाँस शीर्षकले बहन गरेको हाँदा शीर्षक र कथ्यका बिचमा सम्बन्ध रहेको छ । त्यस्तै आँसु कविताको शीर्षक, र कथ्यका बिचमा पनि तालमेल रहेको छ । यस कविताले मानिसका जीवनबाट आँसु झर्न छोडेको र रगत बग्न थालेको अभिव्यञ्जना प्रस्तुत गरी जीवन अत्यन्त कष्टकर र दारुण बन्दै गई आँखाबाट आँसु आउन पनि सङ्कट पर्दै गएको कथ्यलाई पुष्टि गर्न समर्थ भएकाले यो कविताको शीर्षक ु आँसू सार्थक रहेको छ ।

**(ख) लय**

प्रस्तुत दुवै कवितामा आन्तरिक लयको सिर्जना भएको छ । गद्य कविता भएकाले यी कवितामा आन्तरिक लयगत सौन्दर्य कायम छ । त्यतिमात्र होइन ु तिमी हाँसू कवितामा बाह्य लयको समेत सिर्जना भएको छ । जस्तै :

तिमी हाँस<br>
बुझ पचाएर हाँस<br>
रागमा हाँस<br>
वैरागमा हाँस<br>
जति सक्छौ हाँस<br>
पेट मिची मिची हाँस (पृ. ३६)

यस साक्ष्यले पोखरेलका कविता आन्तरिक ढाँचामा अत्यन्त सुसम्बद्ध र लय बद्ध रही बहिःस्तलमा समेत लयगत सौन्दर्य कायम हुन पुगेको देखिन्छ । यसबाट उनको कुशल कवित्व शिल्प झल्किएको छ । त्यस्तै ु आँसू कवितामा पनि गद्य लय ढाँचाको श्रुतिमधुर प्रयोग

भएको छ । ध्वनि र वर्णहरूको साम्यता र पुनरावृत्तिबाट श्रुति निनाद र साङ्गीतिककताको सिर्जना भएको छ । त्यस्तै पद र पदावलीको पुनरावृत्तिबाट अर्थगत सौन्दर्य समेत कायम हुन पुगेको छ ।

**(ग) केन्द्रीय कथ्य**

ुतिमी हाासू कवितामा हाासो जीवनको एक स्वतन्त्र र उन्मुक्त क्षण भए पनि मानिसले हाास्ने नाममा अरुको संवेदनामा चोट पुऱ्याउनु हुादैन भन्ने सन्देश प्रस्तुत गरिएको छ । आ ँनो खुसीमा हाासिरहादा अरुको खुसीलाई पनि ध्यान दिनुपर्छ भन्ने कथ्य सन्दर्भलाई यस कविताका माध्यमबाट प्रस्तुत भएको छ । त्यस्तै आासु कवितामा पीडा दिनेहरूका कारणले आाखाबाट आासु होइन अरुले दिएको पीडारूपी रगत बगिरहेको छ भन्ने सन्दर्भ प्रस्तुत भएको छ । यसले अरूलाई परपीडन गर्न चाहने प्रवृत्तिलाई निरूत्साहन गर्नुपर्छ भन्ने सन्देश दिएको छ ।

**(घ) संरचना र आयाम**

ुतिमी हाासू कविता लघु संरचना र आयाममा संरचित छ । तिन वाक्यदेखि पन्ध्र वाक्यसम्मको अनुच्छेद योजना यस कवितामा रहेको छ । यसले प्रस्तुत कवितामा असमान किसिमको अनुच्छेद योजना रहेको देखाउाछ । त्यस्तै यो कविता तिनवटा अनुच्छेदहरूमा पूर्ण भएको छ । प्रायः एउटै लमाइका शब्द र वाक्यहरूको कुशल संयोजन नै यो कविताको संरचनागत विशेषता हो । ुआासू कविता संरचनात्मक दृष्टिले अत्यन्त आकर्षक छ । छोटा छोटा नौ वटा अनुच्छेदहरू रहेको यस कविताको अनुच्छेदहरू दुई वाक्यदेखि नौ वाक्यसम्मका छन् । करिब दुई मिनेटजति पठनकाल रहेको यो कविताको शब्द शय्या र वाक्य योजना अत्यन्त आकर्षक रहेको छ । यी दुवै कविताहरू लघु आयाममा संरचित छन् ।

**(ङ) कथन पद्धति**

ुतिमी हाासू कवितामा समाख्याता म पात्रका रूपमा कविताभित्रै रहेर कविता प्रस्तुत गरेको छ । यसबाट कवितामा आन्तरिक कथन पद्धति रहेको पुष्टि हुन्छ । समाख्याता नै म

पात्रको रूपमा कवितामा उपस्थित भएको हुनाले कविप्रौढोक्ति कथन पद्धतिको प्रयोग यस कवितामा भएको छ । त्यस्तै ु आासू कवितामा पनि प्रथम पुरुष कथन ढाांचाको प्रयोग भएको छ । समाख्याता कविताभित्रै बसेर कविता भनेकाले यसमा कवि प्रौढोक्ति उक्ति ढाांचा वा कथन पद्धतिको प्रयोग भएको छ । यी दुवै कवितामा समाख्याताले आ ैनै जीवनका अनुभवहरू प्रस्तुत गरेकाले कथ्य र उक्ति ढाांचाका बिचमा प्रभावकारी सम्बन्ध स्थापित भएको देखिन्छ ।

### (च) भाषाशैली

प्रस्तुत दुवै कविताको भाषाशैली सहज र हार्दिक किसिमको रहेको छ । गद्य कवितामा पनि तुकबन्दी र अन्त्यानुप्रासका कारण यी कविताको भाषा आकर्षक छ । यी कवितामा पनि तत्सम र तत्भव स्रोतबाट आएका शब्दहरूको प्रयोग गरिएको छ । तत्सम शब्दहरू सरल र प्रचलित – वैराग, भावना, कलुसित, आशङ्का, निरर्थक, अर्थ, भयभीत, परिणत, पीडा) किसिमकै रहेका छन् भने तत्भव शब्दहरू मौलिकताका साथ – जस्तैः चोट, रगत, आाखा, ढोका, खोला) आएका छन् । यी शब्द र शब्दका माध्यमबाट निर्मित वाक्यको उपयुक्त गुम्फनका कारण कविताको भाव सौन्दर्यमा वृद्धि भएको छ । काव्यभाषा भएकाले विचलन र मानक व्याकारणको आतिक्रमण समेत भएको छ । यसबाट कविताको विशेष अर्थ र भाव रमणीयता सिर्जना भएको छ ।

### (छ) विम्बालङ्कार

प्रस्तुत कविताहरूमा विम्बालङ्कारको मधुर प्रयोग भएको छ । विभिन्न सन्दर्भबाट टिपिएका विम्बहरूले कविताको भावसौन्दर्यमा वृद्धि गरेको छ । ु तिमी हाांसू भन्ने शीर्षक नै व्यङ्ग्यात्मक भएर आएको छ । यसको आशयगत अर्थ तिमी नहाांस हो । त्यसै गरी ु म पागल भएको देखेर हाांस, म सडकमा भौतारिएको देखेर हाांसू (पृ. ३६) । ु आासू कवितामा पनि अलङ्कारको सिर्जना भएको छ । आासुमा रगतको खोला बगेको भन्ने विम्बबाट अतिशयोक्ति अलङ्कारको सिर्जना भएको छ । त्यस्तै ु मेरो आाखाबाट आासु होइन रगत बगिरहेको छू (पृ. ३८) भन्ने कवितांशमा उपमेयको निषध भएकाले अपह्नुति अलङ्कारको सिर्जना भएको छ । यस्ता विम्ब र अलङ्कारहरूले कविताको भाव रमणीयतामा वृद्धि गरेको छ ।

### ४.३.२.९ सूर्य, आदर्श र मूर्तिहरू कविताहरूको विश्लेषण

(क) **शीर्षक**

प्रस्तुत कविताहरूका शीर्षक क्रमशः ‸सूर्य, ‸आदर्श र मूर्तिहरू रहेका छन् । सूर्य कविताले सूर्यलाई अन्धकार नाशक र समयको मापकका रूपमा लिई सूर्यकै कार्यको वर्णन रहेकाले विषयको सङ्केत शीर्षकले गर्न सक्षम रहेको छ । त्यस्तै ‸आदर्श कविता आदर्शले मात्र व्यवहार नचल्ने कथ्य सन्दर्भलाई शीर्षकले पुष्टि गरेकाले कवितामा निहित विषय र शीर्षकका बिचमा संयोजन देखिन्छ । त्यस्तै ‸मूर्तिहरू कवितामा मूर्तिहरूको मौनता र शालीनतालाई वर्ण्य विषय बनाएको र शालीन व्यक्तिमा मूर्तिको आरोप गरिएकाले विषय र शीर्षकका बिच उपयुक्त तालमेल देखिन्छ । शीर्षक विधानका कोणबाट यी कविताले विषय र कथ्यको सङ्केत गरेको हुनाले सफल रहेका छन् ।

(ख) **लय**

प्रस्तुत सूर्य, आदर्श र मूर्ति कविता गद्य लय ढाचामा सिर्जना भएका छन् । गद्य ढाचाका कवितामा आन्तरिक लय हुने हुादा यी कवितामा आन्तरिक लयको सिर्जना भएको छ । अत्यन्त आकर्षक शब्द शया र तुकबन्दी तथा अन्त्यानुप्रास युक्त गद्य कवित्वले प्रस्तुत सबै कविताहरू लयबद्ध हुन पुगेका छन् । निश्चित लमाइका पद योजना र वाक्य योजनाले कविता गीतिगेयात्मक बन्न पुगेको छ । वर्ण, शब्द र ध्वनिको तहमा भएका पुनरावृत्तिले अन्तसङ्गीतात्मकता तथा लयको समेत सिर्जना हुन पुगेको छ । लय विधानका कोणबाट यी कविताहरू सफल रहेका छन् ।

(ग) **केन्द्रीय कथ्य**

प्रस्तुत कविताहरूमा जीवनका विविध सत्यहरूलाई विषयवस्तु बनाएर प्रस्तुत गरिएको छ । सूर्य कवितामा सूर्यको निरन्तर गति र कार्यसाग मानिसको कार्यलाई जोडिएको छ । सूर्य अन्धकार नाशक भएकाले उसले जस्तोसुकै परिस्थितिमा पनि सो कार्यबाट विचलित नभएको कथ्य प्रस्तुत गरिएको छ । सूर्यको महत्त्वलाई नै यस कविताले कथ्य बनाए तापनि मानिसका कार्यसाग त्यसको अभिव्यञ्जना समेत भएको छ । त्यसै गरी आदर्श कवितामा जीवनको एउटा सत्य आदर्श पनि हो भन्ने भाव प्रस्तुत छ । तर सदैव आर्दले मात्र व्यवहार नचल्ने हुादा आदर्श एउटा निश्चित अवस्थासम्म मात्र व्यवहारयोग्य हुने दृष्टिकोण कथ्य विषयका रूपमा कवितामा आएको छ । त्यस्तै मूर्तिहरू कवितामा मूर्तिहरूका विशेषता प्रस्तुत

गरिएको छ । अपरिवर्तनीय हुादाहुादै पनि मूर्तिहरूमा प्रत्येक युगको छाया देखिनु मूर्तिको विशेषता हो भन्ने कथ्यलाई यस कविताले प्रस्तुत गरेको छ ।

**(घ) संरचना र आयाम**

प्रस्तुत कविताहरू लघु संरचनायुक्त आयाममा संरचित छन् । सूर्य कविता साना ठूला गरी पााच वटा अनुच्छेदहरूमा संरचित छ । पााच वाक्यदेखि दश वाक्यसम्मका अनुच्छेदहरू यस कवितामा छन् । अत्यन्त आकर्षक र एउटै आयामका शब्द र वाक्यहरूको गुम्फनबाट यी तिनवटै कविताहरू आकर्षक देखिएका छन् । आदर्श कविता ससाना छवटा अनुच्छेदहरूमा पूर्ण भएको छ । दुई वाक्यदेखि पााच वाक्य सम्मका आकर्षक अनुच्छेद योजना यस कविताका विशेषता हुन् । एक शब्ददेखि पााच शब्दसम्मका वाक्य योजनाहरू यस कवितामा छन् । त्यस्तै मूर्तिहरू कविता चारवटा अनुच्छेदमा पूर्ण भएको छ । तिन वाक्यदेखि सात वाक्यसम्मको अनुच्छेद योजना यस कवितामा देखिन्छ । दुई शब्ददेखि पााच शब्दसम्मको वाक्य योजना यस कवितामा रहेको छ । यी सबै कविताहरूको औसत पठनकाल प्रति कविता डेढ मिनेट जति रहेको छ ।

**(ङ) कथन पद्धति**

सूर्य कवितामा समाख्याता कविताभन्दा बाहिरै रहेको छ । त्यसैले यसमा बाहृय कथन पद्धति रहेको छ । कविताभन्दा बाहिरै बसेर सूर्यको वर्णन गरेकाले कविनिबद्ध बक्तृ प्रौढोक्ति कथन ढााचाको प्रयोग भएको छ । त्यस्तै आदर्श कवितामा पनि कथायिता कविताभन्दा बाहिरै बसेर जीवनका आदर्श र त्यसका सीमाहरूलाई प्रस्तुत गरेकाले कविनिबद्ध वक्तृ प्रौढोक्ति कथन ढााचाको प्रयोग भएको छ । मूर्तिहरू कवितामा पनि समाख्याता कविताभन्दा बाहिरै छ । त्यसैले यस कवितामा पनि बाहृय कथन पद्धति वा कविनिबद्ध वक्तृ प्रौढोक्ति ढााचाको प्रयोग भएको छ । समाख्याताले यी तिनवटै कवितामा कविताभन्दा बाहिरै बसेर विषयलाई प्रस्तुत गरेकाले कथन पद्धतिको प्रभावकारिता सिर्जना भएको मान्न सकिन्छ ।

**(च) भाषाशैली**

प्रस्तुत कविताहरूमा सरल र सहज किसिमका भाषाशैली प्रस्तुत गरिएको छ । आकर्षक शब्द प्रयोग, उस्तै उस्तै आयाम भएका वाक्य संरचना तथा तत्सम र तत्भव स्रोतका शब्दहरूको विविधतायुक्त प्रयोगले यी कविताका भाषाशैली आकर्षक र रमणीय बन्न पुगेको

छ । सूर्य, धर्ती, मृदुमुस्कान, नव पल्लवित, लालित्य, सौन्दर्य, विक्षिप्त, बीभत्स, निशाचर, गोधूली, सूर्यास्त, कारुणिक, अन्धकार जस्ता तत्सम शब्दहरू, बिहानी, कोलाहल, ओठ, पेट, जिन्दगी, पाना, झिनो जस्ता तत्भव् शब्दहरूले कविताको भाव सौन्दर्यमा वृद्धि गरेको छन् । साथसाथै विचलनयुक्त काव्यभाषा, मानक व्याकरणप्रतिको अतिक्रमण आदि कारणबाट भाषिक शिल्पमा प्रभावकारिता सिर्जना भएको छ ।

**(छ) विम्बालङ्कार**

प्रस्तुत कविताहरूमा विम्बालङ्कारयुक्त काव्य भाषाको प्रयोग भएको छ । सूर्यलाई निरन्तर कर्म र सङ्घर्षशील जीवनको प्रतीकको रूपमा चित्रण गरिएको छ । यसमा स्वभावोक्ति अलङ्कारको प्रयोग भएको छ । जस्तै :

हरेक बिहान उदाउने सूर्यले

नयाा बिहानीको पर्दाफास गर्दै

धर्तीका मुनाहरूमा प्रभातीको मुस्कान छर्छ (पृ. ४०) ।

त्यसै गरी *आदर्श* कवितामा पनि अलङ्कारको प्रयोग भएको छ । मौनता आदर्श हो (पृ. ४२) भनी मौनतालाई आदर्शसाग आरोप गरिएको छ । त्यस्तै मूर्तिहरू कवितामा पनि अलङ्कृत भाषाको प्रयोग गरिएको छ । जस्तै मूर्तिहरू बोल्दैनन् तर परिवर्तन भइरहन्छन् (पृ. ४३) मा व्यतिरेक अलङ्कार सिर्जना भएको छ । यस्ता विम्बमय र आलङ्कारिक भाषाले कविताको भावरमणीयतामा वृद्धि गरेको छ ।

## ४.३.२.१० हावा, मुकुन्डो, बुद्धशान्ति र यतीहरू कविताको विश्लेषण

**(क) शीर्षक**

प्रस्तुत कविताहरूमध्ये हावा कविता प्राकृतिक तत्त्व हावाको विशेषता, हावाले गर्ने कार्य र हावाको अविजेय स्वभावका बारेमा केन्द्रि छ । अतः कथ्य सन्दर्भ वा विषयलाई शीर्षकले सङ्केत गरेको हुनाले यसको शीर्षक सार्थक रहेको छ । मुकुन्डो कवितामा मुकुन्डो लगाएर मान्छको बााच्न पाउने अधिकार शोषण गर्ने आततायीको वर्णन गरिएकोले

यसमा पनि केन्द्रीय कथ्य विषय र शीर्षकका बिचमा तालमेल रहेको छ । ुबुद्धशान्तिू काविताले जताततै अराजकता, हत्या, हिंशा बढेकाले बुद्धको शान्तिको आवश्यकता छ विषय सन्दर्भलाई ध्वनित गरेकाले शीर्षक र कथ्य बिचमा तालमेल रहेको छ । यतीहरू कवितामा दुर्लभ प्राणी यतीको खोजी र त्यसलाई कविले मानव वस्तीमै भेट्टाएको प्रसङ्गलाई प्रस्तुत कविताले सङ्केत गरेकाले कथ्य र शीर्षकका बिचमा सम्बन्ध देखिन्छ । प्रस्तुत कविताका शीर्षकहरू विषयवस्तुसाग केन्द्रित भएर राखिएकाले सार्थक रहेका छन् ।

**(ख) लयविधान**

उल्लिखित सबै कविताहरूमा गद्य लयको सुन्दर प्रयोग भएको छ । ुहावाू कवितामा हावा शब्दको पटक पटक पुनरावृत्तिबाट लयात्मकताको सिर्जना भएको छ । त्यसै गरी यस कवितामा म, न, र, स, शब्दहरूको अनेक पटकको पुनारावृत्तिबाट शब्दका तहमा समेत अनुप्रास अलङ्कार सिर्जना भई कवितामा लयात्मकताको सिर्जना भएको छ । त्यस्तै निश्चित लमाइका शब्दहरूको अत्याधिक साम्यताका कारण लयको सिर्जना हुन पुगेको छ । यसमा बाहृय लय भन्दा आन्तरिक लय सशक्त छ भने वर्णहरूको अधिक साम्यता, अनुप्रास आदिका कारण बाहृय लयको समेत आंशिक सिर्जना भएको छ । त्यस्तै ुमुकुन्डोू कविता पनि आन्तरिक लयमा लेखिएको छ । यसमा पनि अन्य कवितामा जस्तै शब्द र वाक्यको निश्चित लमाइ, वर्ण, ध्वनि र शब्दहरूको साम्यता आदिका कारण लय सौन्दर्य निमार्ण भई साङ्गीतात्मकताको सिर्जना भएको छ । त्यस्तै ुबुद्धशान्ति र यतीहरूू कवितामा पनि ध्वनि, वर्ण र शब्दको तहमा निमार्ण भएको साम्यता र अनुप्रासिकताले लयगत सौन्दर्य कायम भई यी कविताहरू लय सौन्दर्यका दृष्टिले उत्कृष्ट छन् ।

**(ग) केन्द्रीय कथ्य**

प्रस्तुत कविताहरूमध्ये ुहावाू कवितामा प्राकृतिक शक्तिका रूपमा रहेका हावाको महत्त्व र विशेषता वर्णन गरिएको छ । रोमान्टिक चेतनाका साथ हावाको शान्त र रौद्र दुवै रूपको वर्णन गरिएको छ । यस कवितामा हावालाई अविनाशी प्राकृतिक शक्तिका रूपमा देखाइएको छ । त्यस्तै ुमुकुन्डोू कवितामा समसामयिक हत्या र आतङ्कजन्य विषयको चित्रण गरिएको छ । मुकुन्डो लगाएर नरसंहार गर्न उद्यत आततायीहरू मानव सभ्यताको विरोधी रहेको निष्कर्ष प्रस्तुत गरिएको छ । ुबुद्धशान्तिू कवितामा वर्तमान समयका हिंसा र द्वन्द्वग्रस्त अवस्थाको निकास शान्ति मात्र रहेको निष्कर्ष प्रस्तुत गरिएको छ । बुद्धको शान्ति मार्गमा

आएर मात्रै यस्तो असहज परिस्थितिबाट छुट्कारा पाउन सकिने निष्कर्ष प्रस्तुत छ । यतीहरू कावितामा प्रकृतिको दुर्लभ रचना यतीको खोजी गरिरहेको कविको आत्मालाप प्रस्तुत छ । यती संस्कृति र प्राकृतिक सभ्यताको प्रतीक भएकाले त्यस्तो सभ्यता र संस्कृति आफूले नेपाली ग्रामीण इलाकामा भेटेको अनौठो काल्पनिक तथ्यलाई प्रस्तुत गरिएको छ । यी सबै कविताले कविको सामाजिक प्राकृतिक चेतनाबाट निर्मित यथार्थ र स्वच्छन्द चिन्तनको विषयलाई प्रस्तुत गरेका छन् ।

**(घ) संरचना र आयाम**

प्रस्तुत सबै कविताहरू लघु संरचनात्मक आयाममा विस्तारित छन् । हावा कविता चारवटा अनुच्छेदमा पूर्ण भएको छ । तिन वाक्यदेखि तेह्र वाक्यसम्मका अनुच्छेदहरू यस कवितमा रहेकाले अनुच्छेद योजनाको असन्तुलन यस कवितामा देखिन्छ । त्यस्तै यस कवितामा हावा भन्ने एक शब्ददेखि क्षणभरमै लथालिङ्ग र भताभुङ्ग पार्दै भन्ने पाँच शब्दसम्मका वाक्य योजना रहेको छ । करिव डेढ मिनेटको सस्वर वाचन कालमा यो पाठ पूर्ण हुने दखिन्छ । मुकुन्डो कवितामा ससाना आठवटा अनुच्छेदहरू छन् । चार वाक्यदेखि सात वाक्यसम्मका यी अनुच्छेदहरूमा एक शब्द समस्या देखि चार शब्द सदासदाका लागि मुकुन्डो जस्ता वाक्य योजना देखिन्छ । अत्यन्त आकर्षक शब्द, वाक्य र अनुच्छेद योजना रहेको यस कविताको पठन काल करिब दुई मिनेटको रहेको छ । यो कविता लघु आयाममा संरचित छ । बुद्धशान्ति कविता चारवटा अनुच्छेदमा पूर्ण भएको छ । यस कवितामा पनि एक शब्ददेखि चार शब्दसम्मका आकर्षक वाक्य योजना रहेको छ । यस कविताको पठनकाल करिब डेढ मिनेट जति रहेको छ । यतीहरू कविता पाँचवटा अनुच्छेदहरूमा संरचित छ । यस कवितामा पनि अन्य कवितामा जस्तै आकर्षक संरचना रहेको छ । एक शब्ददेखि पाँच शब्दसम्मका वाक्य योजना रहेको यस कविताको पठनकाल करिब डेढ मिनेट रहेको छ । यी कविताहरू लघु आयाममा संरचित छन् ।

**(ङ) कथन पद्धति**

ुहावाू कवितामा समाख्याता कविताभित्र रहेर श्रोतालाई कविता सुनाएको छ । ुमैले हावासाग वेग थाम्ने प्रस्ताव राखेू (पृ. ४४) भन्ने कवितांशबाट प्रस्तुत कवितामा समाख्याता म पात्रका रूपमा रहेको पुष्टि हुन्छ । अतः कविप्रौढोक्ति कथन पद्धति यस कवितामा रहेको छ । ुमुकुन्डोू कवितामा समाख्याता कविताभन्दा बाहिरै रहेर निरपेक्ष रूपमा प्रस्तुत गरेको छ ।

अतः प्रस्तुत कवितामा तृतीय पुरुष वा कविनिबद्ध वक्तृप्रौढोक्ति कथन पद्धति रहेको छ । ुयतीहरू कवितामा समाख्याता म पात्रका रूपमा कवितमा प्रस्तुत भएको छ । आˆनै कोठा र सन्दर्भमा समाख्याताले म पात्रका रूपमा उपस्थित भएर कथा भनेकाले यसमा आन्तरिक वा कविप्रौढोक्ति कथन पद्धतिको सिर्जना भएको छ । यी कवितामा आगालिएको कथनढाँचा विषयवस्तु र तिनको प्रस्तुतिका सन्दर्भबाट सफल रहेको देखिन्छ ।

**(च) भाषाशैली**

प्रस्तुत कविताहरूको भाषा अत्यन्त सहज र सरल रहेको छ । छोटाछोटा अनुच्छेद र वाक्य योजनाका माध्यमबाट एकतिर यी कविताहरू संरचनात्मक दृष्टिले आकर्षक छन् भने अर्कातिर भाषिक शैलीका दृष्टिले लालित्यमय छन् । आकर्षक शब्दशय्याका माध्यमबाट अभिव्यक्ति स्तरीयता पनि झल्किएको छ । तत्सम (आक्रोश, नियम, नियति, कर्तव्य, अदृश्य शक्ति, वेग, वितण्डा, निर्दोष, क्षण, शान्त) र तत्भव) हावा, एकलौटी, जाइ लाग्नु, थाम्नु, उफ्रिनु, भताभुङ्ग, कोलाहल, चिट्चिटी, ढुकढुकी, काम्नु, टोलाउनु) शब्दहरूको मधुर प्रयोगले यी कविताको भाषा आकर्षक बन्न पुगेको छ । त्यस्तै विचलनयुक्त र भाषिक संरचनामा अतिक्रमण भएका केही विचलनहरूले सार्थक रूपमा कविताको अर्थसौन्दर्यमा वृद्धि पनि गरेका छन् । जस्तैः ुआगो बालेर शान्ति खोज्नू (पृ. ४९) ुधुलो उडाउनु हावाको कर्तव्य हो (पृ. ४५) ुहावा मप्रति रिस देखाउदै उफ्रियो (पृ. ४५) जस्ता विचलन र विशेष कथनले कविताको भाषिक सौन्दर्यमा वृद्धि भएको छ ।

**(च) विम्बालङ्कार**

प्रस्तुत कवितामा जीवन र जगत्साग सम्बन्धित भएका विम्बहरूको प्रयोग भएको छ । हावा कवितामा मैले हावासाग वेग थाम्ने प्रस्ताव राखे (पृ.४४) भनी अत्युक्ति अलङ्कारको प्रयोग भएको छ । ुमेरो प्रस्तावमा ऊ (हावा) रिस देखाउदै उफ्रियो (पृ. ४५) प्रकृतिको मानवीकरण गरिएको छ । यसबाट सादृश्य विधान भएको छ । मुकुन्डो कवितामा ुमिलेदेखि सर्वत्र शान्ति हुन्छ (पृ. ४७) भन्ने कवितांशमा स्वभावोक्ति अलङ्कारको सिर्जना भएको छ । ुबाँच्ने चाहनाले मनमर्न मान्दैन, मरेकाहरूको बाँच्ने चाहना हुँदैन (पृ.४७) भनी व्यतिरेक अलङ्कारको सिर्जना भएको छ । ुबुद्ध शान्ति कवितामा ुएकता नै शान्ति हो (पृ.४८) भनी रूपक अलङ्कारको सिर्जना गरिएको छ । ुयतीहरू कवितामा ुयती लाई दुर्लभ वस्तुको प्राप्तिको सर्न्दभसाग जोडिएकाले यो शीर्षक आफैमा व्यङ्ग्यात्मक रहेको छ । यी

कविताहरूमा प्रयुक्त विम्बालङ्कारहरूले कविताको अर्थ सौन्दर्य र भावरमणीयता दुबैमा वृद्धि भएको छ ।

## ४.३.२.११ रात, तस्बिर, आासु बल्छ र मनहरू कविताको विश्लेषण

### (क) शीर्षक

प्रस्तुत कविताहरूको शीर्षक क्रमशः ुरातूतस्बिरूआासु बल्छू र ुमनहरू रहेका छन् ।ुरातू लाग्नेहरूलाई मात्र रातको महत्त्व भएको र जीवनका अनेकन समस्याले प्रताडित भएको व्यक्तिलाई रात र दिन दुबैमा फरक नभएको कथ्यसाग शीर्षकको संयोजन भएकाले सार्थक रहेका छ ।ुतस्बिरू कवितामा भित्तामा टाागिएको चित्र वा तस्बिर जस्तै जीवन पनि फगत मौन रहन विवश छ भने कथ्य सन्दर्भसाग शीर्षकको तालमेल रहेको देखिन्छ ।ुआासु बल्छू कवितामा जीवनका अनेकन व्यथा र पीडाहरूले आासु असहज रूपमा उत्पन्न भई आासुले शीतलता प्रदान गर्नु पनैमा बल्ने गरेको कथ्य सन्दर्भ र शीर्षकका बिच संयोजन रहेका छ । ुमनहरू कवितामा जीवनका दुःख, ताप, पीडाले मनहरू अशान्त रहेको कथ्य सन्दर्भलाई प्रस्तुत गर्न शीर्षक सक्षम रहेको छ । यी कविताहरूको शीर्षकले कथ्य सन्दर्भलाई सङ्केत गर्न सक्षम भएका छन् ।

### (ख) लय विधान

प्रस्तुत चारवटै कविताहरू गध लयढााचमा लेखिएका छन् । त्यसैले यी कवितामा आन्तरिक लयको स्थापना भएको छ ।ुरातू कवितामा छोटा छोटा वाक्य योजना र अन्त्यानुप्रास युक्त तुकबन्दीका कारणलयात्मक मिठास थपिएको छ । यस कवितामा आएको ुनू वर्णको अनेकौा पटकको पुनरावृत्तिबाट सङ्गीततात्मक आनन्दको सिर्जना पनि भएको छ । त्यस्तै ुतस्बिरूकवितामा ुमौनतू शव्दको आवृत्ति छ ।ुभित्तो शब्द र ुमैलू शब्दका आवृत्तिहरूले यस कवितालाई गेयात्मक बनाएका छन् । त्यस्तै ुआासु बल्छू कवितामा ुपीडू र ुआासू शव्दको पुनरावृत्ति छ । त्यस्तै ुमनहरू कवितामा ुवेदनू र ुपीडू शब्दको पुनरावृत्ति छ । यस्ता ध्वनि, वर्ण शब्दका तहमा भएका पुनरावृत्तिले एकातिर सङ्गीतात्मकताको सिर्जना गरेका छन् भने अर्कोतिर अर्थ सौन्दर्भमा समेत वृद्धि भएको छ । समग्रमा यी कविताहरू लयात्मक, कोमल र सङ्गीतात्मक रहेका छन् ।

### (ग) केन्द्रीय कथ्य

रात कवितामा जीवनका अनेकौ बिब्ल्याााटा पक्षहरूले मानिस थकित र गलित बन्दै गई रातको समयमा पनि बिश्राम गर्न नसकेको प्रसङ्ग कथ्यका रूपमा व्यक्त छ । त्यस्तै ुतस्बिर् कवितामा भित्तामा टाागिएको निर्जीव तस्बिर जस्तै आजको मान्छे पनि अनेकौ उल्झन र समास्याले मौन छ, विवश छ र अकर्मव्य छ भन्ने कथ्य प्रस्तुत भएको छ । ुआासु बल्छ् कवितामा आासुको शीतलता र कल्मष प्रक्षालनीपन समाप्त हुदैगर्छ वर्तमान छट्पटीले बलपूर्वक आासु निस्कन बाध्य छ र त्यसले पीडामाथि पीडा थपि रहेको छ भन्ने कथ्य सन्दर्भ प्रस्तुत भएको छ । ुमनहरू् कवितामा मानव मनहरू वर्तमानका अनेक असङ्गतिहरूले अशान्त बन्दै गइरहेको भावलाई प्रस्तुत गरेका छन् ।

### (घ) संरचना र आयाम

प्रस्तुत कविताहरू लघु आयाममा रचिएका छन् । अत्यन्त सुगठित र निश्चित संरचनात्मक आयामका शब्द, पदावली, वाक्य र अनुच्छेद योजना उल्लिखित कविताहरूको संरचनात्मक विशेषता हुन् । रात कवितामा तिन वाक्यदेखि सात वाक्यसम्मका अनुच्छेदहरू छन् भने दुई शब्ददेखि पााच शब्दसम्मका वाक्ययोजना रहेको छ । सस्वर पठनका लागि करिब डेढ मिनेटको अवधि लाग्ने देखिन्छ । यसमा जम्मा छवटा ससाना अनुच्छेदहरू रहेका छन् । तस्बिर कवितामा दुई वाक्यदेखि एघार वाक्यसम्मको अनुच्छेद योजना रहेको छ । त्यस्तै एक शब्ददेखि पााच शब्दसम्मका वाक्य योजना रहेको छ । करिब दुई मिनेटमा आदर्श वाचन सकिने यस कवितामा सातवटा अनुच्छेदहरू रहेका छन् । आासु बल्छ कवितामा जम्मा छ वटा अनुच्छेदहरू रहेका छन् । दुई वाक्यदेखि छ वाक्यसम्मका अनुच्छेदहरू यस कवितामा रहेका छन् । एक शब्ददेखि छ शब्दसम्मका वाक्य योजना रहेको यस कविताको आदर्श पठनकाल करिब डेढ मिनेट रहेको छ । मनहरू कविता पााच अनुच्छेदमा संरचित छ । दुई वाक्यदेखि नौ वाक्यसम्मका अनुच्छेदहरू यस कवितामा रहेका छन् । दुई शब्ददेखि पााच शब्दसम्मका वाक्य योजना यस कविताको संरचनात्मक विशेषता हुन् । डेढ मिनेट जति आदर्श पठनकाल रहेको यस कवितामा शब्द वाक्य र अनुच्छेदको आकर्षक संरचना रहेको छ ।

### (ङ) कथन पद्धति

ुरात् कवितामा समाख्याता स्वयं कवितामा म पात्रका रूपमा उपस्थित भएको छ । अतः यस कवितामा कविप्रौढोक्ति कथन पद्धति रहेको छ । ुतस्बिर् कवितामा पनि समाख्याता स्वयं

म पात्रका रूपमा कवितामा उपस्थित भएको छ । अतः यस कवितामा पनि आन्तरिक किसिमको कथन पद्धति वा कविप्रौढोक्ति ढाँचा रहेको छ । ‘आँसु बल्छ’ कवितामा बाह्य किसिमको कथन पद्धति रहेको छ । यसमा समाख्याता कविताभन्दा बाहिरै बसेर कविता भनिरहेको छ । यसैले प्रस्तुत कवितामा कविनिबद्ध बक्तृ प्रौढोक्ति कथन पद्धति रहेको छ । ‘मनहरू’ कवितामा समाख्याता कविताभन्दा बाहिरै बसेर कविता प्रस्तुत गरेकाले बाह्य कथन ढाँचा वा कविनिबद्ध वक्तृ प्रौढोक्ति ढाँचाको प्रयोग भएको छ । यी कथन पद्धतिहरू विषयवस्तु र तिनको प्रस्तुततिका सन्दर्भबाट उपयुक्त र प्रभावकारी रहेका छन् ।

**(च) भाषाशैली**

प्रस्तुत कविताहरूमा सरल र सहज किसिमको भाषा प्रस्तुत भएको छ । लयात्मक र कोमल शब्दहरूको प्रयोगले कविताको भाषिक शैली प्राञ्जल बन्न पुगेको छ । छोटा छोटा वाक्य ढाँचा, अन्त्यानुप्रास, तुकबन्दी आदिले यी कविताहरूको भाषा रमणीय बन्न पुगेको छ । तत्सम, तत्भव र आगन्तुक शब्दहरूको मनोहर प्रयोग पनि यी कविताको विशेषता हो । विचलनयुक्त काव्य भाषाले यी कविताको भावरमणीयतामा वृद्धि गरेको छ । जस्तै भाँचिएका मनहरू (मनहरू पृ. ५८), विशाक्त आँसु (मनहरूह ५९), भाँचिएर दुखेका घाउ (मनहरूह ५८) जस्ता विचलनयुक्त अर्थ सन्दर्भहरूले कविताको सौन्दर्यमा वृद्धि गरेका छन् । ‘आँसु रोदनको दुखाइ हो’ रूपक, वेदनाले भरिएका आँसुमा अन्धकारको छाया हुन्छ (अत्युक्ति, वेदना सागर हो) रूपक, भित्तोमा टाँगिएको तस्बिरले मौनता प्रकट गरिरहेछ (स्वभावोक्ति (तस्बिरह ५४) जस्ता अलङ्कारहरूले कविताको अर्थ सौन्दर्यमा वृद्धि गरेका छन् । समग्रमा प्रस्तुत कविताको भाषाशैली प्रभावकारी र औचित्यपूर्ण छ ।

**४.३.२.१२ भोलिका सपनाहरू, आँखाहरू, पीडा आँसु तथा गमला कविताको विश्लेषण**

**(क) शीर्षक**

प्रस्तुत कविताहरूका शीर्षक ‘भोलिका सपनाहरू’, ‘आँखाहरू’, ‘पीडा र आँसु’ तथा ‘गमला’ रहेका छन् । भोलिका सपनाहरू कविता र शीर्षकका बिचमा संयोजन रहेको देखिन्छ । भोलिका सपनाहरू अनिश्चित र अन्धकार बन्दै गइरहेको कथ्य सन्दर्भ शीर्षक ‘भोलिका सपनाहरू’ शीर्षकले सङ्केत गर्न सफल रहेको छ । ‘आँखाहरू’ कवितामा आँखाले हेर्ने दृश्य र त्यसको मौनता प्रस्तुत भएको छ । आँखाले केवल मौन भएर

मात्र हेर्ने इन्द्रियजन्य प्रकार्यलाई आाखा शीर्षकले अभिव्यक्त गर्न सक्षम रहेकोले शीर्षक र कथ्य बिचमा तालमेल रहेको छ । ुपीडा आासु कवितामा वर्तमानका छट्पटी र अशान्तिले केवल पीडा र आासु मात्र प्रदान गरेको भाव र शीर्षकका बिचमा संयोजन रहेको छ । ुगमलाू कवितामा गमलाभित्र रहने सानो संसारभन्दा गमलाभन्दा बाहिरको ठूलो संसारमा नै वनस्पतिको अस्तित्त्व रहन सक्छ भन्ने भाव प्रस्तुत छ । कथ्य र शीर्षकका बिचमा यो कवितामा पनि औचित्य रहेको छ ।

**(ख) लय विधान**

प्रस्तुत कविताहरू आन्तरिक लय ढाାचामा आबद्ध छन् । अन्य कवितामाभmैं यी कविता पनि अन्त्यानुप्रासयुक्त, तुकबन्दीयुक्त रहेका तथा कविताका शब्द, वर्ण र वाक्यको निश्चित लमाइ र आवृत्ति रहेकाले अत्यन्त लयात्मक रहेका छन् । ुभोलिका सपनाहरू कवितामा शीर्षकको अनेक पटक पुनरावत्ति भएको छ । त्यस्तै प्रस्तुत कवितामा हाासो शब्दको पनि अनेको पटक पुनरावत्ति भएको छ । यसले कवितात्मक लयको सिर्जना गरेको छ । ुआाखाहरू कवितामा ुआाखाू ुमौनताू र ुदुरीू शव्दको अनेको पटकको पुनरावृत्तिले आन्तरिक लय ढााचाको निर्माण गरेका छन् । यी सबै कवितामा ध्वनि,वर्ण,शब्द र वाक्यको आवृत्ति, निश्चित छ, अन्त्यानुप्रासयुक्तती तथा तुकबन्दी आदिले कवितामा अर्न्तलेयको सुमधुर सङ्गीतात्मकता सिर्जना भएको छ ।

**(ग) केन्द्रीय कथ्य**

ुभोलिका सपनाहरू कवितामा भविष्य दिनानुदिन अन्धकार र जटिल बन्दै गई जीवन सोचेभन्दा फरक रहेको भाव अभिव्यक्त भएको छ । ुआाखाहरू कवितामा हेराइलाई केवल इन्द्रिय विम्बका रूपमा लिई हेराइ नितान्त मौन र आनन्दित हुने भाव व्यक्त गरिएको छ । ुपीडा र आासु कवितामा जीवन दुःख, आासु, रोदन र पीडाहरूका चपेटामा परेर बााच्न विवश रहेको भाव प्रस्तुत गरिएको छ । गमला कवितामा गमला स्वतन्त्रताको विरोधी र पराधीनताको सङ्केत रहेकाले सीमित घेराभन्दा माथि उठेर त्यसबाट बाहिर निस्कनु सक्नुपर्छ भन्ने भाव व्यक्त गरिएको छ ।

**(घ) संरचना र आयाम**

प्रस्तुत कविताहरू लघु संरचनामा संरचित छन् । भोलिका सपनाहरू कविता पाच अनुच्छदेमा संरचित छ । सानाठुला अनुच्छेद रहेको यस कवितामा दुई वाक्यदेखि छ वाक्यसम्मका अनुच्छेदहरू रहेका छन् । त्यस्तै दुई शब्ददेखि छ शब्दसम्मका वाक्यहरू रहेका छन् । आदर्श पठनका लागि करिब डेढ मिनेट समय लाग्ने यो कविता लघु आयाममा संरचित छ । आाखाहरू कविता दुई अनुच्छेदमा संरचित छ । पहिलो अनुच्छेदमा दुई वटा वाक्यहरू छन् भने दोस्रो अनुच्छेदामा पन्ध्रवटा वाक्यहरू छन् । आदर्श पठनका लागि करिब एक मिनेट लाग्ने यो कविता लघु आयाममा संरचित छ । ुपीडा र आासु कविता नौवटा अनुच्छेदमा संरचित छ । दुई वाक्यदेखि पाच वाक्यसम्मका यी अनुच्छेदहरू एक शब्ददेखि छ शब्दसम्मका वाक्यहरूद्वारा निमार्ण भएका छन् । आदर्श पठनका लागि करिब दुई मिनेट जति लाग्ने यो कविता लघु आयाममा संरचित छ । ुगमला कविता चार अनुच्छेदमा संरचित छ । तिन वाक्यदेखि सात वाक्यसम्माका अनुच्छेद रहेका छन् । त्यस्तै दुई शब्ददेखि छ शब्दसम्मका वाक्यहरू यस कवितामा रहेका छन् । निश्चित आयाम र लमाइका शब्द वाक्य र अनुच्छेद योजना भएका यी कविताको संरचनात्मक आयाम अत्यन्त सुगठित रहेको छ ।

**(ङ) कथन पद्धति**

ुभोलिका सपनाहरू कवितामा समाख्याता कविताभन्दा बाहिरै रहेको छ । अतः यसमा बाह्य किसिमको कथन पद्धति वा कविनिबद्ध वक्तृ प्रौढोक्ति रहेको छ । ुआाखाहरू कवितामा पनि समाख्याता कविताभन्दा बाहिरै रहेकाले बाह्य किसिमको कथन पद्धति वा कविनिबद्ध वक्तृप्रौढाक्ति रहेको छ । ुपीडा र आासु कवितामा पनि बाह्य कथन पद्धति कविनिबद्ध वक्तृ प्रौढोक्ति रहेको छ । ुगमला कवितामा भने समाख्याता कवितामा नै रहेकाले आन्तरिक किसिमको कथन पद्धति रहेको छ । अतः यस कवितामा कविप्रौढोक्ति कथन ढााचामा रहेको छ । विषयको प्रस्तुति र कथनढााचाको प्रयोगका बिचमा तालमेल रहेकाले प्रस्तुत कविताका कथन पद्धति उपयुक्त रहेका छन् ।

**(च) भाषाशैली र विम्बालङ्कार**

प्रस्तुत कवितामा सरल, सहज र संवेद्य भाषाशैलीको प्रयोग भएको छ । आकर्षक भाषिक शव्द चयन, तत्सम,तद्भव र आगन्तुक शव्दको मनोहारी वर्णन आदिले कविताको भाषा आकर्षक र सौन्दर्य वर्धक बन्न पुगेको छ । प्रायः प्रचलित संस्कृत शव्दले कविताको अर्थबोधमा जटिलता निम्त्याएको छैन । विचलन युक्त भाषाको प्रयोगले काव्यात्मकता र

आश्वाद्यतामा वृद्धि गरेको छ । विचलन युक्त भाषाले कवितामा अलङ्कारिकताको सिर्जना समेत गरेको छ । जस्तैः खुसीका सपनाहरूमा उमङ्ग हुन्छू ( पृ.६०) स्वभावोक्ति, ुआसु रोदनको दुखाइ हो –पृ.६१) रूपक, मेरो सानो गमलाको फूल भन्छ ुम फुल्न सक्दिनू (पृ.६४) मानवीकरण यस्ता अलङ्कारहरूले कविताको भाव रमणीयतामा वृद्धि गरेका छन् ।

### ४.३.२.१३ अनुमति, काुदिएको मनभित्र, मेरोमन, कुराहरू र सहर कविताको विश्लेषण

#### (क) शीर्षक

प्रस्तुत कविताका शीर्षकहरू ुअनुभूतिु काुदिएको मनभित्रु मेरोमनू ुकुराहरू र ुसहरू रहेका छन् । ुअनुभूति कवितामा जीवनका यावत् कल्पना र भविष्यप्रतिको आशालाई प्रस्तुत गरिएका जीवनको अनुभूति नै वर्व्य विषय भएको छ । अतः कथ्य र शीर्षकका बिचमा तालमेल देखिन्छ । ुकाुदिएको मनभित्र कवितामा मनभित्र काुदिएर रहेका मान्छेका चाहना,भावना,यावत् जिजीविषा एवम् भोगेच्छाहरू प्रस्तुत गरिएकाले कथ्य र शीर्षकका बिचमा सम्बन्ध रहेको छ । ुमेरो मनू कवितामा मानव मनभित्रका यावत् पक्षहरू र अनुभूतिहरू प्रस्तुत छ । त्यसैले यस कविता र शीर्षकका बिचमा पनि तालमेल रहेको छ । ुकुराहरू कवितामा वर्तमान समयमा मौलाउादै गएका यावत् कुकृत्य र विसङ्गतिलाई कथ्य रूपमा प्रस्तुत गरिएको छ । अतः प्रस्तुत कविताले शीर्षक र कथ्यका बिचमा तालमेल राखेको पाइन्छ । ुसहरू कवितामा सहरिया जीवनभित्रका विकृति र विसङ्गतिलाई प्रस्तुत गरिएको छ । अतः प्रस्तुत कविता पनि कथ्य र शीर्षकका बिचमा तालमेल रहेकाले शीर्षक सार्थक रहेको छ ।

#### (ख) लय विधान

प्रस्तुत कविताहरू आन्तरिक लय ढाूाचामा लेखिएका छन् । ध्वनि, वर्ण, शब्द र वाक्यका तहमा भएका आवृत्तिहरूले कवितामा लयको सिर्जना गरेको छ । कविताका कतिपय पङ्क्तिहरू अन्त्यानुप्रासयुक्त रहेकाले कविता बाह्य तहमा पनि लयात्मक रहेको छ । ुअनुभूति कवितामा मर्नु शब्दको छ पटक पुनरावृत्ति भएको छ । त्यस्तै ुकाुदिएका मनभित्रू कवितामा सपना शब्दको अनेकौ पटक पुनरावृत्ति भई आन्तरिक लयको सिर्जना भएको छ । ुकुराहरू कवितामा निर्दोषी पदको पुनरावृत्ति भएको छ । त्यस्तै मौलाउनु शब्दको पनि

अनेक पटक पुनरावृत्ति भई सङ्गीतात्मकताको सिर्जना भएको छ । ुसहर् कवितामा धेरै, कोलाहल, शब्दको पुनरावृत्ति भएको छ । त्यस्तै रङ्गिएको छ, मुछिएको छ जस्ता अनुप्रासयुक्त वाक्यको प्रयोगले कवितमा लयात्मकताको सिर्जना भएको छ । समग्रमा प्रस्तुत कविता लयात्मक, गीतिगेययुक्त र सङ्गीतात्मक रहेको छ ।

**(ग) केन्द्रीय कथ्य**

ुअनुभूति् कवितामा जीवनका इच्छा, चाहना र अनुभवहरूलाई आशाका रूपमा प्रस्तुत गरी आफ्ना इच्छा, चाहनारूपी अनुभूतिहरूको प्रत्येक पल तिलञ्जलि दिन बाध्य भएको मान्छेको अवस्थलार्य कथ्य सन्दर्भका प्रस्तुत रूपमा गरिएको छ । ुकुराहरू् कवितामा समाजमा दोषीले उन्मुक्ति पाउने र निर्दोष कार्वाहीको सिकार हुने परिपाटी बढ्दै गएको विसङ्गत सामाजिक पक्षको चित्रणलाई केन्द्रीय कथ्यका रूपमा प्रस्तुत गरिएको छ । त्यस्तै सहर कवितामा सहरी समाज र नगर जीवनभित्रका विसङ्गतिहरूलाई कथ्य सन्दर्भका रूपमा प्रस्तुत गरिएको छ । समग्रमा प्रस्तुत कविताहरूले समसामायिक विषयवस्तुहरूलाई विषयका रूपमा उठान गरिएको छ ।

**(घ) संरचना र आयाम**

प्रस्तुत कविताहरू लघु आयाममा संरचित छन् । छोटाछोटा वाक्य ढााचायुक्त अनुच्छेद योजनाका कारण यी कविताहरू आकर्षक देखिएका छन् । ुअनुभूति् कविता चारवटा अनुच्छेदमा संरचित छ । दुई वाक्यदेखि छ वाक्यसम्मका अनुच्छेदहरू तथा दुई शब्ददेखि चार शब्दसम्मका वाक्य योजनाहरू यस कवितामा पाइन्छ । करिब डेढ मिनेट आदर्श वाचन समय रहेको यो कविता लघु आयाममा संरचित छ । ुकुादिएका मन् कविता पााच अनुच्छेदमा संरचित छ । दुई वाक्यदेखि पााच वाक्य सम्मका अनुच्छेद रहेको यस कवितामा दुई शब्ददेखि पााच शब्दसम्मका वाक्यहरू रहेका छन् । आदर्श पठनकाल करिब डेढ मिनेट रहेको प्रस्तुत कविता लघु आयाममा संरचित छ । ुमेरा मन् कविता चारवटा अनुच्छेदमा संरचित छ । चार वाक्यदेखि छ वाक्यसम्मका वाक्यहरू तथा पठनकाल करिब डेढ मिनेट रहेको यो कविता लघु आयाममा संरचित छ । ुकुराहरू् कविता छ वटा अनुच्छेदमा संरचित छ । दुई वाक्यदेखि चार वाक्यसम्मका यी अनुच्छेदहरूका वाक्य एक शब्ददेखि चार शब्दसम्मले बनेका छन् । त्यस्तै सहरहरू कविता चार अनुच्छेदमा संरचित छ ।

पाँच वाक्यदेखि बाह्र वाक्यसम्मका यस कविताका अनुच्छेदहरूका वाक्य एक शब्ददेखि पाँच शब्द सम्मले बनेका छन् । पठनकाल करिब दुई मिनेट रहेको छ ।

### (ङ) कथन पद्धति

अनुभूति कवितामा समाख्याता कविताभन्दा बाहिरै बसेको छ । अतः यसमा कविनिबद्ध वक्तृ प्रौढोक्ति कथन शिल्प प्रयोग भएको छ । ुकुदिएको मनभित्र्र कवितामा पनि समाख्याता कविताभन्दा बाहिरै बसेर ुतिमी्र पात्रलाई कविता सुनाइरहेको छ । अतः यसमा कविनिबद्ध प्रौढोक्ति कथन  शिल्प कथनको प्रयोग भएको छ । ुमेरो मन्र कवितामा समाख्याता ुम्र पात्रका रूपमा कवितामा रहेको छ । अतः यसमा कविप्रौढोक्ति कथन पद्धतिको उपयोग गरिएको छ । ुकुराहरू्र र ुसहर्र कवितामा समाख्याता कविभन्दा बाहिरै निरपेक्ष रूपमा रहेर कविता प्रस्तुत गरेको छ । अतः यसमा कविनिबद्ध वक्तृप्रौढोक्ति कथन ढाँचा प्रयोग भएको छ । समग्रमा यी कविताको कथन ढाँचा प्रभावकारी रूपमा प्रस्तुत भएको छ ।

### (च) भाषाशैली र विम्बालङ्कार

प्रस्तुत कविताहरू सरल, सहज र लयात्मक भाषिक शिल्पका साथ लेखिएका छन् । छोटाछोटा आकर्षक वाक्य ढाँचा, तुकबन्दी र अनुप्रासयुक्त शब्दले कविताको आन्तरिक र बाह्य भाषिक अर्थ सौन्दर्यमा वृद्धि गरेका छन् । तत्सम, तत्भव र आयामिक शब्दको प्रयोगले यी कविताको भाषिक विविधतामा वृद्धि भएको छ । विचलनयुक्त भाषा र काव्यात्मक विशेषताले कविताहरू आस्वाद्य बन्न पुगेका छन् । त्यस्तै मनलाई बन्चरो हान्नु (पृ. ६७), मेरो मन ढुङ्गाको हो (पृ. ६७), आजभोलि निर्दोषीले दोषीलाई कारबाही गर्न जान्दैनन् । (विषम अलङ्कार), ुमेरो मन ढुङ्गाको हो्र (अत्युक्ति), जस्ता विशेष कथन र अलङ्कारहरूले भाव रमणीयतामा वृद्धि गरेका छन् ।

## ४.३.२.१४ हराएका साडीहरू, युद्ध रोक्नुपर्छ, नयाँ वर्ष, कल्पनाको महल र आँध्यारो रात कविताको विश्लेषण

### (क) शीर्षक

प्रस्तुत कविताका शीर्षकहरू हराएका साडीहरू, युद्ध रोक्नुपर्छ, नयाँवर्ष, कल्पनाको महल र आँध्यारो रात रहेका छन् । ुहराएका साडीहरू्र कवितामा बुट्टायुक्त रङ्गीन साडीहरू सौन्दर्यमय हुने र बुट्टाविहीन साडीहरू कुरूप हुने चर्चा गर्दै विभिन्न

कारणले नारी शोषण भएको र नारीहरू बेचविखनमा परी साडीहरू हराउादै गएको कथ्य सन्दर्भलाई शीर्षकले सङ्केत गर्न सफल भएको छ । ुयुद्ध रोक्न पर्छ्ू कवितामा युद्धलाई निरपेक्ष रूपले विरोध गर्दै कुनै पनि बहानामा मानवीय मूल्य र जिजीविषा समाप्त हुनुहुादैन भन्ने कथ्य सन्दर्भलाई शीर्षकले प्रस्तुत गर्न सफल भएको छ । ुनयाावर्षू कवितामा समयको परिवर्तन र त्यसको प्रकृति वा मानवीय उत्साहमा ल्याउने नवीन उमङ्गलाई सङ्केत गर्न शीर्षक सक्षम रहेको छ ।ुकल्पनाको महलू  कवितामा मानव मनका अनेक इच्छा, चाहना, अनुभूतिहरूलाई भविष्यको सुनौलो पक्षसाग सन्दर्भित गरेर प्रस्तुत गरिएको छ । अतः यस कविताको शीर्षक र कथ्यको बिचमा संयोजन रहेको छ । आध्यारो रात कवितामा मान्छेले उज्यालोको प्रतिक्षाको लागि गर्ने अनेक सङ्घर्षहरूलाई अभिव्यञ्जनात्मक रूपले प्रस्तुत गर्न शीर्षक सक्षम रहेको छ । समग्रमा उल्लिखित कविताहरूका कथ्य र अभिव्यक्ति सन्दर्भलाई प्रस्तुत गर्न शीर्षकहरू सक्षम रहेका छन् ।

### (ख) लय विधान

प्रस्तुत कविताहरू गद्य लय ढााचामा लेखिएका छन् । गद्य कविता भए तापनि कर्ाविताको आन्तरिक लय भने सुसम्बद्ध छ । शीर्षकहरूको अनेक पटकको पुनरावृत्ति, वाक्य, शब्द, ध्वनि र वर्णहरूको पुनरावृत्तिले लयात्मक सौन्दर्यको वृद्धि भएको छ । ुहराएका साडीहरू कवितामा साडी, बुट्टा र सौन्दर्य शब्दहरू अनेक पटक पुनरावृत्ति भएका छन् । यसबाट कवितामा भाव रमणीयता, अर्थ सौन्दर्य र लयात्मकतामा वृद्धि भएको छ । युद्ध रोक्नुपर्छ कवितामा पनि युद्ध, तिमी शब्दको पुनरावृत्ति छ । अन्त्यानुप्रास युक्तताले पनि काव्यात्मक मिठास थपेको छ । बन्दुकहरू, होलीहरू, कुराहरू, रेखाहरू जस्ता अन्तिम शब्दहरूमा हरूको पुनरावृत्ति गराएर अन्त्यानुप्रासयुक्तताको सिर्जना गरिएको छ । जस्तै :

तिम्रो बन्दुकमा बारुद छ, तर्साउने नगर

तिम्रो बन्दुकमा गोली छ, पड्काउने नगर (पृ. ७३) ।

यस्तो किसिमको लयगत आयोजनाले उल्लिखित सम्पूर्ण कविताहरू लययुक्त र आन्तरिक एवम् कतिपय अवस्थामा बाह्य ढााचामै पनि सुसम्बद्ध रहेका छन् । नयाावर्ष,

कल्पनाको महल र आध्यारो रात कवितामा पनि लयसौन्दर्य कायम भएको छ । समग्रमा उल्लिखित कविताहरू आन्तरिक लय ढााचामा आबद्ध छन् ।

### (ग) केन्द्रीय कथ्य

उल्लिखित कविताहरूमध्ये हराएको साडीहरू कवितामा समाजमा बढ्दै गएको नारी शोषण र अपमान एवम् चेलीबेटी बेचबिखन जन्य समस्यालाई केन्दीय कथ्यका रूपमा प्रस्तुत गरिएको छ । युद्ध रोक्नु पर्छ कवितामा युद्धको निरपेक्ष विरोध गरिएको छ । युद्ध सर्वथा निन्दनीय रहेको छ । युद्धले मानवीय मूल्य र सत्तालाई ध्वस्तै पार्ने हुादा युद्धको विकल्प खोजिनु पर्छ भन्ने कथ्य सन्दर्भ यस कविताले उठाएको छ । नयाा वर्ष कवितामा समयमा आउने परिवर्तन, त्यसले ल्याउने उमङ्गलाई प्रतुत गरिएको छ । कल्पनाको महल कवितामा मानव मनका अनेक भाव तरेलीहरूलाई प्रस्तुत गरिएको छ । जिजीविषा र भोगेच्छासाग यसलाई सन्दर्भित गरिएको छ । आध्यारो रात कवितामा प्राणीले उज्यालो प्राप्तिका लागि गर्नै यावत् प्रयत्नहरूलाई प्रस्तुत गरिएको छ । मानव जीवन सदैव आध्यारोबाट उज्यालोको प्राप्तिमा अगाडी बढ्ने सन्दर्भ प्रस्तुत गरिएको छ । जीवन सफलता प्राप्तिमा अगाडी बढ्नु पर्छ भन्ने कथ्य सन्दर्भ यस कवितामा रहेको छ । प्रस्तुत कविताहरूमा जीवन र जगतसाग सम्बन्धित भएर अनेक विषयहरू कथ्य सन्दर्भका रूपमा आएका छन् ।

### (घ) संरचना र आयाम

उल्लिखित कविताहरूमध्ये हराएको साडीहरू कविता पााच वटा अनुच्छेदमा संरचित छन् । दुई वाक्यदेखि छ वाक्यसम्मका अनुच्छेदहरू तथा एक शव्ददेखि चार शव्दसम्मका वाक्यहरू रहेका छन् । छोटा र आकर्षक वाक्य ढााचाका यी अनुच्छेदहरू अत्यन्त सुगगठित संरचनाका रहेका छन् । युद्ध रोक्नु पर्छ कविता चारवटा अनुच्छेदमा संरचित छ । चार वाक्यदेखि सात वाक्यसम्मका यी अनुच्छेदहरूका वाक्य तिन शब्ददेखि पााच शब्दसम्मका रहेका छन् । पठनकाल करिब डेढ मिनेट जति रहेको यो कविता लघु आयाममा संरचित छ । नयाावर्ष दुई वटा अनुच्छेदमा संरचित छ । पहिलो अनुच्छेदमा सोह्रवटा वाक्यहरू रहेका छन् भने दोस्रो अनुच्छेदमा छवटा वाक्यहरू रहेका छन् । यस कविताका वाक्यहरू दुई शब्ददेखि छ शब्दसम्मका रहेका छन् । पठनकाल करिब डेढ मिनेट रहेको यो कविता लघु आयाममा संरचित छ । कल्पनाको महल कविता चारवटा अनुच्छेदमा संरचित तिन वाक्यदेखि छ वाक्यसम्मका अनुच्छेद रहेको यस कवितामा

दुई शब्ददेखि चार शब्दसम्मका वाक्यहरू रहेका छन् । पठनकाल डेढ मिनेट जति रहेको यो कविता लघु आयाममा संरचित छ । ुआध्यारो रात ू कविता दुईवटा अनुच्छेदमा संरचित छ । पहिलो अनुच्छेदमा पााचवटा वाक्यहरू रहका छन् भने दोस्रो अनुच्छेदमा एघारवटा वाक्यहरू रहेका छन् । दुई शब्ददेखि पााच शब्दसम्मका वाक्य रहेको यस कविताको पठनकाल करिब डेढ मिनेट रहेको छ । यो कविता लघु आयाममा संरचित छ ।

### (ङ) कथन पद्धति

प्रस्तुत कविताहरू आन्तरिक र बाह्रय दुवै कथन पद्धतिहरू आगालेर लेखिएका छन् । ुहराएका साडीहरू ू कवितामा समाख्याता कविताभन्दा बाहिरै बसेको छ । अतः यसमा कविनिबद्ध वक्तृप्रौढोक्ति रहेको छ । ुयुद्ध रोक्नुपर्छ ू कवितामा पनि समाख्याता कविताभन्दा बाहिरै बसेर कविता भनेकाले कविनिबद्धवक्तृ प्रौढोक्ति रहेको छ । ुनयाावर्ष ू कवितामा समाख्याता म पात्रका रूपमा कवितामा उपस्थित भएर कविता भनेकाले यसमा आन्तरिक कथन पद्धति वा कविप्रौढोक्ति ढााचा रहेको छ । ुकल्पनाको महल ू कवितामा समाख्याता स्वयं म पात्रका रूपमा कवितामा आएकाले आन्तरिक कथन पद्धतिको सिर्जना भएको छ । त्यसैले यसमा कविप्रौढोक्ति कथन ढााचा रहेको प्रस्ट हुन्छ । ुआध्यारो रात ू कवितामा पनि समाख्याता स्वंम् पात्रका रूपमा आएकाले आन्तरिक कथन पद्धतिको निर्माण भएको छ । त्यसैले यसमा कविप्रौढोक्ति कथन ढााचा रहेको छ । समग्रमा प्रस्तुत कविताका कथन ढााचा विषयवस्तुलाई प्रस्तुत गर्न सक्षम रहेको छ । विषयवस्तु र तिनको प्रस्तुतिका क्रममा आगालिएका कथन ढााचा प्रभावकारी रूपमा आएको छ ।

### (च) भाषाशैली र अलङ्कार

प्रस्तुत कविताहरूमा अन्य कवितामा जस्तै सरल र सहज भाषिक शैलीको प्रयोग भएको छ । अन्त्यानुप्रासयुक्त, बढी लयात्मक, लालित्यमय भाषाको कारण प्रस्तुत कविता हृदय संवेद्य र भावरमणीय समेत बन्न पुगेको छ । तत्सम र तत्भव शब्दका बाहुल्य रहेका यी कवितामा प्रचलित किसिमका तत्सम शब्दहरूले कविताको अर्थसौन्दर्यमा वृद्धि गरेका छन् । विचलनयुक्त पद पदावलीयुक्त भाषिक प्रयोगले कविताहरू विशिष्ट र अलङ्कृत बन्न पुगेका

छन् । ‸बुट्टे साडी ध्वन्यात्मक भएर आएको छ । यसले नारी सम्मान र नारीहरूको समता सिर्जना भएको आदर्श समाजको अत्योक्तिमूलक अर्थसौन्दर्यलाई प्रस्तुत गरेका छन् । ‸बुट्टा भएको साडी पुतलीको सौन्दर्य हो (पृ. ७२) ले रूपम अलङ्कार र दृश्य विम्बको सिर्जना गरेको छ । ‸ पाखाभरि छरिएका मुस्कान लिएर आएको छ‸ (पृ. ७४ ) मा अत्युक्ति अलङ्कार दृश्य विम्ब रहेको छ । ‸सपनामा महल ठड्याउनु दृश्यविहीन पर्दामा देखिने चित्र मात्र हुनेछ (पृ. ७५) स्वाभावोक्ति अलङ्कार, एकमुठ्ठी सास, आध्यारो मौनता हो, आध्यारो निस्पट्टता हो, जस्ता कतिपय विम्बहरूले कविताको भावरमणीयता र अर्थसौन्दर्यतामा वृद्धि गरेको छ । समग्रमा उल्लिखित कविताहरू भाषिक र आलङ्कारिक कोणबाट सफल र रमणीय बन्न पुगेको छ ।

## ४.३.२. १५ म हराएछु, पहाड, हराएको छोरा, ओठहरू र लाटकोसेरो कविताहरूको विश्लेषण

### (क) शीर्षक विधान

प्रस्तुत कविताहरूका शीर्षक ‸म हराएछु, ‸पहाड, ‸हराएको छोरा, ‸ओठहरू र ‸लाटकोसेरो रहेका छन् । ‸म हराएछु कविता वर्तमान समाजका अव्यवस्था र छटपटीभित्र एउटा मानिस हराउन पुगेका कथ्य सन्दर्भलाई सङ्केत गर्न शीर्षक समर्थ रहेको छ । ‸पहाड कवितामा प्राकृतिक सभ्यताको प्रतीकका रूपमा पहाडलाई लिदै पहाडको महत्त्व स्पस्ट पारिएको कारण कथ्य र शीर्षक विधानका बिचमा तालमेल रहेको देखिन्छ । ‸हराएको छोरा कवितामा छोरा हराएको अभिभावकको व्याथालाई प्रस्तुत गरिएको छ । जुनसुकै कारणले छोरा जहा गए पनि आ‸ना मातापिताका मनमा पर्ने चोटलाई कथ्य सन्दर्भसाग सन्दर्भित गरेका हुनाले शीर्षक र विषयवस्तुका बिचमा सम्बन्ध रहेको छ । ‸ओठहरू कवितामा विभिन्न कारणले विदेशिएका आफन्तजनहरू आउादा शुभचिन्तकका ओठमा देखा पर्ने असिम खुसी र आनन्दलाई प्रकृतिसाग जोडेर प्रस्तुत गरिएको छ । अतः यसमा कथ्य र शीर्षकका बिचामा तालमेल रहेको देखिन्छ । ‸लाटकोसेरो कविताले पशुपन्छीको हितलाई जोड दिएको छ । विभिन्न कारणले लाटोकोसेराहरू लोप हुादै गएको र लुकेर बााच्नुपर्ने दिन आएको कथ्य सन्दर्भलाई शीर्षकले सङ्केत गर्न सफल भएको छ । समग्रमा उल्लिखित कविताहरूको शीर्षक कथ्य सन्दर्भसाग जोडिएर आएका हुनाले शीर्षक विधान सफल भएको मान्न सकिन्छ ।

### (ख) लय विधान

प्रस्तुत कविताहरू गद्यलयमा रचिएका छन् । यी कवितामा गद्यलय भए तापनि आनुप्रासिकता र ध्वनिसाम्य वर्णका कारण लयात्मक रहेका छन् । ध्वनि र शब्दहरूको पुनरावृत्तिबाट अन्तःसङ्गीतात्मकताको सिर्जना पनि भएको छ । ुम हराएछु कवितामा शीर्षकको पुनरावृत्तिले ध्वनिगत र अर्थगत अभिव्यक्ति सौन्दर्यमा वृद्धि भएको छ । त्यस्तै म, मैले जस्ता शब्दहरूको पुनरावृत्ति पनि यस कवितामा भएको छ । यसले पनि लय सौन्दर्यमा वृद्धि गरेको छ । त्यस्तै पहाड कवितामा पहाड र खोला शब्दको शाब्दिक तहमा आवृत्ति भई लयात्मकताको सिर्जना भएको छ । हराएको छोरा कवितामा मेरो छोरा पदावलीको आवृत्तिबाट लयात्मक सङ्गीतको सिर्जना भएको छ । त्यस्तै यस कवितामा अ वर्णको अनेकौा पटक पुनरावृत्ति भएको छ । ओठहरू कवितामा ओठ, स्वागत र स्वदेशी शब्दको अनेकौा पटक पुनरावृत्ति भएको छ । यसले कविताको अर्थ र लय दुवै सौन्दर्यमा वृद्धि भएको छ । लाटोकोसेरो कवितामा मौनता र समय शब्दको पुनरावृत्ति भई आन्तरिक लयको सिर्जना हुन पुगेको छ । त्यस्तै व र ब वर्णको समेत यस कवितामा पुनरावृत्ति भएको छ । समग्रमा उल्लिखित कविताहरू गद्यलयका कारण आन्तरिक लय सुसम्बद्धताले युक्त छ । आन्तरिक लय भएकै कारण सङ्गीतात्मकताको समेत सिर्जना हुन पुगेको छ ।

**(ग) केन्द्रीय कथ्य**

ुम हराएछु कवितामा वर्तमान समयका सामाजिक अव्यवस्था, सन्त्रास र छटपटीहरूले भित्रभित्रै आफूसागै हराउन पुगेको समसामयिक सामाजिक विषय कथ्य सन्दर्भका रूपमा प्रस्तुत भएको छ । पहाड कवितामा प्राकृतिकपन र सभ्यताका प्रतीकका रूपमा लिइएको छ । अनेकौा प्राकृतिक स्रोतहरूको मुहान र भण्डारका रूपमा समेत लिई यस कवितामा प्रकृतिलाई नै प्रतिपाद्य विषयका रूपमा ग्रहण गरिएको छ । ुहराएको छोरा कवितामा विभिन्न कारणले युवाहरू वा छोराहरू हराइरहेको हुादा त्यसबाट मातृ वात्सल्य र पितृ वात्सल्यमा पर्ने आघातलाई प्रस्तुत गरिएको छ । मानवीय संवेदना नै यस कविताको कथ्यको रूपमा आएको छ । ुओठहरू कवितामा वैदेशिक रोजगारीका कारण विदेशिएका प्रियजनहरूलाई स्वागत गर्न प्रतीक्षारत शुभचिन्तकहरूको संवेदनालाई प्रस्तुत गरिएको छ । यसले मानवीय भावना र समसामयिक दुवै सन्दर्भलाई कथ्यका रूपमा प्रस्तुत गरेको छ । ुलाटोकोसेरो कवितामा पर्यावरणीय विषयलाई प्रस्तुत गरिएको छ । मानवीय क्रियाकलापले ुलाटोकोसेरो लगायतका पन्छीहरू लोप हुादै गएका समसामयिक चिन्ता नै यस कविताको कथ्य सन्दर्भका रूपमा आएको छ । समग्रमा प्रस्तुत

कविताहरू समसामयिक, सामाजिक, प्राकृतिक तथा मानवीय संवेदना जस्ता विषयलाई प्रस्तुत गर्न सक्षम रहेका छन् ।

(घ) संरचना र आयाम

ुम हराएछु कविता तिनवटा लघु अनुच्छेदमा पूर्ण भएको छ । चार वाक्य र पााच वाक्यका यी अनुच्छेदहरू दुई शब्ददेखि पााच शब्दद्वारा निर्माण भएका छन् । पठनकाल करिब डेढ मिनेट रहेको यो कविता लघु आयाममा संरचित छ । चार वाक्यदेखि दश वाक्यसम्मका यी अनुच्छेदका वाक्यहरू एक शब्ददेखि पााच शब्दसम्मले बनेका छन् । पठनकाल करिब दुई मिनेट रहेको यो कविता लघु आयाममा संरचित छ ।ुहराएको छोरूा कविता चार अनुच्छेदमा संरचित छ । सात वाक्यदेखि एघार वाक्यसम्मका यी अनुच्छेदहरूका वाक्य दुई शब्ददेखि पााच शब्दसम्मले बनेका छन् । पठनकाल करिब दुई मिनेट जति रहेको यो कविता निश्चित लमाइका शब्द र वाक्य योजनाले आकर्षक लघु आयामको रहेको छ ।ुओठहरू कविता दुई अनुच्छेदमा पूर्ण भएको छ । पहिलो अनुच्छेदमा दशवटा वाक्यहरू रहेका छन् । त्यस्तै दोस्रो अनुच्छेदमा नौवटा वाक्यहरू रहेका छन् । दुई शब्ददेखि पााच शब्दसम्मका वाक्यहरू रहेको यस कविताको पठनकाल करिब डेढ मिनेट रहेको छ । यो कविता लघु आयाममा संरचित छ ।ुलाटोकोसेरोू कविता दुईवटा अनुच्छेदमा संरचित छ । पहिलो अनुच्छेदमा छवटा वाक्यहरू रहेका छन् भने दोस्रो अनुच्छेदमा बाह्रवटा वाक्यहरू रहेका छन् । तिन शब्ददेखि छ शब्दसम्मका वाक्य योजना रहेको यो कविताको पठनकाल करिब डेढ मिनेट रहेको छ । यो पनि लघु आयाममा संरचित छ ।

(ङ) सङ्कथन पद्धति

ुम हराएछु कविता आन्तरिक दृष्टिविन्दुमा लेखिएको समाख्याता नै म पात्रका रूपमा आई कविता प्रस्तुत गरेकाले यस कवितामा कविप्रौढोक्ति कथन पद्धति रहेको छ ।ुपहाडू कवितामा समाख्याता कविताभन्दा बाहिरै बसेर कविता प्रस्तुत गरेको छ । अतः यसमा बाह्य दृष्टिविन्दु रहेको छ । कविनिबद्धवक्तृप्रौढोक्ति कथन पद्धति रहेको यो कविता कथन पद्धतिका दृष्टिले प्रभावकारी पनि छ । हराएको छोरूा कविता आत्मलापीय प्रथम पुरुष आन्तरिक कथनमा केन्द्रित रहेकाले कविप्रौढोक्ति कथन ढााचाको प्रयोग भएको छ ।ुओठहरूू

कवितामा समाख्याता हामीका रूपमा उपस्थित भएकाले प्रथम पुरुषात्मक कथन पद्धति वा कविप्रौढोक्ति कथन शिल्प रहेको पुष्टि हुन्छ । ¸लाटकोसेरो˛ कवितामा समाख्याता कविताभन्दा बाहिर बसेर कविता प्रस्तुत गरेकाले बाह्रय कथन ढाचा वा कविनिबद्धवक्तृ प्रौढोक्ति कथनढााचाको प्रयोग भएको छ । समग्रमा प्रस्तुत कविताका कथन पद्धतिहरू प्रभावकारी र विषयको वर्णनका दृष्टिले प्रभावकारी र औचित्यपूर्ण रहेका छन् ।

### (च) भाषाशैली र विम्बालङ्कार

उल्लिखित कविताहरूमा सरल र सरस किसिमको भाषाशैलीको प्रयोग भएको छ । निकै आकर्षक भाषिका संरचनायुक्त देखिने उनका उल्लिखित कविताहरूमा वर्ण, ध्वनि र शब्दहरूको साम्य र वैषम्यका कारण पनि भाषिक रमणीयता र लयात्मक आश्वाद्यता देखा परेको छ । यसलाई पोखरेलको काव्य भाषाको प्रयोगमा सफलता मान्न सकिन्छ । तत्सम जस्तै : सहनशील, पद, चाप, एकाग्र, सहिष्णु, मरुभूमि, हिमाच्छादित, कुतूहल, अधैर्य, स्वाभाव, द्वन्द्व, सौन्दर्य, सौभाग्य, अनुच्छादित), तत्भव जस्तैः (टुकुटुकु, झलझल्ती, झगडालु, पहाडीया, झुपडी, लाहुरे, आागन, ओठ) शब्दहरूको औचित्यपूर्ण प्रयोगले कविताको अर्थसौन्दर्य र भावरमणीयतामा वृद्धि भएको छ । विचलनयुक्त भाषिक प्रयोग र काव्य भाषाले भावरमणीयतामा समेत वृद्धि गरेको छ । ¸डााडापाखाले पहरेदारको काम गरिरहेका छन्˛ (पृ. ८२) ¸सेता कन्चन हिमालले ओठभरि हासो लिएर स्वागत गरिरहेका छन्˛ (पृ. ८२) ¸भविष्यका रेखाहरू म झलझझली देखिरहेको छु˛ (पृ. ८०), हेर्दाहेर्दै हृदय बलेर पनि मुटु जलिसक्यो˛ (पृ. ८१), खोलाले पहाडसगौ मुठभेड गर्छ (पृ.७८), पहाडको स्वाभाव बदला लिने होइन सौन्दर्य दिने हो˛ पृ.७९) आदि क्रमशः मानवीकरण, अत्युक्ति, दृश्यविम्ब, अत्युक्ति, अपह्नुति जस्ता अलङ्कार, विम्ब र विशेष कथ्यहरूले कविताको भावरमणीयतामा वृद्धि भएको छ ।

## ४.३.२.१६ स्वतन्त्र जीवन, समय, टाढाबाट हेर्दा, माटो, सेता परेवा र भावनाको मन कविताहरूको विश्लेषण

### (क) शीर्षक

प्रस्तुत कविताहरूको शीर्षक स्वतन्त्र जीवन, समय, टाढाबाट हेर्दा, माटो, सेता परेवा र भावनाको मन रहेका छन् । ¸स्वतन्त्र जीवन˛ कवितामा पर्यावरणीय स्वच्छता र

ग्रामीणपनतर्फको आकर्षणलाई प्रस्तुत गरी त्यस प्राकृतिक रमणीय ग्राम्यपन नै अधिक स्वतन्त्र रहेको भाव व्यक्त गरिएको छ । अतः यसमा कथ्य विषयलाई शीर्षकले सङ्केत गर्न सफल भएको छ ।ुसमय् कवितामा परवर्तनशील समय र यसले ल्याउने अनेकौ प्राकृतिक परिवर्तनलाई प्रस्तुत गरिएको छ । अतः कथ्य र शीर्षकको बिचमा पनि यो कविता सार्थक रहेको छ ।ुटाढाबाट हेर्दा् कवितामा सहरी सभ्यतालाई राम्रो देखिए तापनि नजिकबाट हेर्दा त्यो सभ्यता अत्यन्त जर्जर, स्वार्थ लोलुपताले भरिएको, विसङ्गत रहेको तथ्य वर्ण्य विषयको रूपमा प्रस्तुत गरी कथ्य र विषयको रूपमा तालमेल गरिएको छ ।ुमाटो् कवितामा देश प्रेम र स्वजातीय गौरवगान प्रस्तुत अतः शीर्षक र वर्ण्य विषयमा तालमेल रहेको छ ।ुसेतो परेवा कवितामा परेवालाई शान्तिको प्रतीकका रूपमा वर्णन गरी कथ्य र सन्दर्भसाग सन्दर्भित गरिएको छ ।ुभावनाको मन् कवितामा भावना हराउादै गएको आजको मान्छेको कठोर हृदयलाई प्रस्तुत गरिएको छ । अतः यस कविताले पनि कथ्य र शीर्षकका विचमा समन्वय गरेको छ । समग्रमा प्रस्तुत कविताहरूले शीर्षक र कथ्य सन्दर्भलाई देखाउान सक्षम रहेका छन् ।

### (ख) लय विधान

प्रस्तुत कविताहरू आन्तरिक लय ढााचामा लेखिएका छन् । आंशिक रूपमा ध्वनि, वर्ण र शब्दको पुनरावृत्ति, अनुप्रासयुक्तता आदिका कारण बाह्य लयको पनि सिर्जना हुन पुगेका छ ।ुस्वतन्त्र जीवन् कवितामा अन्त्यतनुप्रासयुक्त लयसौन्दर्यको आयोजना गद्य कवितामा पनि गरिएको छ । म, स, र प वर्णहरूको अनेक पटकको पुनरावृत्तिले लयात्मकताको सिर्जना हुन पुगेको छ ।ुसमय् कवितामा समय शब्दको अनेकौ पटक पुनरावृत्ति भएको छ । त्यस्तै स र म जस्ता कोमल वर्णहरूको पुनरावृत्तिले कवितालाई थप आश्वाद्य बनाएका छन् ।ुटाढाबाट हेर्दा् कवितामा बारम्बार विसङ्गत र सहर शब्दको पुनरावृत्ति भएको छ । आइरहेको छ, भइरहेको छ जस्ता अन्त्यानुप्रासयुक्त प्रयोगले लय सिर्जना भएको छ ।ुमाटो् कवितामा म, माटो, देश आदि शब्दको बारम्बार पुनरावृत्ति गरिएको छ । त्यस्तै मलाई, लाग्छ, छु शब्दको अन्त्यानुप्रासीय पुनरावृत्तिले काव्यत्मक लय र आश्वाद्यताको सिर्जना गरेको छ ।ुसेता परेवा् कवितामा सेता परेवा पदावलीकै बारम्बार पुनरावृत्ति गरिएको छ । साथै घुर्नु शब्दको समेत पुनरनवृत्ति गरी लय सौन्दर्यमा वृद्धि भएको छ ।ुभावनाको मन कवितामा मैले र तिमी पदको अनेकौ पटक पुनरावृत्तिबाट सङ्गीतात्मकता र लयात्मकताको सिर्जना भएको छ । समग्रमा उल्लिखित कविताहरू आन्तरिक रूपमा लय सौन्दर्ययुक्त रहेका छन् ।

### (ग) केन्द्रीय कथ्य

स्वतन्त्र जीवन्‌ू कवितामा पर्यावरणीय विषयलाई कथ्य सन्दर्भको रूपमा प्रस्तुत गरिएको छ । ग्रामीण नेपाली जीवनको आनन्द पक्षको स्वच्छन्द रूपमा वर्णन गरी ग्राम्यपनप्रति रुचि प्रकट गरिएको छ।ुसमयू कवितामा प्राकृतिक परिवर्तनलाई कथ्य सन्दर्भको रूपमा प्रस्तुत गरिएको छ। समय अनुसारका परिवर्तन र त्यसले ल्याउने नवीनपन कवितामा केन्द्रीय कथ्यका रूपमा आएका छन्। टाढाबाट हेर्दा कवितामा सहरी सभ्यतामा देखा परेका अनेक विसङ्‌गति र मानवताको गिर्दो मूल्यलाई सङ्‌केत गरिएको छ । सहर टाढाबाट हेर्दा जस्तो देखिन्छ यथार्थमा त्यस्तो नरहेको भाव प्रस्तुत गरिएको छ ।ुमाटोू कवितामा देशप्रेमलाई नै विषयवस्तुका रूपमा प्रस्तुत गरिएको छ । देशप्रेम, जातीय गौरव तथा राष्ट्रियता यस कविताका वर्ण्य विषय बनेर आएका छन्।ुसेता परेवाू कवितामा अशान्त बन्दै गएको वर्तमान समयमा सेता परेवा वा शान्तिको महत्त्व रहेको भावलाई प्रस्तुत गरिएको छ। शान्तिको विकल्प नरहेको र त्यसको प्रतीक सेता परेवा रहेको भाव यस कवितामा अभिव्यक्त छ।ुभावनाको मनू कवितामा मनभित्र भावना रहने र त्यो भावना आज दिनानुदिन मानव मनबाट हराउादै गएको विषयलाई प्रस्तुत गरिएको छ । यसो हुनु दुर्भाग्यपूर्ण रहेको कथ्य सन्दर्भलाई प्रस्तुत कविताले महत्त्वका साथ उल्लेख गरेको छ । समग्रमा प्रस्तुत कविताहरू पर्यावरण, समसामयिकता, सामाजिक र मानवीय भावनाजन्य विषयलाई समेटेर लेखिएका छन्।

### (घ) संरचना र आयाम

प्रस्तुत कविताहरू लघु आयाममा संरचित छन् । स्वतन्त्र जीवन्‌ू कविता सातवटा अनुच्छेदमा संरचित छ । दुई वाक्यदेखि सात वाक्यसम्मका यी अनुच्छेदका वाक्यहरू तिन शब्ददेखि छ शब्दसम्म निमार्ण भएका छन् । निश्चित लमाइका सुगठित अनुच्छेद र वाक्य ढााचा भएको यस कविताको पठनकाल करिब दुई मिनेटको रहेको छ ।ुसमयू कविता चारवटा अनुच्छेदहरूमा संरचित छ । तिन वाक्यदेखि छ वाक्यसम्मका अनुच्छेद रहेका यस कवितामा दुई शब्ददेखि पााच शब्दसम्मका वाक्यहरू रहेका छन् । संरचनात्मक आयाम मिलेका वाक्य र अनुच्छेदयुक्त यस कविताको पठनकाल करिब डेढ मिनेट रहेको रहेको छ ।ुटाढाबाट हेर्दाू कविता तिनवटा अनुच्छेदमा पूर्ण भएको छ । तिन वाक्यदेखि नौ

वाक्यसम्मका यी अनुच्छेदका वाक्यहरू एक शब्ददेखि चार शब्दसम्मले निमार्ण भएका छन् । पठनकाल करिब डेढ मिनेट रहेको यो कविता संरचनात्मक आयामका दृष्टिले लघु रहेको छ । ‘माटो’ कविता तिनवटा अनुच्छेदमा पूर्ण भएको छ । पहिलो अनुच्छेदमा छ वटा वाक्य, दोस्रोमा आठवटा वाक्य र तेस्रोमा दशवटा वाक्य रहेको यस कविता अनुच्छेदगत लमाइका दृष्टिले अत्यन्त सन्तुलित रहेको छ । तिनशब्ददेखि छ शब्दसम्मका वाक्य रहेको यस कविताको पठनकाल करिब दुई मिनेट रहेको छ । ‘सेता परेवा’ कविता पाँचवटा अनुच्छेदमा संरचित छ । तिनवटा वाक्यदेखि छवटा वाक्यसम्म रहेका यस कवितामा दुई शब्ददेखि छ शब्दसम्मको वाक्य योजना रहेको छ । संरचनाको दृष्टिले यो कविता पनि आकर्षक र सन्तुलित रहेको छ । यस कविताको पटनकाल करिब दुई मिनेट रहेको छ । ‘भावनाको मन’ कविता सातवटा अनुच्छेदमा संरचित छ । दुई वाक्यदेखि आठ वाक्यसम्मका अनुच्छेद योजना रहेको यस कवितामा एक शब्ददेखि पाँच शब्दसम्मका वाक्य रहेका छन् । संरचनात्मक लमाइ र चौडाइका दृष्टिले परिपुष्ट रहेको यो कविताको पठनकाल करिब दुई मिनेटको रहेको छ । समग्रमा प्रस्तुत कविताहरू संरचनात्मक दृष्टिले परिपुष्ट र आयामका दृष्टिले लघु रहेका छन् ।

**(ङ) कथन पद्धति**

स्वतन्त्र जीवन कवितामा म पात्रका रूपमा कवितामा उपस्थित भएकाले आन्तरिक कथन ढाँचाको उपयोग भएको छ । अतः यसमा कविप्रौढोक्ति कथन ढाँचा रहेको छ । ‘समय’ कवितामा बाह्य कथन ढाँचाको प्रयोग भएकोले प्रस्तुततिका कममममा कविनिबद्ध वक्तृ प्रौढोक्तिको प्रयोग भएको छ । ‘टाढाबाट हेर्दा’ कविता तृतीय पुरुष वा बाह्य कथन ढाँचामा लेखिएकाले यसमा पनि कविनिबद्धवक्तृप्रौढोक्ति कथन ढाँचाको प्रयोग भएको छ । ‘माटो’ कवितामा समाख्याता स्वयं म पात्रका रूपमा कवितामा आएकाले कविप्रौढोक्ति ढाँचाको प्रयोग भएको छ । ‘सेता परेवा’ कवितामा पनि समाख्याता म पात्रका रूपमा कवितामा आएकाले आन्तरिक कथन पद्धति वा कविप्रौढोक्ति कथन ढाँचाको प्रयोग भएको छ । ‘भावनाको मन’ कवितामा पनि समाख्याता स्वयं म पात्रका रूपमा कवितामा उपस्थित भएकाले आन्तरिक कथन पद्धति वा कविप्रौढोक्ति शिल्पको प्रयोग भएको छ । प्रस्तुत कविताका कथन पद्धति अभिव्यक्तिको प्रभावकारिताका लागि सफल रहेका छन् ।

**(च) भाषाशैली र विम्बालङ्कार**

उल्लिखित कवितामा सरल, सहज र संवेद्य किसिमको भाषिक प्रयोग भएको छ । तत्सम, तत्भव र आगन्तुक स्रोतका शब्दहरूको औचित्यपूर्ण र प्रभावकारी संयोजनबाट कवितामा अभिव्यक्तिगत स्पष्टतामा वृद्धि भएको छ । अन्य कविताभ्कैं प्रस्तुत कवितामा पनि विचलनयुक्त भाषिक प्रयोग र आलङ्कारिकताले काव्यात्मक अर्थ सौन्दर्यमा वृद्धि भएको छ । अलङ्करण योजना पनि सार्थक रूपमा प्रस्तुत भएको छ । जस्तैः युद्धलाई कहिले म जित्छु, कहिले युद्धले मलाई जित्छ – पृ. ८४) व्यतिरेक अलङ्कार, ुगह्रुङ्गो भारी बोकेका खुट्टाभ्कैं लुर्खुराउाछु (पृ. ८५) उपमा अलङ्कार, तापक्रममा सहर बााच्नचाहि रहेछ (पृ. ८७) अत्युक्ति र मानवीकरण, मेरो माटो छुने प्रयास नगर छोयो भने दाग लाग्छ (पृ. ८८) दृश्य विम्ब र अत्युक्ति अलङ्कार, निषेध अलङ्कार जस्ता विम्ब र अलङ्कारले तथा ुसेतो परेवाू लाई शान्तिको प्रतीकका रूपमा लिइएकाले भावगाम्भीर्य र अर्थ सौन्दर्यमा वृद्धि भएको छ ।

### ४.३.२.१७ आकाश, इतिहास बोल्छ, कुण्ठित जीवन, रोयो ओखल्ढुङ्गा सम्भ्कौता कविताहरूको विश्लेषण

**(क) शीर्षक**

प्रस्तुत कविताहरूका शीर्षक ुशाकाशू, ुइतिहास बोल्छू, ुकुण्ठित जीवनू, ुरोयो ओखल्ढुङ्गाू र ुसम्भ्कौताू रहेका छन् । आकाश कवितामा आकाशको प्रयावरणीय महत्त्व प्रस्तुत गरिएकाले शीर्षक र कथ्यका विचमा तालमेल रहेको छ । ुइतिहास बोल्छू कवितामा इतिहासको महत्त्व प्रस्तुत गर्दै इतिहासको पुनर्खोजी र छानविनको आवश्यकता प्रस्तुत गरिएकाले केन्द्रीय कथ्यलाई शीर्षकले वहन गर्न सफल रहेको छ । ुकुण्ठित जीवनू कवितामा विभिन्न कारणले दमित र कुण्ठित हुन पुगेको मानव मनको विषय प्रस्तुत गरिएकाले कथ्य र शीर्षकका बिचमा औचित्यपूर्ण संयोजन रहेको छ । ुरोयो ओखल्ढुङ्गाू कवितामा जन्मभूमिलाई त्यागेर टाढा जानेहरू फर्केर नआउादा प्रकृति पनि दुःखी भएको पर्यावरणीय विषयलाई प्रस्तुत गरिएकाले शीर्षकले यसलाई प्रस्ट रूपमा दर्साउन सफल भएको छ । ुसम्भ्कौताू कवितामा मान्छेले प्रत्येक पल पलमा आफूसाग र समाजसाग गर्नु पर्ने सम्भ्कौतालाई वर्ण्य विषयका रूपमा उठाएकाले यस कथ्यलाई शीर्षकले प्रतीकात्मक

रूपमा बुझाउन सफल भएका छ । उल्लिखित कविताहरू शीर्षकीय रूपमा सार्थक रहेका छन् । कथ्य र शीर्षकका बिचमा उपयुक्त तालमेल रहेका छन् ।

**(ख) लय विधान**

प्रस्तुत कविताहरू आन्तरिक लयमा आबद्ध छन् । गद्य कविता भएको हुनाले बाह्य लय प्रस्ट रूपमा नआए तापनि आन्तरिक लय र अन्तःसङ्गीतातमकता प्रस्ट रूपमा आएको छ । ध्वनि, शब्द र वर्णका तहमा पुनरावत्ति तथा अन्त्यानुप्रास युक्तता प्रस्ट रूपमा आएको छ । ध्वनि, वर्ण र शब्दको पुनरावृत्ति तथा अन्त्यानुप्रासयुक्तताले काव्यात्मक र लयात्मक रूपमा आश्वाद्य बन्न पुगेका छन् । सबै कविताहरूको शीर्षक तथा प्रतिपादित कथ्य सन्दर्भको अनेकौा पटक पुनरावृत्ति भई भावरमणीयतासागै सौन्दर्यमा पनि वृद्धि भएको छ । यसबाट प्रस्तुत कविताहरू आन्तरिक रूपले अत्यन्त सुसम्बद्ध लयगत आयाममा बाधिएको पुष्टि हुन्छ । ध्वनि, वर्ण र शब्दको पुनरनवृत्ति अन्तः सङ्गीतात्मकताको झङ्कार समेत प्राप्त हुन्छ ।

**(ग) केन्द्रीय कथ्य**

उल्लिखित कविताहरूले विभिन्न विषय सर्न्भहरूलाई प्रतिपादन गरेका छन् । ‚आकाशू कवितामा पर्यावरणीय विषय प्रतिपादन गरिएको छ । आकाशको प्राकृतिक महत्त्व नै यस कविताको वर्ण्य विषय हो । ‚इतिहास बोल्छू कवितामा इतिहासको महत्त्वलाई आलोचनात्मक दृष्टिका साथ प्रस्तुत गरिएको छ । इतिहास सबै सत्य र स्वीकारयोग्य हुन नसक्ने हुनाले इतिहासलाई स्वीकार गर्नु अघि त्यसको पुनर्व्याख्या गरिनु पर्ने कथ्य सन्दर्भ प्रस्तुत गरिएको छ । ‚कुण्ठित जीवनू कवितामा मानव मनका दमीत वासनना र कुण्ठालाई नै कथ्य विषयको रूपमा लिइएको छ । मानव मनमा हुने कुण्ठाको सिर्जनात्मक विकास हुनुपर्ने कुरामा प्रस्तुत कविताले जोड दिएको छ । ‚रोयो ओखल्ढुङ्गाू कवितामा पर्यावरणीय विषयको उठान गरिएको छ । प्राकृतिको मानवीकरण गरी सादृश्य विधानद्वारा मान्छेले प्रकृतिको उपयोग मात्र गरेर उसलाई बेवास्ता गरेकाले त्यसो गर्न नहुने भाव प्रस्तुत छ । ‚सम्झौता कवितामा प्रत्यक पल सम्झौता गरेर बााच्न विवश मान्छेको नियतिलाई कथ्य सन्दर्भका रूपमा प्रस्तुत गरिएको छ । मान्छे पलपलमा आफै र समाजसाग सम्झौता गर्न विवश छ भन्ने कथ्य सन्दर्भलाई यस कवितालले उठाएको छ । अतः प्रस्तुत विषयहरू जीवन र जगतसाग सम्बद्ध विविध पक्षबाट लिएका छन् । यी कवितामा विषयगत विविधता पाइन्छ ।

**(घ) संरचना र आयाम**

प्रस्तुत कविताहरू लघु आयाममा संरचित छन् । ुआकाशू कविता चारवटा अनुच्छेदमा संरचित छ । चार वाक्यदेखि नौ वाक्यसम्म लमाइका अनुच्छेद रहेका यो कविताका वाक्यहरू पााच शब्दसम्मले बनेका छन् । पठनकाल करिब डेढ मिनेट रहेको यो कविता लघु आयाममा संरचित छ । ुइतिहास बोल्छू कविता पााचवटा अनुच्छेदमा संरचित छ । तिन वाक्यदेखि सात वाक्यसम्मका अनुच्छेद रहेको यस कविताको वाक्यहरू दुई शब्ददेखि चारशब्द सम्मले बनेका छन् । पठनकाल करिब डेढ मिनेट रहेको यो कविता पनि लघु आयाममै संरचित छ । ुकुण्ठित जीवनू कविता चारवटा अनुच्छेदमा संरचित छ । चार वाक्यदेखि दश वाक्य सम्मका अनुच्छेद रहेको यस कवितामा एक शब्ददेखि चार शब्दसम्मका वाक्यहरू रहेका छन् । पठनकाल करिब दुई मिनेट रहेको यस कवितालाई पनि लघु आयाममै संरचित कविता मान्न सकिन्छ । ुरोयो ओखल्ढुङ्गाू कविता पााच अनुच्छेदमा पूर्ण भएको छ । आठ वाक्यदेखि चौध वाक्य सम्मका अनुच्छेद योजना रहेको यस कवितामा दुई शब्ददेखि दश शब्दसम्मका वाक्यहरू रहेका छन् । पठन काल करिब तिन मिनेट रहेको यस कवितालाई संरचनात्मक आयामका दृष्टिले मझौला फुटकर कविता मान्न सकिन्छ । ुसम्झौताू कविता पााच अनुच्छेमा संरचित छ । दुई वाक्यदेखि दशवाक्यसम्म रहेका यी अनुच्छेदका वाक्यहरू दुई शब्ददेखि पााच शब्दसम्मका रहेका छन् । सुगठित र संरचनात्मक दृष्टिले सन्तुलित यो कविताका पठनकाल करिब डेढ मिनेट रहेको छ । यो पनि लघु आयाममै संरचित छ ।

**(ङ) कथन पद्धति**

ुआकाशू कविता बाहृय कथन पद्धतिमा संरचित छ । समाख्याता कविताभन्दा बाहिरै बसेकाले कविनिबद्ध वक्तृ प्रौढोक्ति कथन ढााचा रहेको छ । ुइतिहास बोल्छू कवितामा पनि समाख्याता कविताभन्दा बाहिरै रहेको छ । अतः यसमा पनि वाहृय कथनपद्धति वा कविनिबद्धवक्तृप्रौढोक्ति कथन ढााचा रहेको पुष्टि हुन्छ । ुकुण्ठित जीवनू कवितामा पनि समाख्याता कविताभन्दा बाहिरै रहेकाले बाहृय वा कविनिबद्ध कविनिबद्धवक्तृप्रौढोक्ति कथन पद्धति रहेको छ । ुरोयो ओखल्ढुङ्गाू कवितामा पनि समाख्याता कविताभन्दा बाहिरै रहेर कविता भनेकाले कविनिबद्धवक्तृप्रौढोक्ति कथन पद्धति रहेको छ । ुसम्झौताू कवितामा पनि कविनिबद्धवक्तृप्रौढोक्ति कथन पद्धतिलाई आगालिएको छ । समग्रमा प्रस्तुत कविताहरूका

कथन पद्धति बाहृय वा कविनिबद्ध किसिमका छन् । विषयवस्तु तटस्थ रूपमा प्रस्तुत गर्न सफल भएकाले यी कविताका कथन पद्धतिहरू सार्थक रहेका छन् ।

### (च) भाषाशैली र बिम्बालङ्कार

प्रस्तुत कविताहरूको भाषा सरल र सहज किसिमको रहेको छ । सरल भाषाशैलीको कारण यी कविताहरू आश्वाद्य पनि रहेका छन् । कविताको अर्थबोधका लागि कुनै बाधा पर्ने देखिदैन । प्रचलित किसिमका तत्सम र तत्भव शब्दको प्रयोगले अर्थगाम्भीर्य र भाषिक विविधतामा वृद्धि गरको छ । काव्य भाषा र विचलनका कारणले सामान्य अर्थमा भन्दा विशिष्ट अर्थकमा मात्र यी कविताहरू बुझिने देखिन्छन् । विचलनयुक्त भाषिका प्रयोग, विम्बालङ्कार जस्ता कारणले कविताको भावरमणीयतामा वृद्धि भएको छ । ुआकाश सागरजस्तै निलो छ (पृ. ९८), दृष्टान्त अलङ्कार, सप्तरङ्गी इन्द्रेनी (पृ.९२), दृश्य विम्ब, कुण्ठाले भरिएका जविनका घाउ (पृ. ९४), आर्तनादको चेहरा (पृ.९५) अर्थतात्विक विचलन, पहाडको छातिमा बसेर (पृ. ९५) विचलन, समुनद्रको बगरमा आत्मा रोप्ने गर (पृ. ९७) विचलन, सम्झौता अग्निज्वाला हो (पृ. ९८) रूपक अलङ्कार, आदि विम्बालङ्कार र विचलनले कविताको भाव रमणीयतामा वृद्धि गरेको छ ।

## ४.३.२.१८ घण्टाघर, अपमान, रहरहरू, एक्लो जीवन र साटिएका घाउहरू कविताको विश्लेषण

### (क) शीर्षक

प्रस्तुत कविताका शीर्षकहरू क्रमशः घण्टाघर, अपमान, रहरहरू, एक्लो जीवन र साटिएका घाउहरू रहेका छन् । ुघण्टाघरू कवितामा घण्टालाई ऐतिहासिक धरोहर र समयको प्रविम्बको रूपमा चित्रण गरिएकाले कथ्य र शीर्षकका बिचमा तालमेल रहेको छ । ुअपमानू कवितामा कसैले दिने मायाको बदलाको भावलाई प्रस्तुत गरिएकाले कथ्य र शीर्षकका बिचमा सम्बन्ध रहेको छ । ुरहरहरू कवितामा मान्छेका मनमा भोगेच्छाका कारण उत्पन्न हुने रहरलाई प्रस्तुत गरिएकाले शीर्षक र कथ्य सन्दर्भका बिचमा सम्बन्ध रहेको छ । ुएक्लो जीवनू कवितामा मानिसले एक्लै जीवन विताउनु पर्दाको छटपटी र उकुसमुकुसहरूलाई प्रस्तुत गरिएकाले शीर्षकले कथ्य सन्दर्भलाई सङ्केत गर्न सफल भएको छ । ुसाटिएका घाउहरू कवितामा मान्छेका मनमा समय, परिस्थिति र व्यवहारले उतन्न हुने

चोट र तनावलाई प्रस्तुत गरिएकाले वेदनासाग, आाशुसाग घाउहरू साटिए भन्ने अर्थमा शीर्षक सार्थक रहेको छ ।

**(ख) लय विधान**

प्रस्तुत कविताहरू गद्य भएकाले बाह्यतलमा लयबद्ध नभई आन्तरिक रूपमा लयबद्ध रहेका छन् । त्यसैले यी कविताहरू आन्तरिक लयबद्ध छन् । निश्चित लमाइ र चौडाइका शब्द र वाक्ययोजना, अन्त्यानुप्रासयुक्तता आदि जस्ता लयबर्द्धक प्रविधिले कविताहरूलाई लयात्मक र आश्वाद्य बनाएका छन् । ुघण्टाघरू कवितामा घण्टाघर शब्दको पुनरावृत्ति श्रुतिनिनाद सृजना गरेको छ । त्यस्तै स वर्णको समेत पुनरावृत्ति भएको छ । साटिएका रहेछ, बजाइरहेछ, ब्युझाइरहेछ, चलिरहेछ जस्ता अन्त्यानुप्रासयुक्त तुकबन्दीले यस कवितालाई लयात्मक बनाएको छ । उल्लिखित सबै कविताहरूमा ध्वनि, वर्ण र शब्दहरूको बारम्बार आवृत्तिबाट उत्पन्न भएको अन्तः सङ्गीतात्मक लयले कवितालाई आश्वाद्य बनाएको छ ।

**(ग) केन्द्रीय कथ्य**

ुघण्टाघरू कवितामा इतिहासको पहरेदारका रूपमा रहेको घण्टाघरको महत्त्वलाई प्रस्तुत गरिएको छ स । समय र इतिहासको साक्षी एवम् धरोहरका रूपमा घण्टाघरको चित्रण गरिएको छ । ुअपमानू कवितामा मानव मनमा अपमानका कारणले पर्न सक्ने चोट र त्यसले निम्त्याउने आघातलाई कथ्यका रूपमा घण्टाघरको चित्रण गरिएको छ । ुरहरहरू कवितामा मान्छेमा उत्पन्न हुने रहर, जिज्ञासा, भोगेच्छाहरूलाई कथ्य सन्दर्भ बनाई प्रस्तुत गरिएको छ । ुएक्लो जीवनू कवितामा एक्लै जीवन व्यतीत गर्नुपर्दाका कष्टपूर्ण क्षणहरूलाई कथ्य सन्दर्भ बनाई प्रस्तुत गरिएको छ । एक्लो जीवन पीडादायक र पट्यारलाग्दो हुने भाव यस कवितामा व्यक्त भएको छ । ुसाटिएका घाउहरू कवितामा विभिन्न कारणले आासुसाग पीडा, दुःख र जीवनका अनेकन् घाउहरू साट्न मान्छे बाध्य बन्ने गरेको विदारक कथ्य सन्दर्भलाई विषयका रूपमा प्रस्तुत गरिएको छ । प्रस्तुत कविताहरूमा इतिहास, जीवन आदिसाग सम्बन्धित विषयवस्तुहरू कलात्मक रूपमा प्रस्तुत गरिएको छ ।

**(घ) संरचना र आयाम**

उल्लिखित कविताहरू सबै लघु आयाममा संरचित छन् । ुघण्टाघरू कविता तिनवटा अनुच्छेदमा पूर्ण भएको छ । तिनवटा वाक्यदेखि सातवटा वाक्यसम्मका अनुच्छेद रहेको यस कविताका वाक्यहरू एक शब्ददेखि चार शब्दसम्मले निर्माण भएका छन् । करिब एक मिनेट जति पठनकाल रहेको यो कविता लघु आयाममा संरचित छ । ुअपमानू कविता तिनवटा अनुच्छेदमा संरचित छ । तिन वाक्य छ वाक्य र चार वाक्य गरी तेह्र वाक्यमा संरचित यो कविताका वाक्यहरू तिन शब्ददेखि सात शब्दसम्मले बनेका छन् । पठनकाल करिब एक मिनेट रहेको यो कविता लघु आयाममा संरचित छ । ुरहरहरू कविता तिनवटा अनुच्छेदमा पूर्ण भएको छ । पाँच वाक्यदेखि नौ वाक्यसम्मका अनुच्छेद विस्तार रहेको यस कविताका वाक्यहरू दुई शब्ददेखि पाँच शब्दसम्मले बनेका छन् । पठनकाल करिब डेढ मिनेट रहेको यो कविता पनि लघु आयाममै संरचित छ । ुएक्लो जीवनू कविता एउटै अनुच्छेदमा पूर्ण भएको छ । उन्नाइसवटा वाक्यहरूमा संरचित यस कविताका वाक्यहरू एक शब्ददेखि छ शब्दसम्मका रहेका छन् । एक शब्दे वाक्यको आधिक्य रहेको यस कविताको पठनकाल करिब डेढ मिनेट रहेको छ । यो कविता पनि लघु आयाममै संरचित छ । ुसाटिएका घाउहरू कविता तिनवटा अनुच्छेदमा संरचित छ । पहिलो अनुच्छेद सात वाक्य, दोस्रो अनुच्छेद तेह्र वाक्य र तेस्रो अनुच्छेद वाक्य रहेको यस कविताका वाक्यहरू एक शब्ददेखि चार शब्दसम्मले बनेका छन् ।

**(ङ) कथन पद्धति**

उल्लिखित कविताहरूमध्ये ुघण्टाघरू, अपमानू र ुसाटिएका घाउहरू बाह्य कथन पद्धतिलाई आगालेर लेखिएको छ । यी कवितामा समाख्याता कविताभन्दा बाहिरै बसेर कविता प्रस्तुत गरेको छ । अतः यी कवितामा कविनिबद्धवक्तृप्रौढोक्ति कथन शिल्पको प्रयोग भएको छ । ुरहरू र ुएक्लो जीवनू कवितामा समाख्याता म पात्रका रूपमा कवितामा स्वयं उपस्थित भएको छ । अतः यी कवितामा आन्तरिक कथन पद्धति वा कविप्रौढोक्ति कथन पद्धति रहेको छ । विषयवस्तुतलाई निरपेक्ष रूपमा प्रस्तुत गर्न तथा प्रभावकारी अभिव्यक्ति शैलीको सिर्जना गर्न यी दुई कथन पद्धतिहरू निर्धारित कवितामा सफल भएका छन् ।

**(च) भाषाशैली र विम्बालङ्कार**

उल्लिखित कविताहरू अत्यन्त सहज र सरल किसिमको भाषिका शैली आगालेर लेखिएको छ । सरल किसिमका भाषाको कारण कविता संवेद्य र बोद्य बनेको छ । कहि पनि भाषिक जटिलताको अनुभव पाठकले गर्नुपर्ने स्थिति छैन । प्रचलित किसिमका तत्सम, नेपाली

जनजीवनका प्रचलित विविध पक्षबाट टिपिएका कतिपय झर्रा शब्दसहितका तत्भव भाषिका पद पदावली आदिले कवितको भाषिका विविधततामा वृद्धि गरेको छ । विचलनयुक्त काव्य भाषा, अनुप्रास, अलङ्कार अर्थालङ्कारसाग सम्बद्ध भाषिक प्रयोगले काव्यको भाव रमणीयतामा वृद्धि गरेको छ । घण्टाघरले जीवनको सेकेन्ड सेकेन्डमा ताली बजाइ रहेछ पृ. १००), उदेक लाग्दा रहरहरू पृ. १०२), जस्ता विचलनयुक्त वाक्य र भाषिक प्रयोग तथा धराहरा जस्तै अग्लो हुन्छ, सागर जस्तै गहिरो हुन्छ वेदनाको दुखाइ (पृ. १०४) दृष्टान्त अलङ्कार, बेवारिसे चोटहरू मनभित्रै मक्किसके (पृ. १०४) अत्युक्ति अलङ्कार जस्ता अलङ्कारले कविताको भाव रमणीयतामा वृद्धि गरेको छ ।

## ४.४ निष्कर्ष

प्रस्तुत परिच्छेदमा खिमानन्द पोखरेलको कृतित्त्वसाग सम्बद्ध पक्षहरूको चर्चा गरिएको छ । उनका हालसम्म प्रकाशित फुटकर तथा पुस्तकाकार कृतिको परिचय दिई कवितासङ्ग्रह् मनका सुस्केरा् को विधातात्त्विक अध्ययन गरिएको छ । कविता विधाका विधातत्त्वसाग सम्बन्धिति सैद्धान्तिक आधारहरूलाई प्रस्तुत गरी तिनै आधारहरूको उपयोग गरी विश्लेषण गरिएको छ । कविताको सैद्धान्तिक आधार अन्तर्गगत शीर्षक विधान, लय सौन्दर्य, केन्द्रीय कथ्य वा भाव विचार, संरचना र आयाम, कथन पद्धति, भाषाशैली र विम्बालङ्कारलाई प्रस्तुत गरिएको छ । यिनै तत्त्वहरूको उपयोग कविताका विश्लेषणका क्रममा गरिएको छ । प्रस्तुत कविता सङ्ग्रहका कविताका शीर्षकहरू विषयवस्तुसाग सम्बद्ध छन् । मूलतः विषयवस्तुका आधारमा शीर्षक राखिएका हुनाले कथ्य र शीर्षकका बिचमा उपयुक्त तालमेल भई प्रभावकारी ठहरिएका छन् । यस कविता सङ्ग्रहका कविताहरू आन्तरिक लय ढााचा वा गद्य लय ढााचामा लेखिएका छन् । अनुप्रास अलङ्कार र तुकबन्दीका कारण कविता बढी लयातमक हुन पुगेका छन् । प्रस्तुत कविता सङ्ग्रहका कवितामा जीवन र जगत्साग सम्बद्ध अनेकन सन्दर्भहरू विषयका रूपमा आएका छन् । राष्ट्रियता, देशभक्ति, पर्यावरण, मनका सुखदुःख, इतिहास, समाज आदि यी कवितामा विषय वा कथ्य सन्दर्भ बनेर आएका छन् । यस कविता सङ्ग्रहका कविताहरू लघु आयाममा संरचित छन् । करिब एक मिनेटदेखि तिन मिनेटसम्म पठनकाल रहेका यी कविता अत्यन्त आकर्षक संरचनामा संरचित छन् । निश्चित लमाइ र चौडाइका शब्द, वाक्य र अनुच्छेद योजनाले कवितालाई संरचनात्मक पुष्टता प्रदान गरेको छ । यस कविता सङ्ग्रहका कवितामा आन्तरिक र बाह्य दुवै कथन पद्धतिको उपयोग भएको छ । कविप्रौढोक्ति र

कविनिबद्ध वक्तृप्रोढोक्ति दुवै कथन पद्धति रहेका यी कवितामा कथन पद्धतिगत प्रभापकारिताको निर्वाह भएको छ । सरल, सहज, हार्दिक ललित किसिमका हृदय संवेद्य भाषिक प्रयोगले कविताको आश्वादनमा प्रभावकारिता थपेको छ ।  प्रचलित किसिमका तत्सम शब्द, नेपाली जीवनमा भिजेका झर्रा शब्दहरूको प्रयोगले भाषिक विविधतामा वृद्धि भएको छ । जीवन र जगत्बाट टिपिएका अनेक विम्ब, अलङ्कार आदिको प्रयोगले कविताको भाव रमणीयतामा वृद्धि भई प्रभावकारिता समेत थपिएको छ । यी सबै पक्षको मूल्याङ्कनबाट पोखरेलको कवित्व सफल रहेको निष्कर्ष निकाल्न सकिन्छ ।

# परिच्छेद पाच

# सारांश र निष्कर्ष

## ५.१ विषय प्रवेश

प्रस्तुत परिच्छेदमा शोधको सारांश र निष्कर्ष प्रस्तुत गरिएको छ । सारांश अन्तर्गत सम्पूर्ण शोधको परिच्छेदगत सारांश प्रस्तुत गरिएको छ । निष्कर्ष अन्तर्गत शोध प्रश्नसाग सम्बन्धित भएर निष्कर्ष प्रस्तुत गरिएको छ ।

## ५.२ सारांश

प्रस्तुत शोधको पहिलो परिच्छेदमा शोध परिचय अन्तर्गत शोधसाग सम्बद्ध पक्षलाई उल्लेख गरिएको छ । विषय परिचय अन्तर्गत शोध पक्षको परिचय दिइएको छ । विषय परिचय अन्तर्गत शोध शीर्षकसाग सम्बन्धित भएर शोध जिज्ञासाहरू प्रस्तुत गरिएको छ । उद्देश्य अन्तर्गत प्रस्तुत शोध कार्यको उद्देश्यहरू उल्लेख गरिएको छ । पूर्वकार्यको समीक्षामा प्रस्तुत शोध कार्यसाग सम्बन्धित भएर गरिएका विभिन्न पूर्वकार्यहरूको विश्लेषण गरिएको छ । शोधको औचित्य र महत्त्व अन्तर्गत प्रस्तुत शोध कार्यको महत्त्व र यसले दिने प्राज्ञिक योगदानको चर्चा गरिएको छ । शोधकार्यको सीमाङ्कन अन्तर्गत शोध कार्यले ओगटेका क्षेत्रहरू तथा शोधको परिसीमा निर्धारण गरिएको छ । शोध विधि अन्तर्गत प्रस्तुत शोध कार्य समन्वय गर्नका लागि अपनाइएका तरिका तथा पद्धतिहरूको चर्चा गरिएको छ । यस अर्न्तगत सामग्री सङ्कलन तथा विश्लेषण विधिको चर्चा गरिएको छ । शोधको रूपरेखा अन्तर्गत प्रस्तुत संरचनात्मक सङ्गठन र स्वरूपको उल्लेख गरिएको छ ।

प्रस्तुत शोधको दोस्रो परिच्छेदमा खिमानन्द पोखरेलको जीवनी प्रस्तुत गरिएको छ । खिमानन्द पोखरेलको जीवनसाग सम्बन्धित अनेक पक्षहरूलाई यस परिच्छेदमा व्यवस्थित रूपमा प्रस्तुत गरिएको छ । यस परिच्छेदमा पोखरेलको जन्म, जन्मस्थान, पुर्ख्यौली, बाल्याबस्था, शिक्षादीक्षा, विबाहको जानकारी दिइएको छ । त्यसैगरी उनको दाम्पत्य जीवन, सन्तान, पारिवारिक संयोग र वियोगको समेत जानकारी दिइएको छ । यस परिच्छेदमा पोखरेलको सामाजिक जीवन, साहित्यिक लेखन र प्रकाशन, उनले विभिन्न स्थानमा गरेका भ्रमणहरू, उनले प्राप्त गरेका सम्मानहरूको पनि चर्चा गरिएको छ ।

पोखरेलका रुचि र स्वाभावहरू, उनको जीवनसम्बन्धी मान्यता, उनले प्राप्त गरेका प्रभाव र प्रेरणा आदि पक्षहरूलाई प्रस्तुत परिच्छेदमा समेटिएको छ ।

प्रस्तुत शोधको तेस्रो परिच्छेदमा खिमानन्द पोखरेलको व्यक्तितत्त्व प्रस्तुत गरिएको छ । यस परिच्छेदमा पोखरेलका व्यक्तित्त्वका विविध पाटाहरूलाई चित्रण गरिएको छ । यस अन्तर्गत उनको शारीरिक व्यक्तित्व, उनको स्वभाव प्रस्तुत गरिएको छ । साहित्येतर व्यक्तित्व अन्तर्गत उनको प्रशासनिक व्यक्तित्व, शिक्षक व्यक्तित्व, बहुभाषी व्यक्तित्व, सामाजिक व्यक्तित्व, सम्वाहक व्यक्तित्वहरूको चर्चा गरिएको छ । त्यस्तै यसै परिच्छेदमा उनको साहित्यिक व्यक्तित्वको चर्चा गरिएको छ । साहित्यिक व्यक्तित्व अन्तर्गत उनको मूलतः कवि व्यक्तित्वको चर्चा गरिएको छ । यसका अतिरिक्त उनका फुटकर रूपमा प्रकाशित भएका विभिन्न रचनाका आधारमा निबन्धकार, नाटककार, समालोचक आदि व्यक्तित्वको चर्चा गरिएको छ ।

प्रस्तुत शोधको चौथो परिच्छेदमा खिमानन्द पोखरेलको कृत्तित्वको चर्चा गरिएको छ । कृतित्त्व अन्तर्गत उनका सम्पूर्ण रचनाहरूका विवरण तिनका विधा र प्रकाशन मिति प्रस्तुत गरिएको छ । यसै परिच्छेदमा खिमानन्द पोखलद्वारा रचित मनका सुस्केरा कविता सङ्ग्रहको विश्लेषण गरिएको छ । यस सङ्ग्रहमा रहेका ५८ वटा कविताहरूलाई कविता विश्लेषणको आधार विधातत्त्वको उपयोग गरिएको छ । विधा तत्त्व अन्तर्गत शीर्षक, लय, केन्द्रीय कथ्य, संरचना र आयाम, कथनपद्धति, भाषाशैली एवम् विम्बालङ्कारको आधारमा कविताको विश्लेषण गरिएको छ । यस कविता सङ्ग्रहका कविताहरू वस्तु पक्ष र शिल्प पक्ष दुवैका दृष्टिले उपयुक्त रहेका छन् ।

प्रस्तुत शोधको पाचौा परिच्छेदमा सारांश र निष्कर्ष प्रस्तुत गरिएको छ । सारांश अन्तर्गत प्रस्तुत शोधको परिच्छेदगत सारांशलाई प्रस्तुत गरिएको छ । पहिलो परिच्छेददेखि पाचौा परिच्छेद सम्मका सारलाई यस परिच्छेदमा निचोडका रूपमा प्रस्तुत गरिएको छ । निष्कर्षअन्तर्गत शोध प्रश्नसाग सम्बन्धित भएर प्राप्त भएका निष्कर्ष सारलाई प्रस्तुत गरिएको छ ।

## ५.३ निष्कर्ष

खिमानन्द पोखरेलको जीवनी, व्यक्तित्त्व र कृतित्त्वसाग सम्बन्धित भई सम्पन्न भएको प्रस्तुत शोधकार्यले पोखरेलका जीवनी, व्यक्तित्व र कृतित्त्व अन्तर्गतका बहुविध पाटाहरूलाई उजागर गरेको छ । प्रस्तुत कार्यमा उनको जीवनी र व्यक्तित्व पक्ष र त्यसैसाग जोगिएर आएको कृतित्त्व पक्षको उद्घाटन गरिएको छ । उनको जीवनी र व्यक्तित्त्व पक्ष गएर कलात्मक सिर्जनामा जोडिएको छ । त्यो सिर्जना मूलतः कवि व्यक्तित्व हो । उनको कवित्व जीवनी र व्यक्तित्त्वबाट प्रभावित छ । बाल्यकालमा उनको साहित्यिक रचनाको बीजका रूपमा जुन पृष्ठभूमि प्राप्त गरे, बाल मष्तिष्कमा जुन वातावरणको सौन्दर्य अङ्कित भयो त्यो नै सिर्जनाको आधार बनेको छ । अतः उनको जीवनी, व्यक्तित्त्व र कृतित्त्वबाट प्राप्त निष्कर्षलाई निम्नलिखित बुादामा उल्लेख गर्न सकिन्छ :

क) गुल्मी जिल्लाको पराल्मी गाउामा वि.सं. २०१८ माघ ११ मा जन्मेका पोखरेलको जीवनीसाग सम्बद्ध पारिवारिक पृष्ठभूमि, प्रणय सम्बन्ध त्यसपछिको दाम्पत्य जीवन, जन्मस्थान र त्यहााको पर्यावरणजस्ता पक्षहरूले व्यक्तित्त्व विकास गरी त्यसै अनुसारको साहित्यिक पृष्ठभूमि तयार पारेको छ । त्यसकै आधारमा उनका कृतित्त्व निर्धारित छ ।

ख) पोखरेलको व्यक्तित्त्व अन्तर्गत उनको गम्भीर र भद्र स्वाभाव, एकान्तप्रियता, अन्तर्मुखीपन, प्राकृतिक सौन्दर्यप्रियता, बहुभाषी व्यक्तित्त्व, अध्ययनशील पक्ष, स्वदेश र विदेशी सहित्यबाट प्राप्त प्रभाव प्रेरणा र साहित्यप्रतिको निजी चिन्तनद्वारा उनको कृतित्त्व प्रभावित बनाएको छ ।

ग) पोखरेलको कृतित्त्व अनेक विधामा विभक्त भए पनि पुस्तकाकार रूपमा एक मात्र साहित्यिक कृति प्रकाशित छ । फुटकर रूपमा उनका अनेक विधामा रचनाहरू प्रकाशित भए तापनि हालसम्म उनको कृतित्त्वको समाहार कवितामा भएको छ । ुमनका सुस्केरा कविता सङ्ग्रह नै उनको कृतित्त्वको प्राप्ति हो ।

घ) ुमनका सुस्केरा कविता सङ्ग्रह वस्तु विधान र शिल्प विधानका दृष्टिले उपयुक्त छ । विभिन्न विषयलाई वरण गरी त्यसको कलात्मक अभिव्यक्ति कवितामार्फत् दिइएको छ । अत्यन्त सचेत रूपमा वनस्पति जगत् र पक्षी जगत्लाई कवितामा वर्ण्य विषय बनाई पर्यवरणीय विषयको प्रतिपादन गर्ने जुन काम यस कविता सङ्ग्रहमा कविबाट भएको छ । त्यो उनको कृतित्त्वको प्राप्ति हो ।

ङ)	पर्यावरणीय विषय सागसागै सचेत रूपमा राष्ट्रियता, देशप्रेम, जातीय गौरव, मानवीय मन, स्खलित मानवीय मूल्य, संस्कृति आदि जस्ता जीवन र जगत्का अनेकन पक्षसाग परिचित भई तिनको कलात्मक अङ्कन आˆना कवितामा गर्न सक्नु उनको शक्ति हो । यो नै प्रस्तुत कविता सङ्ग्रहको वस्तुविधानमा पाइने मुख्य विशेषता हो ।

च)	सरल शब्द योजना, छोटाछोटा पदावली, वाक्यहरूको कलात्मक अन्तर्गुम्फन जस्ता भाषिक विशेषता पाइने उनको कवित्वमा सहज किसिमका विम्ब र प्रतीकहरूको प्रयोग भएको छ । सामान्य पाठकले पनि बुझ्ने उनका कविता आन्तरिक लयका कारण आश्वाद्य छन् । गद्य कविता भएर पनि तुकवन्दी र अनुप्रास अलङ्कारको विन्यासका कारण अन्तसङ्गीतमय र लयात्मक गुणले ओतप्रोत छन् । यस अर्थमा वस्तु र शिल्प दुवैको कलात्मक सफल र प्रभावकारी रहेको छ ।

# सन्दर्भ सामग्री सूची


चापागाइा, नरेन्द्र र दधिराज (२०५२) सुवेदी *काव्य समालोचना.* विराटनगरः पूर्वाञ्चल साहित्य प्रतिवठान ।

त्रिपाठी, वासुदेव (२०३२), *नेपाली कविताको सिंहावलोकन.* ललितपुरः साझा प्रकाशन ।

त्रिपाठी, वासुदेव र अन्य (२०४६) *नेपाली कविता भाग ४.* ललितपुरह् साझा प्रकाशन ।

थापा, हिमांशु (२०४२) *साहित्य परिचय.* ललितपुरः साझा प्रकाशन ।

पोखरेल, खिमानन्द (२०६९) *मनका सुस्केरा.* ठाउा बेगरः कल्पना पोखरेल ।

प्रश्रित, मोदनाथ (२०६९) “आधा बाटो यात्रा त बााकी नै छ नि Û” *मनका सुस्केरा.* ले. खिमानन्द पोखरेल. ठाउा बेगरः कल्पना पोखरेल ।

बन्धु, चूडामणि, (२०४३) *साझा कविता* चौ.सं. ललितपुरः साझा प्रकाशन ।

भण्डारी, पारसमणि र माधव प्रसाद पौडेल (२०६६) *नेपाली कविता र काव्य.* काठमाडौाः विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, चेतना (२०६९) “नेपाली साहित्यमा हिमाली गुरास पत्रिकाको योगदान”. अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि. वि. नेपाली केन्द्रीय विभाग ।

लुइटेल, खगेन्द्रप्रसाद (२०६९) “पीडैपीडाको कवितात्मक अभिव्यञ्जना”. *मनका सुस्केरा.* ले खिमानन्द पोखरेल. ठाउाबेगरः कल्पना पोखरेल ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल (२०५२) *शोधविधी.* ललितपुरः साझा प्रकाशन ।